# कागेश्वरी मनोहरा नगरपालिकाको अमूर्त सम्पदाको अध्ययन

## कागेश्वरी मनोहरा नगरपालिका

## नगरपालिकाको कार्यालय, डाँछी, काठमाडौ

## समक्ष प्रस्तुत

# अनुसन्धान प्रतिवेदन


प्रस्तोता

नेपाल प्राज्ञिक अनुसन्धान केन्द्र

बागबजार, काठमाडौ

सम्पर्कः

गीता कार्की (९८५१००९४७३)

डा. भक्त राई (९८५१०३६१३३)

शुभ मुकारुङ (९८४१२३८१९५)

# कृतज्ञता ज्ञापन

काठमाडौ जिल्लामा पर्ने कागेश्वरी मनोहरा नगरपालिका सांस्कृतिक तथा प्राकृतिक रूपमा अत्यन्त सम्पन्न एवम् विकासको दृष्टिले ठुलो सम्भावना बोकेको नगरपालिका हो । यहाँ बसोबास गर्ने विभिन्न जातजाति र उनीहरूले अवलम्बन गर्ने विभिन्न प्रकारका सांस्कृतिक परम्पराहरू लोप हुनु भनेको ती जातजातिको धर्म, परम्परा, इतिहास, भूगोल, भाषा, साहित्य तथा जातीय पहिचान नै लोप हुनु हो । किनभने कुनै पनि जाति, वर्ग वा समुदायको संस्कृतिभित्र भाषा, साहित्य, दर्शन, परम्परा, धर्म, चालचलन, इतिहास, भूगोल आदि समग्रताको विवरण प्राप्त गर्न सकिन्छ, त्यसैले संस्कृति मानिसको पहिचान हो । कागेश्वरी मनोहरा नगरपालिका बसोबास गर्ने विभिन्न जातजातिको सांस्कृतिक सम्पदाहरुको अध्ययन, अनुसन्धान, पहिचान तथा संरक्षण गर्ने दायित्व स्थानीय सरकारको पनि हो । भौतिक विकासले मात्र समाज, समुदाय र राष्ट्रको समृद्धि हुँदैन । नेपालमा बसोबास गर्ने १४२ जातजाति ( राष्ट्रिय  जनगणना २०७८ अनुसार) र तिनले अवलम्बन गर्ने विभिन्न प्रकारका सांस्कृतिक परम्पराहरू भनेको नेपालको चिनारी हो । नेपाल भौगोलिक रूपमा र जनसङख्याको हिसाबले सानो भए तापनि सांस्कृतिक हिसाबले सम्पन्न मुलुक हो । नेपाली संस्कृतिको प्रमुख विशेषता भनेको बहुजाति एवं बहुलसंस्कृति हो । नेपालमा बसोबास गर्ने विभिन्न जातजातिको संस्कृतिहरू लोप हुनु हो भनेको नेपालकै पहिचान लोप हुनु हो त्यसैले नेपालको प्रमुख दायित्व भनेको राष्ट्रिय पहिचान बोकेको नेपाली संस्कृतिको संरक्षण गर्नु हो । त्यसैले कागेश्वरी मनोहरा नगरपालिकामा बसोवास गर्ने विभिन्न जातजातिमा प्रचलित संस्कृतिहरूको अवस्था के कस्तो छ ? त्यो संस्कृतिहरूलाई संरक्षण गरी सांस्कृतिक, धार्मिक पर्यटन र आर्यआर्जनसँग जोडेर यस पालिकालाई कसरी समृद्धशाली बनाउन सकिन्छ ? यस नगरपालिकााभित्र रहेका सांस्कृतिक सम्पदाहरुहरूको समुचित उपभोग गरी कसरी ती सम्पदाहरुहरूलाई विकासका आधार बनाउन सकिन्छ ? आदि विषयको खोज अध्ययन गर्ने उद्देश्यले हामीले यस कागेश्वरी मनोहरा नगरपालिकाको प्रमुख उपेन्द्र कार्कीज्यूलाई यस अध्ययन परियोजनाको प्रस्ताव गरेका थियौं । उहाँले यस परियोजनाको महत्वलाई हृदयङ्गम गरेर तत्कालै सहमति जनाउनु भयो । यसरी कागेश्वरी मनोहरा नगरपालिकाको प्रमुख उपेन्द्र कार्कीज्यूको संस्कृति, अध्ययन, अनुसन्धानप्रतिको रुचि र यसको महत्वबारेको  बुझाइको कारण यो अध्ययनको जन्म हुन पुग्यो । यसका लागि कागेश्वरी मनोहरा नगरपालिकाको प्रमुख उपेन्द्र कार्कीज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछौं । यसरी नै कागेश्वरी मनोहरा नगरपालिकाकी उपप्रमुख शान्त थापाज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछौं । यसरी नै कागेश्वरी मनोहरा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत पुरुषोत्तम सुवेदीज्यू, कागेश्वरी मनोहरा नगरपालिका अध्ययन तथा अनुसन्धान शाखाकी प्रमुख सङगीता घिमिरेज्यू तथा सम्पूर्ण कर्मचारीज्यूप्रति पनि हार्दिक धन्यवाद दिन चाहन्छौं । हामीलाई आआफ्नो वडाको विवरण दिएर तथा स्थलगत अध्ययनका क्रममा समेत विभिन्न प्रकारको सहयोग गर्नुहुने वडाध्यक्षज्यूहरू, विभिन्न जातिका अगुवाहरू, पुजारीहरु, लामा, पास्टरहरु तथा मन्दिर व्यवस्थापन समितिका पदाधिकारीहरु, संस्कृतिकर्मीहरू लेखक तथा अनुसन्धानहरू **लगायत** सम्पर्ण सहयोगी आदरणीयमहानुभाव प्रति आभार व्यक्त गर्दछौ । यसरी नै अन्य आबश्यक सहयोग गनुहुने सम्पुर्ण सुचना दाताहरुलाई पनि हार्दिक धन्यबाद सहित सम्मान प्रदान गर्न चाहान्छौ ।

गीता कार्की

डा. भक्त राई,

शुभ मुकारुङ

# अध्याय एक :

# अनुसन्धानको परिचय

## १.१ विषयपरिचय

वस्तुतः संस्कृति भनेको मानिसले जीविकोपार्जन गर्ने क्रममा परम्परागत रुपमा सिक्दै र भोग्दै आएको जीवनशैली वा जीवनपद्धति हो । सामान्यतः रीतिथिति, परम्परा, वेशभूषा, खानपान, चाडपर्व, आस्था, विश्वास, नाचगान, धर्मकर्म, सीपकला, कथा-गाथा आदिलाई मात्र संस्कृतिको रुपमा बुझ्ने गरिन्छ । तर संस्कृतिले व्यापक क्षेत्र ओगाटेको छ । कुनै पनि जाति, वर्ग र समुदायले परापूर्व कालदेखि अनवरत रुपमा अवलम्बन गर्दै आएको, अङ्गीकार गर्दै आएको समग्र क्रियाकलापको समष्टि रुप नै वास्तवमा संस्कृति हो । संस्कृति दुई प्रकारका छन् - मूर्त तथा अमूर्त संस्कृति (Tangible and Intangible) जसलाई भौतिक तथा अभौतिक संस्कृति पनि भन्न सकिन्छ । मूर्त संस्कृतिभित्र भौतिक वस्तुहरु (देख्न र छुन सकिने) मस्जिद, मन्दिर, गुम्बा, विहार, घर, मेशीन, हातहतियार, पाटी, पोखरी, खेलमैदान, आदि मानव निर्मित वस्तुहरु पर्दछन् भने अमूर्त संस्कृतिभित्र अभौतिक वस्तुहरु (देख्न र छुन नसकिने तर आश्वादन र अनुभव गर्न सकिने) भाषा, साहित्य, धर्म, दर्शन, विचार, आस्था, मूल्य, मान्यता, सीप, कला, जात्रा/उत्सव, गीत-सङ्गीत आदि अमूर्त वा अभौतिक वस्तुहरु पर्दछन् ।

अमूर्त सांस्कृतिक सम्पदा संरक्षणसम्बन्धी महासन्धि सन् २००३ मा : 'अमूर्त सांस्कृतिक सम्पदा' भन्दाले प्रचलनहरु, प्रतिनिधिहरु, अभिव्यक्तिहरु, ज्ञान, सीपहरु साथसाथै साधनहरु, वस्तुहरु, कला वस्तुहरु र त्यससँग जोडिएका सांस्कृतिक स्थलहरु, जसलाई ती समुदायहरु, समूहहरु तथा कतिपय अवस्थामा व्यक्तिहरु समेतले सांस्कृतिक सम्पदाको अंगको रुपमा चिनारी गरिरहेका हुन्छन् तिनलाई बुझ्नु पर्दछ' भनी परिभाषित गरिएको छ ।

यसरी नै महासन्धिले अमूर्त सांस्कृतिक सम्पदा सूचीलाई निम्न विधाहरुमा समेटेको छ -

क. अमूर्त सांस्कृतिक सम्पदाको संवाहकको रुपमा भाषासहितका मौखिक परम्पराहरु तथा अभिव्यक्तिहरु,

ख. अभिनय कलाहरु,

ग. सामाजिक व्यवहारहरु, अनुष्ठानहरु तथा चाडपर्वका उत्सवहरु,

घ. प्रकृति र ब्रह्माण्डसँग सम्बन्धित ज्ञान तथा व्यवहारहरु,

ङ. परम्परागत कलाकौशलता ।

यसरी संस्कृतिलाई मूत र अमूर्त गरि प्रमुख दुई हाँगामा वा खण्डमा विभाजन गरेर अध्ययन गरिन्छ । धर्म, दर्शन, चिन्तन, मनन, प्रार्थना, भक्ति आदि मानवका आध्यात्मिक कृयाकलापहरु अभौतिक संस्कृति अर्थात् अमूर्त संस्कृतिभित्र पर्दछन ।

धर्म के हो ? भन्ने सम्बन्धमा विश्वमा विभिन्न समयमा विभिन्न धर्मशास्त्र तथा विद्वान्हरूको विभिन्न प्रकारका विचारहरू पाइन्छन् । (नेपाली शब्दसागर, २०५८) मा धर्मलाई व्यक्ति वा वस्तुको मूल वृत्ति, प्रवृत्ति, प्रकृति, स्वभाव, नियत, नीति, स्वाभाविक गुण, सहज वृत्ति, श्रेय, सुकृत, नियमित र निर्धारित काम वा व्यवहार, सुख, स्वर्ग प्राप्त हुने भन्ने लोकविश्वासको सुकर्म, पुण्य कर्म लोकहितका लागि स्वीकारिने कर्तव्य, कर्म, सदाचार, सत्कर्म, ईश्वर प्राप्ति वा सत्गतिका लागि शास्त्रविहीन कर्म, स्वधर्म, सामूहिक कर्तव्य, कुनै मान्यजन वा महापुरुष वा आचार्य वा ऋषि वा ग्रन्थनिर्दिष्ट परलोक-सुख प्राप्ति हुने उत्तम कार्य, गुण, परिणाम स्थिति आवश्यकता अनुसार सर्वथा उचित ठहरिने काम, उचित अनुचितको विवेक गर्न सक्ने चित्तवृत्ति, परोपकार कुनै महात्मा वा महापुरुषद्वारा प्रतिपादित सिद्धान्त भनेर उल्लेख गरिएको पाइन्छ । यसै गरी ‘धर्म’ सम्बन्धमा लक्ष्मी सिन्हा (सन् १९९८:१) का अनुसार “धर्म” शब्द “धृ” धातुबाट बनेको हो, जसको शाब्दिक अर्थ हो “धारण गर्नु” । भारतीय मनीषीहरूले धर्मको परिभाषा के बताएका छन् भने “धारयते जैनरिती धर्मः” अर्थात् मनुष्यले जसलाई “धारणाको” रूपमा “धारण” गरेर आचरणमा उतार्छ त्यसैलाई धर्म भनिन्छ ।

संस्कृति मानवद्वारा निर्मित मानवमात्रले अवलम्बन गर्ने भौतिक तथा अभौतिक क्रियाकलाप हो । संस्कृति भनेको मानिसले जीविकोपार्जन गर्ने क्रममा परम्परागत रुपमा सिक्दै र भोग्दै आएको जीवनशैली हो । संस्कृति कि त कर्मसङ्ग सम्बन्धित छन् कि त धर्मसङ्ग सम्बन्धित छन् । त्यसैले संस्कृति मानिसको जीवनशैली हो भने धर्म संस्कृतिको प्राण हो । कुनै पनि धर्मभित्र मानिसको आस्था, विश्वास, मूल्य र मान्यताहरु प्रतिबिम्बित भएका हुन्छन् । त्यसैले धर्म मानिसको आत्मा हो चिन्तन र चेतनाको केन्द्र हो । यही तथ्यलाई मध्यनजर गरेर प्रस्तुत अध्ययनमा कागेश्वरी मनोहरा नगरपालिकाभित्र अवस्थित धार्मिक, सांस्कृतिक सम्पदाहरुको

खोज अनुसन्धान गरी ती महत्वपूर्ण सांस्कृतिक सम्पदाहरुको सांस्कृतिक परिचय प्रस्तुत गरिएको छ ।

नेपाल बहुजाति, बहुसंस्कृति सम्पन्न मूलक हो । यहाँ बसोबास गर्ने विभिन्न जातिका आ-आफ्नै प्रकारका भाषा, साहित्य, संस्कार, संस्कृति, चिन्तन तथा जीवनपद्धति छन् । ती विभिन्न प्रकारका मूर्त तथा अमूर्त संस्कृति तथा जीवनपद्धति उनीहरूका मात्र नभई राष्ट्रकै सम्पत्ति हुन् । त्यसैले नेपालका यी विभिन्न प्रकारका सांस्कृतिक विविधता भनेको नेपालको सम्पत्ति मात्र नभएर पहिचान समेत हो । यहाँ बसोबास गर्ने विभिन्न जातजातिमा प्रचलित संस्कृतिहरूको अवस्था के कस्तो छ ? ती संस्कृतिहरूलाई संरक्षण गरी सांस्कृतिक, धार्मिक पर्यटन र आर्यआर्जनसँग जोडेर नेपाललाई कसरी समृद्धशाली बनाउन सकिन्छ ? नेपालमा रहेका प्राकृतिक स्रोत, साधनहरूको समुचित उपभोग गरी कसरी ती स्रोत साधनहरूलाई विकासका आधार बनाउन सकिन्छ ? आदि विषयको खोज अध्ययन हुन आवश्यक छ । त्यसैले नेपालमा बसोवास गर्ने विभिन्न जातजातिका सांस्कृतिक बैभवलाई बचाउन नसके नेपालकै पहिचान लुप्त हुने हुँदा नेपालका सांस्कृतिक सम्पदालाई बचाउन अपरिहार्य आवश्यक देखिन्छ ।

नेपालको संविधानले तीनवटा सरकारको व्यवस्था गरेको छ । संघीय सरकार वा केन्द्रीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार । यी तीनवटै सरकारले आफ्ना क्षेत्रमा आवश्यकताको आधारमा संस्कृति नीतिनिर्माण गर्न सक्ने संवैधानिक अधिकारसमेत भएको हुँदा स्थानीय गाँउपालिका, नगरपालिकाहरूले पनि आ-आफ्नो आवश्यककता र अवस्थाअनुसार संस्कृति नीति बनाई संस्कृतिलाई संरक्षण गर्ने दायित्व हुन्छ । त्यसकारण यस प्रकारको अध्ययनले सम्बन्धित क्षेत्रको संस्कृतिको अध्ययन, अनुसन्धान गरी सम्बन्धित क्षेत्रको सांस्कृतिक संरक्षण गर्न ठुलो सहयोग गर्ने हुँदा यस प्रकारको अध्ययनको ठूलो महत्व हुन्छ । प्रस्तुत अध्ययनमा काठमाडौ जिल्लामा पर्ने कागेश्वरी मनोहरा नगरपालिकाभित्र अवस्थित अमूर्त सांस्कृतिक सम्पदाहरुको खोज अनुसन्धान गरिएको छ । यस नगरपालिकाभित्र कुनकुन वडामा कुनकुन जाति, वर्ग र समुदायसङ्ग सम्बन्धित सांस्कृतिक, धार्मिक सम्पदाहरु छन् ?, ती सम्पदाहरुको वर्तमान अवस्था कस्तो छ ? ती सम्पदाहरुलाई कसरी पर्यटन, स्वरोजगार र आय आर्जनसङ्ग जोडेर यस कागेश्वरी मनोहरा नगरपालिकालाई समृद्धशाली बनाउन सकिन्छ भन्ने खोज अन्वेषण गरिएको छ ।

## १.२ अध्ययनको महत्व

यस अध्ययनको महत्वलाई छोटकरीमा बुँदागत रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

● प्रस्तुत अनुसन्धानको आधारमा कागेश्वरी मनोहरा नगरपालिकाको सबै वडामा कुनकुन वडामा कुनकुन जाति, वर्ग र समुदायसङ्ग सम्बन्धित सांस्कृतिक, धार्मिक सम्पदाहरु छन् ? ती सम्पदाहरुको  अवस्थितिको बारेमा जानकारी प्राप्त भएको छ ।

● प्रस्तुत अनुसन्धानको आधारमा कागेश्वरी मनोहरा नगरपालिकामा बसोवास गर्ने विभिन्न जातजातिको धर्म संस्कृतिबारे जानकारी प्राप्त भएको छ ।

● प्रस्तुत अनुसन्धानको आधारमा युनेस्कोको स्थापना र संस्कृति संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको बारेमा जानकारी प्राप्त भएको छ ।

● प्रस्तुत अनुसन्धानको आधारमा स्थानीय शिक्षा नीति निर्माण गर्न, पाठ्यक्रम निर्माण गर्न, कागेश्वरी मनोहरा नगरपालिकाको वृतचित्र निर्माण गर्न, कागेश्वरी मनोहरा नगरपालिकाको योजनाहरु तर्जुमा गर्न आधार भएको छ ।

● प्रस्तुत अनुसन्धानको आधारमा कागेश्वरी मनोहरा नगरपालिकाले संस्कृति, पर्यटन,स्वरोजगार र आयआर्जनको लागि कुनकुन क्षेत्रमा लगानी गर्न उपयुक्त हुन्छ । जस्तैः कहाँ मन्दिर बनाउने, कहाँ गुम्वा बनाउने, कहाँ माङखिम बनाउने? कहाँ संग्रहालय बनाउने, कहाँकहाँ होमस्टे सञ्चालन गर्ने, कहाँ सांस्कृतिक, धार्मिक पर्यटन र विकासको पूर्वाधार निर्माण गर्ने आदि कार्यको लागि महत्वपूर्ण आधार भएको छ ।

● कागेश्वरी मनोहरा नगरपालिकामा अवस्थित धार्मिक, सांस्कृतिक, सम्पदाहरुलाई आर्थिक उपार्जनसँग जोडी यस नगरपालिकाका स्थानीय जनतालाई आर्थिक, सांस्कृतिक, सम्वृद्धि गराइनुको अतिरिक्त सांस्कृतिक, पर्यटन, धार्मिक पर्यटन प्रवर्द्धन गरी यस कागेश्वरी मनोहरा नगरपालिकालाई नेपालकै नमुना नगरपालिका बनाउन सकिने आधार प्राप्त भएको छ ।

## १.३ अध्ययन विधि

प्रस्तुत अध्ययनमा देहाय अनुसारको अध्ययन विधिको उपयोग गरिएको छ :

### (क) सामग्री सङ्कलन विधि

### (ख) सामग्री विश्लेषण विधि

**(क) सामग्री सङ्कलन विधिः**

सामग्री सङ्कलन विधिअन्तर्गत यहाँ देहाय अनुसारको तकनिकीको उपयोग गरिएको छ :

**१. प्राथमिक स्रोतबाट सामग्री सङ्कलन :**

प्राथमिक स्रोतबाट सामग्री सङ्कलन गर्दा अनुसन्धाताहरू प्रत्यक्ष रूपमा लक्षित क्षेत्रमा पुगी प्रत्यक्ष अवलोकन गरी जनप्रतिनिधि पुजारी, लामा, नाक्छोङ, गुरु आदि सम्बन्धित क्षेत्रको विज्ञहरूसँग अन्तर्वार्ता, प्रश्नोत्तर, समूहगत छलफल आदिको आधारमा सामग्री सङ्कलन गरिएको छ । यसका अतिरिक्त टेलिफोन, इमेल, फेसबुक, भाइबर आदि इलोक्ट्रोनिक्स डिभाइसहरू मार्फत समेत प्रत्यक्ष रूपमा सामग्री सङ्कलन गरिएको छ ।

**२. द्वितीयक स्रोतबाट सामग्री सङ्कलन :**

द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गर्नका लागि यस कागेश्वरी मनोहरा नगरपालिकाका विषयमा पूर्वपंकाशित पुस्तकहरू, राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क, राष्ट्रिय संस्कृति नीति २०६७ को दस्तावेज, युनेस्को महासन्धि सन् २००३ को धाराहरू, कागेश्वरी मनोहरा नगरपालिकाले प्रकाशन गरेको फेसबुक पेज, पूर्वप्रकाशित लेखहरू आदिको उपयोग गरिएको छ ।

**(ख) सामग्री विश्लेषण विधि :** संस्कृतिको अध्ययन र यसको अनुसन्धानको परिणाम गुणात्मक हुने भएकोले यस अध्ययनमा प्राथमिक स्रोत तथा द्वितीयक स्रोतबाट प्राप्त सामग्रीहरूलाई वर्णनात्मक र विश्लेषणात्मक विधिअनुसार विश्लेषण गरिएको छ ।

**१.४ अध्ययनको प्रमुख प्राप्तिहरू**

प्रस्तुत अध्ययनको मुख्य प्राप्तिहरूलाई छोटकरीमा बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

क) कागेश्वरी मनोहरा नगरपालिकामा भएको महत्त्वपूर्ण सांस्कृतिक, धार्मिक, ऐतिहासिक, पुरातात्विक स्थानहरूको परिचय प्राप्त भएको छ ।

ख) सांस्कृतिक पर्यटन, धार्मिक पर्यटन प्रवर्द्धन गरी यस कागेश्वरी मनोहरा नगरपालिकालाई नेपालकै नमुना पालिकाका बनाउन सकिने आधार प्राप्त भएको छ ।

ग) युनेस्कोको स्थापना र संस्कृति संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि र नेपालको राष्ट्रिय संस्कृति नीति २०६७ को बारेमा जानकारी प्राप्त भएको छ ।

## १.५ निष्कर्ष

प्रस्तुत अनुसन्धानमा यस कागेश्वरी मनोहरा नगरपालिकामा अवस्थित धार्मिक, सांस्कृतिक सम्पदाहरुको संरक्षण गरी सांस्कृतिक पर्यटन,  धार्मिक पर्यटन, स्वरोजगार र आयआर्जनसङ्ग जोडेर यस नगरपालिकालाई कसरी समृद्धशाली बनाउन सकिन्छ ? यस नगरपालिकामा रहेका सांस्कृतिक, धार्मिक सम्पदा र स्रोत, साधनहरूको समुचित उपभोग गरी कसरी ती स्रोत साधनहरूलाई विकासका आधार बनाउन सकिन्छ ? आदि विषयको खोज अध्ययन हुनेछ । त्यसैले यस प्रकारको अध्ययनको अत्यन्त ठुलो महत्व छ ।

# अध्याय दुई :

# कागेश्वरी मनोहरा नगरपालिकाको सङ्क्षिप्त परिचय

## २.१ विषयपरिचय

वडा नं. १ (साविकको गागलफेदी गा.वि.स.) मा अवस्थित ऐतिहासिक धार्मिक स्थल कागेश्वरी महादेव मन्दिर र मनोहरा खोलाको नामबाट यस नगरपालिकाको कागेश्वरी मनोहरा नगरपालिका नामाङ्कन गरिएको हो । यस नगरपालिका मिति २०७१ साल मंसिर १६ गते नेपाल सरकारको मन्त्रिपरिषदको निर्णयबाट साविकको गोठाटार, मूलपान, डाँछी, भद्रवास, आलापोट र गागलफेदी गा.वि.स.हरुलाई समायोजन गरी गठन गरिएको हो ।

विविध धार्मिक,  साँस्कृतिक, प्राकृतिक श्रोतहरुको पहिचान बोकेको यस कागेश्वरी मनोहरा नगरपालिका  २७ ४१' २०"  देखी २७ ४६' ३३"  उत्तर अक्षांश र ८५ २१' ४५"  देखि ८५ २८' १९"  पूर्वी देशान्तर मा अवस्थित रहेको छ । समुद्री सतहबाट १२९७ मिटर  देखि २२५८ मिटर उचाईमा रहेको यस नगरपालिका जम्मा २८.८० वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ । यस नगरपालिको पूर्वमा शंखरापुर नगरपालिका, दक्षिण पूर्वमा भक्तपुर जिल्लाको मध्यपुर थिमी नगरपालिका र चाँगुनारायण नगरपालिका, दक्षिण पश्चिममा काठमाडौँ महानगरपालिका र उत्तर पश्चिममा गोकर्णेश्वर नगरपालिका पर्दछ । यस नगरपालिकाको

हावापानी समशितोष्ण प्रकारको छ । भौगोलिक हिसाबले समथल जमिनदेखि शिवपुरी लेकसम्मको अवस्थिति रहेको छ ।

कागेश्वरी मनोहरा नगरपालिकाको क्षेत्रभित्र मुख्य धार्मिक तथा ऐतिहासिक स्थलहरु क्रमशः कागेश्वरी महादेव मन्दिर, नवतनधाम मन्दिर, चम्पक विनायक मन्दिर, काष्ठभैरव मन्दिर, गीता मन्दिर, तेजविनायक गणेश मन्दिर, सिद्धकाली मन्दिर, महाँकाल भैरव मन्दिर, श्रीकृष्ण मन्दिर, सोमतीर्थ महादेव मन्दिर, कोलमतेश्वर धाम, रामजानकी मन्दिर, थली बालकुमारी मन्दिर साथै अन्य देवी-देवता, गुम्बाहरु जस्ता स्थलहरु रहेका छन् । त्यसै गरी यस नगरपालिकाअन्तर्गत पर्ने मुख्य नदीहरु बाग्मती र मनोहरा रहेका छन् भने सोको अलवा साना खोलाहरु वासुकी, झरुवा, ढकाल, कागेश्वरी, महादेवलगायत नियमित पानीको वहाव रहने अन्य साना खोल्सा खोल्सीहरु समेत रहेका छन् ।

औशत १७०० मिलिमिटर बर्षा हुने यस कागेश्वरी मनोहरा नगरपालिकाको पूर्वतर्फ रहेको मनोहरा फाँट र पश्चिमतर्फ रहेको वाग्मती फाँट कृषि उपजका लागि महत्वपूर्ण मानिन्छन् । यहाँको महत्वपूर्ण कृषि उत्पादनमा धान, गहुँ, मौसमी तथा वेमौसमी तरकारी र गोलभेडा खेती रहेका छन् । यस क्षेत्र भै बग्ने नदी तथा खोलाहरुको पानीबाट सिंचाई सुबिधा उपलब्ध गराउन सके कृषि क्षेत्रको व्यवसायीकरण हुन गै जनताको जीबनस्तरमा थप सुधार हुने सम्भावना संगसंगै रहेको छ । पूर्वतर्फ रहेको मनोहरा फाँट र पश्चिमतर्फ रहेको वाग्मती फाँट कृषि उपजका लागि महत्वपूर्ण मानिन्छन् । यहाँको महत्वपूर्ण कृषि उत्पादनमा धान, गहुँ, मौसमी तथा वेमौसमी तरकारी र गोलभेडा खेती रहेका छन् । यस क्षेत्र भै बग्ने नदी तथा खोलाहरुको पानीबाट सिंचाई सुबिधा उपलब्ध गराउन सके कृषि क्षेत्रको व्यवसायीकरण हुन गै जनताको जीबनस्तरमा थप सुधार हुने सम्भावना संगसंगै रहेको छ ।

## २.२ कागेश्वरी मनोहरा नगरपालिकाको जनसङ्ख्या

प्रशासनिक विभाजन अनुसार यस कागेश्वरी मनोहरा नगरपालिकामा नौ वटा वडाहरु रहेका छन् । राष्ट्रिय जनगणना, २०७८ अनुसार यस नगरपालिकामा जम्मा ३३,७६४ परिवार सङ्ख्या र जनसङ्ख्या १,३०,४३३ रहेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार कागेश्वरी मनोहरा नगरपालिकाको जनसङ्ख्या क्रमशः बाहुन ३९४४६ अर्थात् ३०.२ प्रतिशत, क्षेत्री ३९१८८

अर्थात् ३०.० प्रतिशत, तामाङ १५६२३ अर्थात् १२.० प्रतिशत, नेवाः नेवार ११३७८ अर्थात् ८.७ प्रतिशत, राई ३४७५ अर्थात् २.७ प्रतिशत रहेको छ ।

## अध्याय तीन :

## कागेश्वरी मनोहरा नगरपालिकामा अवस्थित धार्मिक, सांस्कृतिक स्थलहरु

### ३.१ विषयपरिचय

नेपालमा रैथाने आदिवासीहरूको प्रकृतिपूजनमा आधारित प्राकृतिक धर्म, हिन्दु सनातनी धर्म र बौद्ध धर्म गरी मुख्य तीनवटा धार्मिक सम्प्रदायहरूको बसोबास पाइन्छ । यसका अतिरिक्त कागेश्वरी मनोहरा नगरपालिकाभित्र मुस्लिम समुदाय र इसाई समुदायको समेत बसोबास पाइन्छ । कागेश्वरी मनोहरा नगरपालिका क्षेत्रभित्र मुख्य धार्मिक तथा ऐतिहासिक स्थलहरु क्रमशः कागेश्वरी महादेव मन्दिर, नवतनधाम, चम्पक विनायक मन्दिर, काष्ठभैरव मन्दिर, सिमतिर्थ, गीता मन्दिर, तेजविनायक गणेश मन्दिर, सिद्धकाली मन्दिर, महाँकाल भैरव मन्दिर, कोल्मतेश्वर, थली बालकुमारी मन्दिर साथै अन्य देवी-देवता, गुम्बाहरु जस्ता स्थलहरु रहेका छन् । यसरी नै कागेश्वरी मनोहरा नगरपालिकाको नौ वटा वडामा सेतीदेवी मन्दिर, रामजानकी मन्दिर, गणेश मन्दिर, निलबाराही मन्दिर, तेजविनायक मन्दिर, कृष्ण मन्दिर, मनकामना मन्दिर, लक्ष्मी नारायण मन्दिर, नाथेश्वरी मन्दिर, जलकाली मन्दिर, गीता मन्दिर, आसापुरेश्वर मन्दिर आदि धार्मिक सांस्कृतिक स्थलहरु रहेका छन् । यहाँ कागेश्वरी मनोहरा नगरपालिकाभित्र अवस्थित विभिन्न धर्मावलम्बीहरुसङ्ग सम्बन्धित धार्मिक, सांस्कृतिक स्थलहरुको परिचय प्रस्तुत गरिएको छ ।

### ३.२. कागेश्वरी मनोहरा नगरपालिकामा अवस्थित हिन्दु धर्मावलम्बीहरुको धार्मिक, सांस्कृतिक स्थलहरुको सङ्क्षिप्त परिचय

#### ३.२.१ विषयपरिचय

‘मन्दिर भनेको देवीदेवतालाई स्थापना गरेर वा आसन गराएर पूजाआजा गर्ने स्थान हो । संसारमा विभिन्न प्रकारको धर्मवलम्बीहरू छन् भने ‘मन्दिर’ हिन्दुहरूको देवालय हो । मन्दिरभित्र विभिन्न देवीदेवताहरूको मूर्ति, प्रतिक वा सामग्रीहरू स्थापना गरिएको हुनाले

मन्दिरमा देवीदेवताका बास हुन्छ भन्ने विश्वास हिन्दु समुदायमा रहेको हुन्छ । मन्दिरमा देवीदेवताको मूर्तिका अतिरिक्त शङ्ख, घण्ट, कलश, पञ्चपात्र, त्रिशुल, ध्वजा, फूल, अविर, अक्षता, धूपदानी आदि सामग्रीहरू समेत राखिएका हुन्छन् । यी विभिन्न देवीदेवताहरूका आआफ्नो प्रकारको मठमन्दिको स्थापना गरिएको हुन्छ । जस्तै : शिवको मन्दिरलाई 'शिवालय', गणेशको मन्दिरलाई 'गणेश मन्दिर', दुर्गाको मन्दिरलाई 'दुर्गा मन्दिर' वा 'देवीथान', कृष्णको मन्दिरलाई 'कृष्णमन्दिर', रामको मन्दिरलाई 'राम मन्दिर', सिताको मन्दिरलाई 'जानकी मन्दिर' आदि । मन्दिर विभिन्न आकार र शैलीका हुन्छन् । जस्तै : शिखरशैली, प्यागोडा शैली, गुम्बा शैली आदि । कतिपय मन्दिरमा दैनिक नित्यपूजा हुन्छन् भने कुनैकुनै मन्दिरमा विशेष अवसरमा मात्र पूजाआजा गरिन्छ । यस कागेश्वरी मनोहरा नगरपालिकामाभित्र हिन्दु धर्मावलम्बीहरुको विभिन्न प्रकारको मन्दिरहरू पाइन्छ । यहाँ कागेश्वरी मनोहरा नगरपालिकामाभित्र अवस्थित हिन्दु धर्मावलम्बीहरुको केही महत्त्वपूर्ण धार्मिक, सांस्कृतिक स्थलहरुको छोटो चिनारी प्रस्तुत गरिएको छ ।

कागेश्वरी मनोहरा नगरपालिकामा विभिन्न जातजातिको बसोबास रहेको छ । ती विभिन्न जातजातिका मानिसहरूले आ-आफ्ना जातिअनुसारका धर्मकर्मको अवलम्बन गर्दै आएका छन् । यस नगरपालिकामा बसोबास गर्ने मानिसहरूले गणेश, शिव, महादेव, देवी भगवती, सिकारी थान, देवाली, कुलपूजा, मष्टो, वायुदेवता आदि देवीदेवताहरूको पूजाआजा गर्दछन् । ती देवीदेवताहरूको सङ्क्षिप्त परिचय प्रस्तुत गरिएको छ ।

**क) गणेश**

हिन्दु धर्ममा परम्परामा हरेक शुभकार्यको आरम्भमा गणेशको पूजा गरिन्छ । हिन्दु शास्त्रहरूका अनुसार सबैभन्दा पहिलो गणेशको पूजा नगरी गरेको कुनै पनि शुभकार्य निष्फल वा निरर्थक हुने कुरा बताइएको हुँदा सर्वप्रथम गणेशको पूजा गरेर मात्र अन्य जुनसुकै प्रकारको शुभकार्य गरिन्छ । हिन्दुशास्त्रमा गणेशको जन्म माघकृष्ण चौथी तिथिमा भएको बताइएको छ । गणेशको पिता महादेव हुन् भने माता पार्वती हुन् । गणेशको दुई श्रीमती त्रिद्धि र सिद्धि, हुन् भने ससुरा विश्वकर्मा हुन् ।

प्राचीन हिन्दु शास्त्रहरूमा गणेशको चर्चा गरिएको छ । वेदमा गणेशलाई गणपति, ब्रह्मणस्पति भनिएको पाइन्छ । गणेश शब्द गणं ईशबाट बनेको छ । जसको अर्थ हो गणका मालिक । त्यसैले गणेशलाई गणपति, सर्वस्वरूप, बूह्मस्वरूप पनि भनिन्छ । विशेषतः

पुराणहरूमा गणेशको रूप र महिमाको व्यापक वर्णन पाइन्छ । गणेशको उत्पत्ति सृष्टिको निर्माण गर्नका लागि आसुरी शक्तिबाट बचाउन र सहयोग गर्नका लागि ब्रह्मलाई मद्दत गर्ने देवताको रूपमा भएको मानिन्छ । त्यसैले विद्यारम्भ, यात्रा, युद्ध आदि कार्यगर्दा कुनै विध्नबाधा नपरोस् भनेर गणेशको पूजा गरिन्छ । यसकारण विघ्नहर्ता गणपतिका रूपमा सर्वप्रथम गणेशको पूजाआजा गरिन्छ ।

गणेशका अनेक नाम छन् । तीमध्ये गजकर्ण, लम्बोदर, विकट, गणेश, सुमुख, एकदन्त, कपिल, विघ्ननाशक, गणाध्यक्ष, गजानन्, धुम्रकेतु, भालचन्द्र यी १२ नाम प्रसिद्ध छन् । गणेश पुराणअनुसार गणेशको रङ लालिमय छ । रातो वर्णको चार हात छन् र प्रत्येक हातमा चिह्न छन् । एक हातमा पासा, अर्को हातमा अंकुश, तेस्रो हातमा दण्ड र चौथो हातमा वरमुद्रा छन् । यी चारै हातमा भएको चिह्नहरू पाशमोहको, अंकुश नियन्त्रको, दन्त दमनको र वरमुद्रा अभयको द्योतक भनिन्छ । यसका अतिरिक्त यिनको हातमा खड्ग, पाश, गधा, त्रिशूल, पद्म, चक्र, आदि १० वटा हतियार पनि रहन्छन् । गणेशको कानमा कुण्डल धारण गरिएको छ भने यिनको शरीर रत्नजडित मुकुटबाट सुशोभित छन् । गणेशको शरीरमा चन्दन लेपन गरिएको छ भने यिनको मुख हात्तीको छ । कानमा कुण्डल लगाएको गणेशको शरीर मानवको जस्तो छ । गणेशलाई रातो फूल मनपर्ने भएकोले यिनलाई रातो फूल चढाइन्छ । समग्रमा गणेश रक्तवर्ण, लम्बोदर, पीताम्बरधारी, हात्तीको सूँढको मुख, ठूलो पेट, ठूलो कान, कोमल शरीर, चार हात भएको हिन्दु देवता हुन् ।

गणेशको मूर्ति प्रायः तीन अवस्थामा पाइन्छ । उनको मूर्तिहरू उभिइरहेको, नाचिरहेको र बसेको अवस्थमा पाइन्छ । गणेशको पूजामा दुबो, शमीको पात र लड्डु चढाइन्छ किनभने यी चिजहरू गणेशका मनपर्ने वस्तु हुन् । गणेशको वाहन (सारथि) छुचुन्द्रो हुन् भने गणेशको एउटा मात्र दाँत छ । गणेशको जन्मदा उत्तपत्ति सम्बन्धमा विभिन्न शास्त्रहरूमा विभिन्न प्रकारको धारणाहरू पाइन्छ । लिङ्गपुराण र वराहपुराण अनुसार देवताहरूको विशेष आग्रहमा शिवको अंशबाट निस्केको एक युवक पार्वतीको गर्भमा प्रवेश भई गणेशको उत्पत्ति भएको हो । यसै पुराणमा के भनिएको छ भने भगवती अम्बाबाट हात्तीको मुख भएको गजानन्को जन्म भएको हो । यसरी नै गणेशको शिर, सुँड र उत्पत्ति सम्बन्धमा अनेकौं प्रकारका प्रसङ्गहरू पाइन्छन् । समग्रमा भन्दा गणेश हिन्दु धर्मावलम्बीहरूको महत्त्वपूर्ण देवता हुन् जसको पूजाअर्चना शक्ति, सम्पन्नता र सन्तुष्टिको लागि गरिन्छ ।

**ख) शिव/महादेव**

हिन्दुधर्ममा 'शिव' देवताको पनि देवता अर्थात् महादेवका रूपमा पूजित छन् । शिव वा महादेवलाई नै हिन्दुहरूले परब्रह्म परमात्मा वा जगतपिताका रूपमा सम्मान गर्दछन् । महादेवलाई नै ब्रह्मा, विष्णु र महेश्वरको एकीकृत रूप मानिन्छ । त्यसैले महादेवको पूजा गर्नाले तीनवटै देवताको पूजा गरे सरह नै मानिन्छ । महादेवलाई 'जसको न आदि छ, न अन्त्य छ, जो अजर, अमर, नित्य, निरन्तर, शाश्वत, सनातन छ, निर्गूण, निराकार र सगुण साकार छ' भनिन्छ ।

यसरी हिन्दु धर्मावलम्बीहरूले एक मात्र सत्य, एकमात्र परब्रह्म, परमनित्य र शाश्वत मानेको शिव, महादेव, रुद्र, कैलाशपति, पशुपति, भोलेबाबा, श्रीकण्ठ, नीलकण्ठ, सर्वज्ञ, सर्वमुतेश, शंकर, उमापति, ईशान, ईश्वर, शितिकण्ठ, हर, चन्द्रशेखर, गिरीनिवास, त्रिलोचन, मृत्युञ्जय आदि शिवका अनेक नाम छन् । अनेक नामधारी देवता शिव गैह्र आर्य अथवा अनार्य हुन् । वैदिक आर्यहरू भारतीय उपमहाद्वीपमा आउनुपूर्व नै रुद्र, शिवको चर्चा र इतिहास भेटिनुले उनी अनार्य भएको पुष्टि हुन्छ । पछि आर्यहरू समेत उनीबाट प्रभावित भएर वा डराएर उनको महिमागान गाउने, उनलाई अपनाउन र सर्वशक्तिमान ठान्न विवस भएको देखिन्छ । यसबाट के प्रष्ट हुन्छ भने तत्कालीन समयमा शिव निकै शक्तिशाली र प्रभावशाली देवता थियो ।

योग, ध्यान, सङ्गीत, अक्षर, नृत्य आदि सबै विद्याको उत्पत्ति शिवबाटै भएको मानिन्छ । त्यसैले शिवलाई नटराज, योगीराज, ताण्डव नृत्यकार आदिका नामबाट समेत चिनिन्छ । वेदमा शिवलाई रुद्रको नामबाट सम्बोधन गरिएको पाइन्छ । वैदिक साहित्यमा रुद्रका अनेकौं नाम उल्लेख भएको पाइन्छ । शिवको वा रुद्रको रौद्र रूप अत्यन्त डरलाग्दो संहारकारक छ भने दोस्रो रूप अत्यन्त सौम्य, शान्त एवम् कल्याणकारी खालको छ । शिवलाई पञ्चमुखी देवता भनिन्छ । उनका पाँचवटा मुख तत्पुरुष (पूर्वफर्केको), अघोर (दक्षिण फर्केको) वामदेव (उत्तर फर्केको), सद्योजात (पश्चिम फर्केको) र ईशान (उर्ध्वमुख) आकृतिरहित गरी पाँचवटा मुख छन् । शिवको मुखाकृति जटाधारी र चन्द्रमाद्वारा विभूषित छन् । उनका जटाभित्र गंगाछन् भने शिवको तेस्रो आँखा ललाट (निधार) मा रहेको छ । त्रिनेत्र भएको शिवलाई तीनवटै काल वर्तमान, भूत र भविष्यको परिचायक भनेर समेत चिनिन्छ ।

शिवका श्रीमती पार्वती हुन् भने उनका दुई पुत्रहरू कार्तिकेय र गणेश हुन् । कार्तिकेयका श्रीमती देवसेना हुन् भने गणेशका दुई पत्नी दिदीबहिनी ऋद्धि र सिद्धि हुन् । शिवपत्नी पार्वतीको वाहन (सारथि) सिंह हो भने शिवको वाहन साँढे (नन्दी) हो । शिवले वस्त्रको रूपमा

बाघको छाला, हतियारको रूपमा त्रिशूल, शरीरमा खरानीको लेपन, गहनाको रूपमा सर्पको माला, बाजाको रूपमा डम्मरु, भाँडाको रूपमा खप्परको प्रयोग गर्दछन् । शिवको मनपर्ने चिजहरूमा दूध, बेलपत्र, रुद्राक्ष, धतुरो र कमलपुष्प हो । शिवका मुख्य एघारवटा रूप भएको हुँदा उनलाई एकादेश रुद्र भनिन्छ । ती एकादशको नाम क्रमशः कपाली, पिङ्गला, भीम, विरूपाक्ष, शास्त्र, विलोहित, अपिद्य, अहिर्वूध्न्य, शम्भु, चण्ड र भव हुन् । यसरी नै शिवको बाह्रवटा ज्योतिर्लिङ्ग छन् । शिवको विभिन्न रूपहरूमध्ये भैरव पनि एक रूप हो जसलाई अष्टभैरव पनि भनिन्छ ।

शिवको स्वरूपलाई मूलतः दुई भागमा बाँडेर हेर्ने गरिन्छ । पहिलो स्वरूप लिङ्गको रूपमा हो भने दोस्रो मानव शरीरको स्वरूपमा । लिङ्गको रूपमा मुख्य तीन भाग छन् । पहिलो भागमा भोगपीठ यो लिङ्गको माथिल्लो भाग हो । यस भागलाई रुद्र भाग पनि भनिन्छ । बीचको भाग भद्रपीठ हो जसलाई विष्णु भाग भनिन्छ भने यो अष्टकोणाकार हुन्छ । लिङ्गको तल्लो भागलाई ब्रह्मपीठ भनिन्छ यी भाग चौकोराकृतिको हुन्छ । शिवजी उत्पन्न भएको रातलाई शिवरात्री भनिन्छ । रात्रीहरूमा मुख्य चाररात्रीको अत्यन्त महत्त्व छ । समग्रमा भन्दा हिन्दु धर्मावलम्बीहरूले देवाधिदेवका रूपमा मान्ने गरेको महादेवको रौद्र र कल्याणकारी मुख्य दुई रूप छन् । शिव मुख्य रूपमा सबैको कल्याणकारी देवताको रूपमा विशेष रूपमा पूजित छन् ।

### ग) देवी भगवती

हिन्दु धर्ममा देवीलाई शक्तिको रूपमा लिइन्छ । देवी भगवती कुनै मातापिताबाट जन्म भएको नभई सम्पूर्ण देवताहरूले आ-आफ्नो शक्ति दिएर उनीहरूको शक्तिपुञ्जबाट उत्पत्ति भएको मानिन्छ । त्यसैले देवी भगवतीलाई देवताहरूको शक्तिपुञ्जको रूपमा लिइन्छ । हिन्दुधर्ममा नारी रूपकी जुनसुकै स्त्री देवतालाई देवी भनिन्छ । देवीका अनेकौं नाम र रूप छन् । भगवती, दुर्गा, महाकाली, महालक्ष्मी, महासरस्वती, गौरी, काली, चामुण्डा, कालरात्री, कुष्माण्डा, वाराही, नवदुर्गा, सिंहबाहिनी आदि । नवदुर्गा भगवतीको नौ वटा रूपमा छन् ती हुन् : शैलपुत्री, ब्रह्मचारिणी, चन्द्रघण्टा, कुष्माण्डा, स्कन्दमाता, कात्यानी, कालरात्री, महागौरी र सिद्धिदात्री ।

देवीको उत्पत्ति असत्यमाथि सत्यको विजयको लागि भएको मानिन्छ । अग्निदेवबाट वरदान प्राप्त महिषि पुत्र महिषासुरले सम्पूर्ण देवताहरूलाई हराएर स्वर्गमा समेत अधिपत्य जमाए पश्चात् सम्पूर्ण देवताहरू एक भएर आ-आफ्नो शक्तिहरूसँग प्रार्थना गरी सम्पूर्ण शक्तिहरूलाई

एकीकृत गरी देवीको उत्पत्ति गराए । ब्रह्मा, विष्णु, महेश र अन्य सम्पूर्ण देवताहरूको समेत शक्ति सञ्चय गरेर १८ हातयुक्त दुर्गादेवीको उत्पत्ति गराए । ती देवीलाई विष्णुले चक्र, शिवले त्रिशूल, वरुणले शंख, अग्निले ताप (शक्ति), वायुदेवले वाण र धनुष, इन्द्रले बज्र र घण्ट, यमराजले कालदण्ड, ब्रह्माले कमण्डलु, अरुणले दिव्यहार, गधा र कवज, सूर्यले किरण दिए । यसरी सम्पूर्ण देवताहरूको शक्ति र साधन दिएर दुर्गादेवीलाई, दुर्गा भगवतीलाई शक्तिसम्पन्न गराए । यसरी देवीको उत्पत्ति भएपछि देवीलाई १०८ नामको जपद्वारा प्रार्थना गरे । यसरी देवीको उत्पत्ति पश्चात मात्र आसुरीशक्ति माथि विजय गरी देवताहरूले शान्तिपूर्वक बस्न पाए भन्ने विवरणहरू हिन्दुग्रन्थमा पाइन्छ ।

हिन्दुधर्मका शास्त्रहरूअनुसार परब्रह्मा, परमात्माले पुरुष भेषमा ब्रह्मा, विष्णु र महेश्वरका नाममा अवतार लिएको र नारी भेषमा लिँदा शक्तिस्वरुपिणी महाकाली, महालक्ष्मी र महासरस्वतीका रूपमा अवतार लिएको बताइएको छ । महाकाली, महालक्ष्मी र महासरस्वतीलाई एकै देवी पार्वतीका तीन रूप हुन् पनि भनिन्छ । देवीको अनेकौं रूपहरू मध्ये नवदुर्गा (नौवटा दुर्गा) पनि हो । नौरथामा पुजिने नवकुमारीहरू नौ वटा छन् । ती हुन् - कुमारीका, त्रिमूर्ति, कल्याणी, रोहिणी, काली, चण्डिका, शाम्भवी, दुर्गा र सुभद्रा । अन्य देवीहरूमा सप्तमात्रिका पनि प्रशिद्ध छन् ती हुन् - ब्राह्मी, महेश्वरी, कौमारी, वैष्णवी, बाराही, इन्द्रायणी र चामुण्डा । पुराणमा यी देवीहरूमध्ये महाकालीलाई मुख्य देवीका रूपमा वर्णन गरेको पाइन्छ । महाकालीकै उग्र र सौम्य दुई रूपमा अनेक रूपधारण गर्ने दश महाविद्या हुन् । जुन् शिवका शक्तिका रूपमा आएका हुन् भनिन्छ । शिवशक्तिबाट प्राप्त ती महाविद्याकी देवीहरू क्रमशः काली, तारा, छिन्नमस्ता, षोडशी, भुवनेश्वरी, भैरवी, क्षमावती, बंगलामुखी, मातङ्गी र कमला हुन् ।

यसरी हेर्दा के देखिन्छ भने हिन्दु धर्मशास्त्रहरूमा शक्ति स्वरूपमा देवीको अनेकौं रूप र नाम छन् । ती देवीहरू सम्पूर्ण देवताहरूकै शक्तिबाट पैदा भएर ती देवताहरूकै रक्षाका लागि आफ्ना शक्ति प्रकट गर्ने विवरण पाइन्छ । दार्शनिक रूपमा भन्ने हो भने देवताहरूको शक्तिको रूप नै देवी हो ।

### ३.३ हिन्दु धर्मावलम्बीहरुको स्थानीय देवीदेवता र पूजाआजाको सङ्क्षिप्त चिनारी

#### क) सिकारी थान/थानी

सिकारी थान भनेको पितृमा बस्न नपाएको आत्मा बस्ने थान हो । यसप्रकारको आत्मालाई भड्किएको आत्मा पनि भन्ने गरिन्छ । हिन्दु समुदायमा के विश्वास गरिन्छ भने पितृमा बस्न नपाई भड्किएको आत्माले जिउँदो मानिसलाई कहिलेकाँही दुःख दिने गर्दछ त्यसैले उनीहरूको अर्थात् सिकारीहरूको पूजा अर्चना गर्नुपर्दछ । प्रायः हिन्दु समुदायमा विभिन्न ठाउँमा सिकारी थान हुने गर्दछ । उनीहरूले केही दुःख, विमार नगर्नु भन्ने आग्रह गर्दै सिकारी थानमा बलि चढाएर सिकारीलाई हरेक वर्ष पूज्ने गर्दछन् । यसरी हेर्दा के देखिन्छ भने आफ्ना पितृहरूको भड्किएको आत्माको रूपमा सिकारी पूजा, आराधना गर्ने गरिन्छ भने अर्को रूपमा चाहिँ जङ्गली शक्तिका रूपमा सिकारी पूजा गर्ने गरिन्छ ।

'सिकारी' भन्नाले सिकार गर्ने, ब्याधा वा जङ्गली जीवजन्तुलाई मारेर खाने व्यक्ति भन्ने बुझिन्छ । तर यहाँ सिकारी थान वा थानीको बारेमा विवेचना गरिने प्रयास गरिएको छ । प्राचीन मानवपूर्खाहरूले हजारौं वर्षसम्म सिकार गरेरै जीवनयापन गर्ने गर्दथे । हजारौं वर्षसम्म विभिन्न ठाउँमा घुम्दै सिकार गर्दै जीवनयापन गर्ने मानव पुर्खाहरूले खेतीपाती गर्न सिकेपछि मात्र सिकारको प्रचलनमा कमी आएको देखिन्छ । यसरी प्राचीन मानवपुर्खाहरूको जीविकाको एक मात्र आधार सिकार भएको हुँदा कतिपय समयमा हप्तौंदिनसम्म सिकार नभेट्दा वा भेटेर पनि जङ्गली जनावरहरूलाई मार्न नसक्दा भोकभोकै बस्न बाध्य हुन्थे । त्यसैले प्राचीन मानव पुर्खाहरूले जङ्गलमा सिकार भेटियोस्, सिकार चाँडै प्राप्त होस्, सिकार छिट्टै हात लागोस् भन्ने हेतुले जङ्गली शक्ति वा प्राकृतिक शक्तिलाई पुकार गर्ने, प्रार्थना गर्ने, गर्न थाले । फलतः सिकारी पूजाको प्रारम्भ हुन पुग्यो ।

यसरी सिकारमा जानुपूर्व पनि तिनै प्राकृतिक शक्तिलाई बल माग्ने, शक्ति माग्ने र सिकार प्राप्त गरेपश्चात पनि ती सिकारहरूलाई आफूहरूले सेवन गर्नुपूर्व ती जनावरहरूको मासु चढाएर मात्र सेवन गर्ने गर्न थाले । यसरी सिकारी पूजाको प्रारम्भ भएको देखिन्छ । त्यही सिकार गर्ने र सिकारीपूजा गर्ने प्राचीन परम्पराकै अवशेषका रूपमा वर्तमान समयमा समेत सिकारी थानको निर्माण गर्ने र सिकारी पूजा गर्ने गरेको देखिन्छ । यसरी हेर्दा, आफ्नो जीविकाको एक मात्र आधार सिकार खेल्ने परम्परा भएको बेला प्रारम्भ भएको सिकारी पूजा वर्तमान समयसम्म रहेको छ ।

सिकारी थान/थानीको निर्माण र पूजा परम्परा मूलतः दुई प्रकारले प्रारम्भ भएको देखिन्छ । पहिलो कारण सिकारी युगमा प्राचीन मानव पूर्खाहरूको एक मात्र जीविकाको आधार सिकार भएको हुँदा राम्ररी सिकार प्राप्त होास् भन्ने हेतुले सिकारी देवताको रूपमा पूजाआजा गर्न

थालेको देखिन्छ । सिकारी थानको अर्को तरिकाको विकास भने निकैपछि अर्थात् सामाजिक, सांस्कृतिक, धार्मिक परम्पराको विकास भए पश्चात मात्र भएको देखिन्छ । सिकारी पूजा नेपालका प्रायः सबै जातिमा प्रचलित रहेको छ। खास गरेर यहाँको रैथाने जातजातिमा सिकारी पूजाको परम्परा रहेको पाइन्छ ।

### ख) कुलपूजा

कुल भनेको वंश परम्परा हो । एउटै वंश वा जातिको अर्थात् सहोदर दाजुभाइहरूको जातीय शृङ्खलालाई कुल वा वंश भनिन्छ । यसरी हेर्दा के देखिन्छ भने आफ्नो वंशले वा कुलले प्राचीन समयदेखि मान्दै आएको कुनै पनि प्रकारको शक्ति वा देवताको पूजा नै कुलपूजा हो । हरेक जातिको आ-आफ्नो कुल वा वंश परम्परा रहेको हुन्छ र ती कुलले वा वंशले परम्परागत रूपमा कुनै आफ्ना खास शक्ति (मूर्त वा अमूर्त) लाई देवताको रूपमा, कुलको रक्षकको रूपमा आराध्य देवको रूपमा पूजाअर्चना गर्दै आएको हुन्छ । त्यही वंश परम्पराले मान्दै आएको देवता, देवी वा शक्ति नै कुलदेवता हो र ती देवताको स्तुति वा आराधना नै कुलपूजा हो ।

नेपालका प्रायः सबै जातिमा कुल वा वंश परम्पराको प्रचलन पाइन्छ । हिन्दु धर्मावलम्बीहरूको कुलदेवताको सन्दर्भमा वैदिक ग्रन्थहरूमा समेत उल्लेख भएको पाइन्छ । यजुर्वेदमा 'कुलायनी' शब्दको प्रयोग भएको पाइन्छ भने अथर्ववेदमा 'कुलायन' शब्दको प्रयोग भएको पाइन्छ । यसरी नै पुराणमा पनि कुलदेवताको प्रसङ्ग पाइन्छ । ती प्राचीन संस्कृत ग्रन्थहरूमा कुलको रक्षा गर्नुपर्ने, कूलको उन्नति र वृद्धि गर्नुपर्ने जसले आफ्नो कुलको रक्षा गर्न सक्दैन त्यसको जन्म निरर्थक हुने कुरामा जोड दिएको पाइन्छ । नेपालमा गैह्रहिन्दु आदिवासी जनजातिहरूमा पनि कुलपूजाको प्रचलन पाइन्छ । तर यी जातिमा भने कुल वा वंश भन्दा पनि पितृका रूपमा पूजाआजा गर्ने गर्दछन् । त्यसैले यी जातिहरूले भने कुलपूजा भन्दा पितृपूजा भन्ने गर्दछन् । आफ्ना मृतक वा जीवित पितृहरूको श्रद्धाभावपूर्ण अनुष्ठान कार्य नै वास्तवमा कुलपूजा वा पितृपूजा हो । यसरी हेर्दा के देखिन्छ भने एउटै सन्तानका रूपमा रहेका सगोत्री वंश परम्पराबाट फैलिएका वा एउटै रक्त समूहबाट बनेको वंश परम्परालाई कुल वा वंश भनिन्छ। यसरी वंश परम्पराबाटै वंश वा कुलरक्षकका रूपमा पुजिने शक्ति नै कुलदेवता वा पितृदेव हो भने तिनै कुलदेवता वा वंशदेवताको पूजाअर्चना नै कुलपूजा वा पितृपूजा हो। यही कुल वा वंश परम्पराबाटै विभिन्न जाति, थर, पाछा, सामे, गोत्र आदिको विकास भएको हुन्छ। यसरी एउटै कुल वा वंशको सन्तानहरू फैलने वा विस्तार हुने क्रममा विभिन्न स्थानमा फैलिए पनि उनीहरूको कुल वा वंश भने जोडिनु पर्दछ। यसरी एउटै वंशका

सन्तानहरू फैलने क्रममा पुरानो मूल कुल वा वंशसँग जोडिएन भने अर्कै जाति वा वंशको विकास हुन पुग्दछ । समग्रमा भन्दा आफ्ना पितृहरूको वा पितापुर्खाको निरन्तरता नै कुल वा वंश हो भने कुलको रक्षार्थ उन्नति र प्रगतिको कामना स्वरूप गरिने पूजाआजा नै कुलपूजा वा पितृपूजा हो ।

### ग) गोठधुप पूजा

गोठधुप पूजा प्राचीन समयदेखिकै निरन्तरता हो । यो पूजा खास गरेर मानिसले पशुपंक्षीहरूलाई कज्याएर घरमा पाल्न थाले पश्चात प्रारम्भ भएको देखिन्छ, किनभने गोठधुप पूजामा पशुधनको सुरक्षाका लागि गोठ देवताको पूजाअर्चना गरिन्छ । गोठधुप पूजाको परम्परा पनि नेपालमा ग्रामीण भेगमा बस्ने सबै जातजातिमा पाइन्छ । हिन्दु धर्मावलम्बीहरूले गोठधुप पूजा गर्दा ग्रह, नक्षत्र आदि जुराएर मात्र गर्ने गर्दछन् । गोठधुप पूजा प्रायः दशैंको नौरथाका बेला गोठ देवता गैंडुको भक्तिपूर्वक आराधना गरिन्छ । गोठधूप पूजामा विशेषतः महारुद्र वा शिवशक्तिको पूजाअर्चना गर्ने गरिन्छ । पशुपालक आदिवासी जनजातिहरूमा पनि गोठधुप पूजा गर्ने परम्परा रहिआएको छ । तर उनीहरूले भने तिथि, बार, नक्षत्र नहेरी उँधौली र उँभौलीको अवसरमा गोठधुप पूजा गर्ने प्रचलन रहेको देखिन्छ ।

गोठधुप पूजामा प्रायः खीर पकाउने, धुपधुँवार गर्ने र खीर, दही, मोही, नैवेद्य, बाबर, प्रसादको रूपमा खाने प्रचलन पाइन्छ । आफूले पालेका पशुधनको रक्षा होस्, उनीहरूलाई रोगव्याधि केही नलागोस्, सबै पशुधन स्वस्थ, निरोगी बनुन् भन्ने उद्देश्यले गोठधुप पूजा गर्ने गरिन्छ । गोठधुप पूजा सामान्यतः एउटै वंश वा कुलको भेला भएर गर्ने गरिन्छ । हिन्दु धर्मावलम्बीहरूले गोठधुप पूजा गर्दा विधिपूर्वक गर्ने गर्दछन् । यसका लागि उनीहरूले विधिपूर्वक एउटा मण्डपको निर्माण गर्दछन् । उक्त मण्डपमा सर्वप्रथम महारुद्र वा महादेवलाई सिद्धदेवका रूपमा विशेष पूजाआजा गरिन्छ । गोठधुप पूजामा महारुद्र, गैँडु देवताका अतिरिक्त स्थानीय देवदेवी, सिमेभूमे, नागनगेनी आदिको पनि पूजाआजा गर्ने गरिन्छ ।

### घ) वायुपूजा

वायुपूजा भनेको प्रेतात्माहरूको पूजाअर्चना हो । यो पूजा जुनजुन जातिमा मानिसको शरीर मरेर नष्ट भए पनि आत्मा मदैन भन्ने विश्वास गरिन्छ त्यहीत्यही जातिमा मात्र गर्ने गरिन्छ । मानिस कालगतिले मृत्यु भएमा वा सहज मृत्यु भएमा आफ्ना पितृका रूपमा कुल, कुलायनका रूपमा बस्ने तर असहज वा अकालमा मृत्यु भएमा उनको आत्मा भड्किएर वायु, पिसाच,

जागित्र, सेहैं, मोच वा प्रेतात्मा बन्दछ भन्ने धारणा विश्वास नेपालका प्रायः सबै जातिमा रहेको पाइन्छ । यसरी  भड्किएको आत्मालाई नै वायुका रूपमा लिइन्छ र यही वायुको पूजा नै वायुपूजा हो ।

नेपालका आदिवासी जनजातिहरूमा भने वायुपूजाको सट्टा सिकारी पूजाको प्रचलन पाइन्छ । यी समुदायमा अकालले वा असहज मृत्यु भएका आत्माहरू भड्किएर जिउँदो मान्छेलाई दुःखकष्ट दिने हुनाले तिनीहरूलाई थानी बनाएर राखेर पूजाआजा गर्नुपर्दछ भन्ने मान्यता अनुरूप सिकारी पूजा गर्ने गर्दछन् । यसरी नै हिन्दु धर्मावलम्बीहरूले भने तिनै भड्किएको आत्मालाई वायुका रूपमा पूजाआजा गर्ने गर्दछन् । लाउँलाउँ, खाउँखाउँ गर्ने उमेरमा मृत्यु भएका, लडेर, झुण्डिएर, दुर्घटनामा परेर, विषसेवन गरेर, प्रसव वेदनाले, प्राकृतिक प्रकोपका कारण आदिबाट मृत्यु भएका मानिसका आत्माहरू नै वायु हुन् र ती आत्माहरू भड्किएर हिड्छन् जसले जिउँदो मानिसलाई दुःख, कष्ट दिन्छन् त्यसैले उनीहरूलाई दुःखकष्ट नदेउ भन्ने हेतुले गरिने पूजाआजा नै वायुपूजा हो ।

यसरी हेर्दा के देखिन्छ भने नेपाली संस्कृति र सभ्यतामा वायुको विश्वास प्राचीन समयदेखि नै रहिआएको पाइन्छ । वायु भनेको भड्किएको आत्मा, अगति परेको आत्मा, काजक्रिया वा अन्त्यष्टि हुन नसकेको आत्मा, अकालगतिमा वा असहज रूपमा मृत्यु भएको व्यक्तिको आत्मा हो र यस्ता भड्किएको आत्माले जिउँदो मानिसलाई दुःख दिने, पिडा दिने हुँदा ती आत्माको वा वायुको पूजा नै वायुपूजा हो ।

**ङ) सिमेभूमे पूजा**

सिमेभूमे भन्नाले सिमसार भूमिमा रहने भूदेवता भन्ने बुझिन्छ । सिमेभूमे स्थानीय प्राकृतिक देवता हो, जसलाई पानीको स्रोतयुक्त जमिनमा भूदेवी वा भूदेवताको रूपमा पूजाआजा गरिन्छ । प्राकृतिक सन्तुलन, हरियाली, पानीको मूल, बोटविरुवाका वृद्धि र विकास, खेतीपाती आदिका लागि सिमसार क्षेत्र अत्यन्तै उपयोगी भूक्षेत्र हो । यही महत्त्वलाई आत्मसात् गरेर प्राचीन पुर्खाहरूले सिमसार क्षेत्रलाई भूदेवताको रूपमा पूजाअर्चना गर्दै आएको देखिन्छ । सिमेभूमेको पूजा खास गरेर खेतीपाति लगाउने र बालीनाली भित्र्याउने समयमा गरिन्छ । खेतीपाती गर्ने मौसममा खेतीपातीको लागि पानीको मुहान फुटोस्, बालीनाली सप्रोस भन्ने कामना गर्दै र बालीनाली भित्र्याउने बेलामा भने राम्ररी अन्नपात उब्जनी गरिदिएकोमा कृतज्ञता गर्दै सिमेभूमेको पूजाअर्चना गरिन्छ । बाली भित्र्याउँदा सबैभन्दा पहिले भूमेदेवताको लागि केही

भाग अन्न छुट्याउने गरिन्छ । त्यस अन्नलाई भूमेपाथी भनिन्छ । यसरी खेतीपातीका लागि वा कृषि पैदावारको लागि राम्रो होस् भन्ने कामना गर्दै सिमसार क्षेत्रलाई देवीदेवताको रूपमा पूजाआजा गर्ने प्रचलन खेतीपातीको सुरुवात भएदेखि नै सुरु भएको देखिन्छ । सिमेभूमेको पूजा आराधना वर्तमान समयसम्म पनि निरन्तर रूपमा गर्दै आएको पाइन्छ ।

### च) नागनागिनी

जलका देवताका रूपमा नागनागिनीलाई प्राचीन समयदेखि नै मानिसले पूजाआजा गर्दै आएको पाइन्छ । हिन्दु धार्मिक ग्रन्थहरूमा, किरातीहरूका मुन्दुम तथा मिथकहरूमा तथा अन्य सबै जातिको सांस्कृतिक, धार्मिक वाङ्मयमा नागनागिनीको प्रसङ्ग प्रशस्त मात्रामा पाइन्छ । यसबाट के बुझिन्छ भने मानिसले नागनागिनीका बारेमा निकै पहिलेदेखि नै जानकारी लिँदै आएको हो । नागनागिनीको पूजा विशेषतः पानीको संरक्षक स्रोत तथा दाताको रूपमा गर्ने गरिन्छ ।

हिन्दु, किराती तथा अन्य विभिन्न जातजातिका मिथक, गाथा, कथाहरूमा नागलाई कतै देवताको रूपमा, कतै शासकको रूपमा, कतै मानव जातिकै रूपमा उल्लेख भएको पाइन्छ । नाग जाति, नाग वंश, नाग राजाको कथाहरू नेपाली समाजमा प्रशस्त पाइन्छ । समग्रमा भन्दा नाग वा सर्प जाति पानीमा बस्ने र यो शक्तिशाली (विषालु) पनि हुने भएकोले यसलाई मासिनले पानीको देवताको रूपमा पूजाआजा गर्दै आएको पाइन्छ ।

### छ) भीमसेन पूजा

भीमसेन महाभारतमा वर्णित पाण्डुका पुत्रहरू पाँच पाण्डवमध्ये माहिला भाइ हुन् । उनी युधिष्ठिरपछिका माहिला सन्तान र अर्जुनभन्दा दाइ हुन् । भीमसेनलाई अत्यन्त बलवान् पात्रका रूपमा महाभारतमा उभ्याइएको छ । भीमसेन अत्यन्तै शक्तिशाली भएको कारण शक्तिप्राप्तिका लागि, बल प्राप्तिका लागि भीमसेनको पूजा आराधना गर्ने प्रचलनको विकास भएको पाइन्छ । नेपालमा भीमसेनको मन्दिर बनाइ पूजा गर्ने प्रचलन लिच्छविकालमा खासै नभएको तर मल्लकालमा आएर भने भीमसेनको पूजा व्यापक रूपमा हुन थालेको देखिन्छ । भीमसेन शक्तिशाली पात्र भएको कारण शक्तिप्राप्तिका लागि भीमसेनलाई पूजा गर्ने प्रचलन मल्लकालपछि भने नेपालका सबै ठाउँमा विस्तार हुन पुगेको देखिन्छ । काठमाडौँ उपत्यकाका नेवारहरूले भीमसेन पूजा व्यापक रूपमा गर्ने गरेको देखिन्छ । उनीहरूले भीमसेनलाई भैरवको रूपमा समेत पूजा गर्ने गर्दछन् ।

भीमसेनको पूजा हिन्दु, गैह्रहिन्दु, बौद्धमार्गी आदि सबैले गर्ने गरेको भेटिन्छ । विभिन्न प्रभावको कारण नेपालका काठमाडौं उपत्यकादेखि पूर्वपश्चिम सबै क्षेत्रमा भीमसेनपूजा गर्ने गर्दछन् । काठमाडौं उपत्यकाका नेवार समुदायले त भीमसेनलाई आफ्नो आराध्यदेवका रूपमा पूजा गर्ने, भीमसेनलाई बल, शक्ति र समृद्धिको लागि पूजाअर्चना गर्ने गर्दछन् । उपत्यकाका नेवारी समुदायले भीमसेन जात्राको रूपमा समेत मनाउँदै भीमसेनप्रतिको भक्तिभाव प्रकट गर्दछन् भने अन्य समुदायले समेत भीमसेनको उपासना गर्ने गर्दछन् ।

**ज) पञ्चकन्याबारे सङ्क्षिप्त जानकारी**

हिन्दु धर्मशास्त्रमा पञ्चकन्याबारे निकै महत्त्वका साथ चर्चा भएको पाइन्छ । प्राचीन हिन्दु शास्त्रहरूमा महिलालाई देवीका रूपमा वा शक्तिशाली पात्रको रूपमा चर्चा गरिएको पाइन्छ । यसरी विभिन्न नारी शक्तिहरूमा महाभारत तथा पुराणहरूमा खास गरेर ब्रह्मपुराणमा पाँचकन्याबारे चर्चा भएको पाइन्छ । ती पञ्चकन्या अहिल्या- गौतम ऋषिकी पत्नी, द्रौपदी- पाण्डवकी पत्नी, तारा- बानरराज वालीकी पत्नी, कुन्ती- पाण्डुकी पत्नी र मन्दोदरी- रावणकी पत्नी हुन् । वास्तवमा पाँच कन्या भनिए तापनि उनीहरू सबै विवाहित हुन् यद्यपि यिनीहरूलाई कन्यादेवीको रूपमा नै स्तुति आराधना गरिन्छ ।

यसरी नै हिन्दु धर्मकै महत्त्वपूर्ण ग्रन्थ महाभारतअनुसार भने कुन्तीको ठाउँमा सीतालाई राखेर अहिल्या, द्रौपदी, सीता, तारा र मन्दोदरीलाई पञ्चकन्या भनिएको पाइन्छ । यी पञ्चकन्याहरूमध्ये कसैले रामायणले उल्लेख गरे अनुसारको पञ्चन्यालाई आधिकारिक मानेको देखिन्छ भने कतिपयले भने महाभारतले वर्णन गरेका पञ्चकन्यालाई आधिकारिक मान्ने गरेको देखिन्छ ।

यी पाँचकन्याहरूको संक्षिप्त परिचय देहाय अनुसार छ :

**१) अहिल्या**

अहिल्या अत्यन्तै सुन्दर नारी थिइन् । उनलाई देख्दा जोकोही मख्ख पर्ने गर्दथे । उनी आफ्ना पति गौतमसँग जङ्गलमा बसेर ध्यान तपस्या गर्ने गर्दथिन् । एकदिन राजा ईन्द्रले छलकपट गरेर गौतम पत्नी अहिल्यालाई सहवास गर्‍यो । गौतम महर्षि बिहानै नुहाउनको लागि खोलामा गएको मौकामा ईन्द्रले अहिल्यालाई यौनप्यास बुझाएको थियो । यो घटनाबारे गौतमले तुरुन्तै चाल पाए तब उनी अत्यन्त क्रोधित बन्न पुगे । अहिल्याले अनेक पटक अनुनयविनय गर्दा पनि क्रोधित उनका पति गौतमले श्राप दिए र अहिल्या पत्थरको रूपमा रहन पुगिन् । 'त्रेता

युगमा भगवान विष्णु रामको अवतार लिन्छन् र उनको पाउ उक्त पत्थरमा परेपछि मात्र तिम्रो मुक्ति हुनेछ भन्ने श्राप दिएका कारण अहिल्या ढुङ्गाको रूपमा रहेकी हुन् । त्यसैले विभिन्न स्थानमा अहिल्यालाई पत्थरको रूपमा पूजाआजा गर्न थालिएको हो भन्ने मिथक पाइन्छ । अहिल्या र गौतम ऋषिको यी विवरणहरू मुख्य रूपमा वाल्मीकि रामायणको अतिरिक्त पुराण, महाभारत आदि ग्रन्थहरूमा उल्लेख भएको पाइन्छ ।

**२) द्रौपदी**

'द्रौपदी' महाभारतको प्रमुख पात्रहरू पाँचपाण्डवको साझा पत्नी हुन् । उनको जन्म यज्ञद्वारा भएको मानिन्छ । त्यसैले द्रौपदीलाई याज्ञनी पनि भनिन्छ । द्रौपदी एक अत्यन्तै सहनशीला नारीको रूपमा महाभारतमा चित्रित भएकी पात्र हुन् । महाभारतमा अत्यन्तै चर्चित, विशेष र विचित्र पात्रको रूपमा द्रौपदीलाई पाउन सकिन्छ । उनको यही शक्ति, सहनशीला, त्याग र समर्पणकै कारण उनलाई पनि पञ्चकन्यादेवीको रूपमा सम्मान गरिन्छ ।

**३) तारा**

समुन्द्र मन्थन गर्दा उत्पन्न हुन पुगेकी तारा एक सुन्दर अप्सरा थिइन् । उनको विवाह बानरराज बालीसँग भएको थियो । बाली निक्कै शक्तिशाली थियो । रामले छल गरेर बालीको हत्या गरेको हुँदा बालीको हत्यापछि ताराले अत्यन्त धेरै दुःखकष्ट भोग्नु परेको कारण ताराले रामलाई श्राप दिएको थियो भन्ने उल्लेख पाइन्छ ।

**४) कुन्ती**

कुन्तीको असली नाम पृथा हो । उनलाई कुन्तीभोजले कुन्ती नाम राखिदिएका हुन् । यदुवंशी राजा शुरसेनकी पुत्री कुन्तीको विवाह हस्तिनापुरका राजा पाण्डुसँग भएको थियो । पाण्डुका पाँचपुत्रहरूमध्ये युधिष्ठिर, अर्जुन र भीम कुन्तीपट्टिका हुन् भने नहकुल र सहदेव दोस्रो अश्विनीकुमार र माद्रीको सन्तान हुन् । कुन्तीको महिमा पनि महाभारतमा उच्च स्थानको पाइन्छ। त्यसैले कुन्तीलाई पनि पञ्चकन्याको रूपमा पूजास्तुति गर्ने गरिन्छ। कुन्तीले पाण्डुसँग विवाह गर्नुपूर्व सूर्यबाट कर्णलाई जन्म दिएकी थिइन् तर विवाहपूर्व जन्मिएको हुँदा कर्णलाई उनले टोकरीमा राखेर बगाइ दिइन् । उक्त बालकपछि माझी दम्पतीले फेला पारेर हुर्काए । पाण्डुसँग विवाह गरेर पनि उनका तीन पुत्रहरू यमराजबाट युधिष्ठिर, वायुबाट भीमसेन र इन्द्रबाट अर्जुनको जन्मभएको मानिन्छ ।

**५) मन्दोदरी**

रामायणका महत्त्वपूर्ण पात्र रावणकी श्रीमती हुन् मन्दोदरी । चिरकुमारीको रूपमा समेत परिचित मन्दोदरीकी आमा अप्सरा हेमा हुन् भने पिता राक्षसराज मयासुर हुन् । अत्यन्तै सुन्दरी मन्दोदरीको विवाह भगवान् शिवको वर पाएर रावणसँग भएको मानिन्छ । मन्दोदरी संसारमा सबैभन्दा विद्वान् पुरुषसँग विवाह गर्न चाहन्थिन् । त्यही इच्छा बमोजिम उनको विवाह रावणसँग भएको थियो । किनभने रावण अत्यन्तै ठुलो धुरन्धर विद्वान् थिए । मन्दोदरीको त्यही त्याग, तपस्या र समर्पणका कारण उनलाई पनि पञ्चकन्याको रूपमा पूज्ने गरिन्छ ।

### झ) देवाली (मष्टो) शीर्षक पूजन

कुलपूजा गर्दा देवीदेवतालाई आङमा चढाउने कार्यलाई देवाली भनिन्छ । देउतालाई धामीमा वा पूजारीमा अवतार गराउने कार्य नै देवाली हो । यसबेला देवाली धामीले आफूले नभएर पुरे देवताको रूपमा बोलिरहेको हुन्छ । आफुलाई बिर्सिएर देवतालाई आफ्नो आङमा प्रकट गराएर बोलिने वा बक्ने कार्य नै देवाली हो । देवालीमा बाह्र भाइ मष्टो र नौ बहिनी दुर्गा भवानीको देवाली गरिन्छ । देवालीमा बाह्र भाइ मष्टो, नौ बहिनी भवानीका अतिरिक्त केदारनाथ तथा अन्य दैवी शक्तिहरूको समेत पूजा गरिन्छ । खस आर्यहरूले कुलपूजा वा कुलायन पूजा देवालीका रूपमा मनाउने गर्दछन् । देवालीको बेलामा कुलदेवता, इष्टदेवता र आफ्ना क्षेत्रका स्थानीय देवीदेवताहरूको पूजाअर्चना गरिन्छ । देवताको प्रकृतिअनुसार बोकाको बलि दिएर तथा फलफूलले देवाली मनाउने गरिन्छ ।

देवाली कुलपूजा हो । यो वैदिक परम्पराभन्दा भिन्न छ । मष्टो, नवदुर्गा भवानी, केदार, स्थानीय देवीदेवता तथा अन्य वस्तुहरू जस्तैः खोला, नाला भीरपाखा, वनजंगल, जलाशय, भीर, गुफा, झरना, लेकबेसी, खेत-गरा आदि प्राकृतिक ठाउँ र वस्तुहरूलाई पनि देवता मानी देवाली गर्ने गरिन्छ । यसरी हेर्दा के देन्छि भने खस जाति गैरवैदिक जाति हुन् । पछि वैदिक आर्यहरूसँगको संसर्ग तथा सम्पर्कको कारण यिनीहरूमा वैदिक प्रभाव पर्‍यो । यद्यपि खसहरूको प्राचीन देवाली मष्टोपूजन परम्परा अझैसम्म जीवित रहेको पाइन्छ ।

'मष्टो' शब्दको व्युत्पत्ति (निर्माण) सम्बन्धमा विभिन्न प्रकारको फरक फरक धारणाहरू पाइन्छ । कसैले मरुत्तस (वायु) शब्दबाट मरुत्तम श्र मउत्त श्र मउटट् श्र मष्ट हुँदै मष्टो भएको धारणा राखेको पाइन्छ भने कसैले महइष्ट अर्थात् ठूलो देवता वा अभिभावकबाट मष्टो शब्दको निर्माण भएको ठान्दछन् । यसरी नै कसैले मरुत् शब्द अपभ्रंश भई मष्टो भएको ठान्दछन् भने कसैले मन्ठ वा मन्ठा (मान्छे) शब्दबाट मष्टो भएको ठान्दछन् । यसरी मष्टो शब्दको व्युत्पत्ति सम्बन्धमा विभिन्न प्रकारको धारणाहरू पाइन्छ तर मूलत : मष्टो शब्दको वर्तमान अर्थ देवता

वा मूल देवता भन्ने लाग्दछ । मष्टोको नामहरू ठाउँअनुसार फरक फरक पाइन्छ । मष्टोलाई ठाउँअनुसार मैठा, मैठो, मुष्टो, मोष्टा, मुन्ठा, मुन्ठो, मुइठो आदि । विभिन्न नामले सम्बोधन गरिन्छ ।

मष्टो भनेको वास्तवमा कुलायन वा देवाली हो । यसको उद्भव कहाँबाट भयो भन्ने सन्दर्भमा पनि मतैक्यता छैन । कसैले मष्टोको प्रचलन खसहरू हिमाली क्षेत्र नेपालमा प्रवेश गरेपछि सुरु भएको ठान्दछन् भने कसैले मष्टोको सुरुवात बेबिलोन सभ्यताबाटै सुरु भएको ठान्दछन् । यसको प्रारम्भ कहिले र कहाँबाट भयो भन्ने यकिन नभए तापनि मष्टो गैह्रहिन्दु कुलायन पूजा हो भन्ने कुरामा भने विवाह देखिदैन । मष्टो परम्परा हिन्दु परम्पराभन्दा भिन्न र फरक धर्म हो भन्ने विषयमा भने सबैको मतैक्यता देखिन्छ । कसैकसैले मष्टोको उत्पत्ति र शक्तिकेन्द्र हिन्दु देवता महादेव हो त्यसैले मस्टो हिन्दू धर्मकै शाखा हो भनेको पाइन्छ तर यो धारणा गलत हो । मष्टोको बारेमा वेद, पुराण आदि संस्कृत वाङ्मयमा प्रष्ट रूपमा उल्लेख भएको छैन । प्राचीन खसहरूले हिन्दु धर्म अपनाएको कतै पनि भेटिँदैन । मष्टोको पुजनविधि र प्रक्रिया हिन्दू धर्मभन्दा नितान्त फरक भेटिन्छ । यसरी हेर्दा के पुष्टि हुन्छ भने मष्टो परम्परा गैह्र हिन्दु सांस्कृतिक, परम्परा हो ।

मष्टो परम्परा निकै प्राचीन र विशेष देखिन्छ । यसलाई खसहरूले देवाधिदेवका रूपमा समेत पूजा गर्दछन् । कुमाउ गढवालबाट ल्याइएको मष्टालाई सर्वप्रथम नेपालको वर्तमान बझाङ जिल्लाको ढँडारमा ल्याएर स्थापना गरिएको विश्वास पनि गरिन्छ भने कसैले भारतको बद्री केदारबाट आएर नेपालको अछाममा बसेका हुन् भन्ने विश्वास गर्दछ ।

**मष्टो र भवानीको प्रकारहरू**

मष्टो संख्या १२ र भवानीको संख्या ९ बहिनी भन्ने मान्यता र विश्वास नै सबैभन्दा बलियो देखिन्छ । कर्णाली क्षेत्रमा प्रचलित किंवदन्ती, फाग, मागल, सगुन, चैत आदि लोकगीतहरूमा १२ भाई भष्टो र नौ बहिनी भवानीको चर्चा पाइन्छ । तेजबहादुर कार्की (२०७५ : १०४) ले सूर्यमणि अधिकारीको उद्धृत गर्दै देहाय अनुसारको मष्टोको चर्चा गरेका छन् :

| **क्र.सं.** | **मष्टाको नाम** | **स्थान** | **जेष्ठता क्रम** |
|---|---|---|---|
| १. | ढँडार मष्टो | बझाङ | जेठो |
| २. | खापर मष्टो | बझाङ, खप्तड | माइलो |

| | | | |
|---|---|---|---|
| ३. | तेडी मष्टो | गढसेरा (डोटी) | साइलो |
| ४. | कवा मष्टो | कवालेख (अछाम) | राइँलो |
| ५. | काल सिल्ला मष्टो | विनायक (अछाम) | ठाइँलो |
| ६. | रुमाल मष्टो | खिङ्कसैन (कालिकोट) | काइँलो |
| ७. | बडु मष्टो | जुम्ला | अन्तरे |
| ८. | थार्प मष्टो | जुम्ला/मुगु | जन्तरे |
| ९. | गुरो मष्टो | हुम्ला/मुगु | मन्तरे |
| १०. | दाह्रे मष्टो | जुम्ला/मुगु/जाजरकोट | पानी मन्तरे |
| ११. | दूधे मष्टो | जुम्ला/मुगु/जाजरकोट | पखन्तरे |
| १२. | बाबिरो मष्टो | जुम्ला | कान्छो |

***स्रोत:*** बाइसे राज्यको इतिहास, पृ. २८८ ।

यसरी नै कार्की (ऐ.) ले निम्न नौ दुर्गा भवानीको उल्लेख गरेका छन् । कालिका, मालिका, कनका सुन्दरी, त्रिपुरा सुन्दरी, जालपा, खेसमालिनी, ठिङ्याल्नी, हिमालिनी र विन्ध्यावासिनी ।

## ३.४ कागेश्वरी मनोहरा नगरपालिकामा अवस्थित बौद्ध धर्मावलम्बीहरुको धार्मिक, सांस्कृतिक स्थलहरुको सङ्क्षिप्त परिचय

### ३.४.१ विषयपरिचय

बौद्ध सम्प्रदायको प्रवर्तक सिद्धार्थ गौतम बुद्ध हुन् । हुन त सिद्धार्थ गौतमभन्दा अगाडि पनि कयौं बुद्धहरु थिए । तर यहाँ सिद्धार्थ गौतम बुद्धकै चर्चा गरिएको छ । बुद्धको अवसानपछि उनका अनुयायीहरूले बौद्ध धर्म दर्शनलाई आ-आफ्ना ढङ्गले व्याख्या विश्लेषण गर्ने क्रममा विभिन्न सम्प्रदायहरूमा विभाजन हुन पुग्यो । हिनयान (थेरवाद) महायान, बज्रयान आदि मुख्य विचारधार तथा यिनीहरूबाट पनि अन्य विभिन्न विचारपथहरू जन्मन पुग्यो । यसरी बौद्धधर्म परम्परामा अनेकौं प्रकारका सम्प्रदायहरूको विकास भए तापनि उनीहरूले बौद्धधर्म, दर्शनलाई ज्ञान, ध्यान, तपस्या, अध्ययन, तप, जप, आहार, विहार गर्नका लागि हिन्दुहरूले मन्दिर,

मुस्लिमहरूले मस्जिद, किरातहरूले माङ्खिम, माङ्हिम, क्रिश्चियनहरूले चर्च बनाएजस्तै बौद्धमार्गीहरूले गुम्बा, विहार, चैत्य र मानेको निर्माण गर्ने गर्दछन् । यी गुम्बा, विहार, चैत्य र मानेमा बौद्धमार्गीहरूले आफ्ना सम्पूर्ण धार्मिक, सांस्कृतिक गतिविधिहरू सम्पन्न गर्ने गर्दछन् । झट्ट सुन्दा र बुझ्दा गुम्बा, विहार, चैत्य र माने एउटै वस्तु हो जस्तो लाग्न सक्छ । तर यिनीहरूबीच भिन्नता पाइन्छ । यिनीहरूबीचको भिन्नताहरूलाई देहायअनुसार प्रस्तुत गर्न सकिन्छ :

**क) गुम्बा :**

गुम्बा भन्नाले सामान्यतः बौद्ध धर्मावलम्बीहरूको कर्मकाण्ड स्थल, बासस्थान र अध्ययन केन्द्र भनेर बुझिन्छ । गुम्बामा बौद्ध लामाहरूले ध्यान, जप, तप, अध्ययन तथा बौद्ध परम्पराका धार्मिक कार्यहरूसमेत सम्पन्न गर्ने गर्दछन् । बौद्ध धर्मावलम्बीहरूमा पनि खास गरेर महायानी लामाहरूले गुम्बामा सम्पूर्ण धार्मिक गतिविधिहरू सम्पन्न गर्ने गर्दछन् ।

**ख) विहार :**

विहार भन्नाले शान्तपूर्वक टहलिने काम, घुमफिर गर्ने काम, बौद्ध लामाहरू वा भिक्षुहरूको बासस्थान, बौद्ध परम्पराको धार्मिकस्थल आदि बुझिन्छ । विहारमा बौद्ध भिक्षुहरू, लामाहरू ध्यान, ज्ञान, योग, अध्ययन अध्यापन आदि कार्य गर्दछन् । विहार बौद्ध लामाहरूको भिक्षुहरूको आश्रयस्थल र घुमफिर गर्ने ठाउँका अतिरिक्त बौद्ध धर्मसम्बन्धी अध्ययन, अध्यापन गर्ने स्थलसमेत हो । गुम्बामा बौद्ध सम्प्रदायहरूको वा बौद्धमार्गीहरूको धार्मिक, सांस्कृतिक अनुष्ठानसमेत गरिन्छ भने विहारमा त्यस प्रकारको कर्मकाण्डहरू प्रायः गरिँदैन । विहार केवल अध्ययन, ध्यान, ज्ञान आर्जनको आश्रयस्थलका रूपमा मात्र उपयोग गर्ने गरिन्छ ।

**ग) चैत्य**

चैत्य भन्नाले चौतारो, पाटी, पौवा, बौद्ध स्तूप, बौद्धमार्गीहरूको समाधिस्थल आदि बुझिन्छ । चैत्य विशेषतः बौद्ध धर्मावलम्बीहरूले निर्माण गर्ने गर्दछन् । उनीहरूले स्मारकका रूपमा माटो ढुङ्गा, इँटा, सिमेन्ट आदिका थुप्रो लगाएर ठूलो ढिस्को वा स्तूप बनाएका हुन्छन् । सामान्यतः त्यही स्मारक वा ढिस्कोलाई नै चैत्य भनिन्छ । बौद्धमार्गीहरूले चैत्यभित्र बुद्धका अस्तु वा अवशिष्ट चिन्ह राख्नका लागि यसको निर्माण गर्ने गर्दछन् ।

**घ) माने :**

मानेको शाब्दिक अर्थ विभिन्न छन् तर यहाँ मानेको अर्थ बौद्धमार्गीहरूको समाधिस्थलका रूपमा लिइएको छ । माने भनेको बौद्ध धर्मावलम्बीहरूको समाधिस्थल हो । बौद्ध धर्मावलम्बीहरूले मृतकको शरीरलाई जलाउने गर्दछन् । यसरी मृतकको शवलाई जलाएको ठाउँमा केही अग्लो ढिस्को वा पर्खाल लगाएर निर्माण गरिएको स्थानलाई नै माने भनिन्छ । यसको आकार सामान्यतः माना अर्थात् अन्न भर्ने वा नाप्ने पाथीभन्दा सानो भाँडोको आकारको हुने हुनाले नै बौद्धमार्गीहरूको यस स्मारकलाई माने भनिएको हुनसक्छ ।

निष्कर्षतः के भन्न सकिन्छ भने बौद्ध धर्मावलम्बीहरूको महत्त्वपूर्ण धार्मिक सांस्कृतिक स्थलहरू गुम्बा, विहार, चैत्य र मानेबीच निक्कै भिन्नता पाइन्छ । लामा वा भिक्षुहरू बस्ने अध्ययन, अयापन गर्ने र धार्मिक, सांस्कृतिक कर्मकाण्डहरू समेत गर्ने ठाउँ गुम्बा हो भने केवल ज्ञान प्राप्त गर्ने उद्देश्यले निर्माण गरिएको शान्त, सफा, सुन्दर ज्ञान केन्द्रलाई विहार भनिन्छ । यसरी नै बुद्धका अवशिष्ट वा अस्तुलाई राख्नका लागि निर्माण गरिएको उच्च स्तुप वा स्मारकलाई चैत्य भनिन्छ । समाधिस्थल वा चिहानमाथि निर्माण गरिएको स्मारकलाई माने भनिन्छ । बौद्धमार्गीहरूले गुम्बा, विहार, चैत्य र मानेमा ध्वजापताका (लुङ्दर) राखेर, टाँगेर, गाडेर झकिझकाउ बनाएका हुन्छन् । जुन सबै धार्मिकस्थलको साझा विशेषता हो ।

**सिद्धार्थ गौतम बुद्धको सङ्क्षिप्त जीवनी**

सिद्धार्थ गौतम नेपालको कपिलवस्तु जिल्लामा ई.पु. ५६३ मा (समय सम्बन्धी फरक धारणा) शाक्यवंशी क्षेत्रीय राजा शुद्धोदन र रानी मायादेवीका प्रथम पुत्रका रूपमा जन्मिएका थिए । एक दिन रानी मायादेवी आफ्नो माइती देवदहमा जाने क्रममा लुम्बिनीको सुन्दर जङ्गलमा सिद्धार्थ गोतमको जन्म भएको थियो । सिद्धार्थ गौतम जन्मनसाथ ज्योतिषीले उनलाई कि ठूलो राजा बन्नेछन् कि सन्यासी (ज्ञानी) बन्नेछ भन्ने भविष्यवाणी गरेका थिए । यसरी आफ्नो एकमात्र सन्तान सन्यासी बन्ला भनेर चिन्तित राजा शुद्धोधनले आफ्ना छोरा सिद्धार्थका लागि कुनै पनि प्रकारको सुख सुविधा, शिक्षादीक्षामा कमी हुन नदिन अत्यन्त ध्यान दिएका थिए । सिद्धार्थ गौतम इतिहास, राजनीति, दर्शनशास्त्र, नीतिशास्त्र अस्त्र-शस्त्र आदि सबै विषयमा पारङ्गत पनि भए । सिद्धार्थ गौतम जन्मिएको सातौ दिनमा उनकी माता मायादेवी स्वर्गवास भएकी हुँदा मायादेवीकि बहिनी प्रजापति गोतामीले सिद्धार्थ गौतमलाई हुर्काइन् । राजा

शुद्धोदनले राजकुमार गौतम बाह्य दुनियाँदेखि टाढा राख्न चाहेका थिए । तर सिद्धार्थ गौतम बेग्लै स्वभावका मानिस थिए । उनी दरबार भित्रको वातावरणदेखि नै दुःखित थिए । दरबारका मानिसहरू सुसारे, सुसारनी, माली, सुरक्षाकर्मी आदिलाई देखेर सिद्धार्थ गौतम आफू खुसी भए पनि उनीहरू खुःसी छैनन भन्ने निष्कर्षमा थिए ।

सिद्धार्थ गौतमको विवाहको कुरा देवदहको कुमारी यशोधारासँग चल्यो । तर सिद्धार्थको झुकाव राजनीतिमा भन्दा अन्य विषयमा नै भएको हुँदा यसोधराको बुबा राजा दण्डपाणिलाई सिद्धार्थको क्षमतामा शङ्का थियो । तर सिद्धार्थ गौतमले घोडासवारी, लक्षभेद आदि सबै पराक्रम प्रस्तुत गरेर विरोधीहरूको मुखमा बुझो लगाइदिए । अन्ततः सिद्धार्थ गौतमको विवाह यसोधरासँग परम्परागत रूपमा सुसम्पन्न भयो । सिद्धार्थ गौतम विवाह पछि त सांसारिक रमझममा, पारिवारिक रमझममा खुःसी होलान् भन्ने परिवारको विश्वास थियो । तर उनी विवाहपछि पनि खुःसी हुन सकेनन् । सिद्धार्थ गौतम दरबारको भव्य भौतिक सुविधाहरूले खुसी हुन सकेनन् । उनी त्यस दरबारको घेराबाट बाहिर निस्कन चाहन्थे । त्यसैले उनले दरबार बाहिर निस्कने अठोट गरेर आफ्नो एउटा सारथीचन्न(छन्दक) लिएर दरबार बाहिर निस्कन थाले । पहिलो दिन दरबार बाहिर जाँदा बाटामा एउटा बुद्ध पुरुषमाथि सिद्धार्थको दृष्टिपात भयो । उक्त बृद्ध मानिस हिड्न समेत नसकेर काम्दै कुप्रो परेर हिडिरहेको देखेर उनी अच्चम्मित भए । यो कुन जीव हो भनेर उसले आफ्नो सारथीलाई सोध्दा उनले मान्छे नै भएको जवाफ पाए । उनले संसारका हरेक मान्छे यसरी एक दिन वृद्ध हुन्छन् भन्ने जानकारी सिद्धार्थलाई गराए । मान्छेको यस्तो अवस्था हुन्छ भनेर बुझ्दा सिद्धार्थ गौतम तिनछक्क परे । यसरी नै अर्को दिन घुम्न निस्कदा सिद्धार्थले बाटामा रोगले छट्पटाई रहेको रोगग्रस्त मानिसलाई देखे । अर्को दिन उनले मृत्युवरण गरेका लास (मृतशरीर) बाटामा भेटे । सिद्धार्थ गौतमले बल्ल मानिस बुढो हुँदो रहेछ, रोगी हुँदो रहेछ र एक दिन मर्नै पर्ने रहेछ भन्ने ज्ञान प्राप्त गरे । उनी मानिसको यस्तो विवश अवस्था देखेर झन विचलित र दुःखित बन्न पुगे । फेरि कुनै अर्को दिन उनी बाहिर निस्कदा उनले एक जना भिक्षुलाई भेटे । जो सांसारिक मोहबाट मुक्त भएर सन्यास बनेका थिए । त्यो भिक्षु देखेर सिद्धार्थ गौतमलाई आफू पनि भिक्षु हुने र मानवमात्रको दुःखको कारण पत्ता लगाउने अनि मानिसलाई दुःखबाट मुक्त गर्ने दृढ विचार गरेर घर फर्के । सिद्धार्थ गौतममा कस्तो विचार

पैदा भयो भने "संसारमा कुनै पनि कुरा स्थायी छैनन र सबै कुरा परिवर्तनशील छन् ।" केही समय पछि सिद्धार्थ गौतमले राहुल (बन्धनको अर्थ दिने) नामक पुत्रलाभ गरे । दरबारमा ठूलो खुसीयाली भयो । ठूलो भोजको आयोजना गरियो । तर सिद्धार्थलाई भने पुत्रलाभबाट कुनै प्रकारको उत्साह र खु:सीयाली प्राप्त हुन सकेन । उनलाई पुत्रलाभबाट झन निराशा पैदा भएको थियो । एक रात सिद्धार्थले मनमनै निर्णय गरेकि यो सांसारिक क्षणिक भौतिक दुनियालाई छाडेर ज्ञान प्राप्तिको लागि बाहिर निस्कने त्यसपछि उनी मध्यरातमा उठे, आफनो निदाइरहेकी श्रीमती र बालकतिर एक नजर हेर्दै, उनीहरूबाट विदा लिए र सदासदाका लागि दरबारबाट बाहिर दुनियाँमा निस्किए ।

यसरी सद्धार्थ गौतम आफ्नो राजगद्दी, राजकीय सुख-सयल श्रीमती र बालक छोरालाई समेत छाडेर ज्ञान प्राप्तिको लागि बाहिर निस्किए । सिद्धार्थगौतमले कपिलवस्तु छाडेर निकै टाढा पुगेपछि साथमा गएका सारथी चन्न (छन्दक) लाई आफूले लगाएको सम्पूर्ण गर-गहनाहरू फुकालेर दिए र उनलाई फर्काए । त्यसपछि उनले आफ्नो लामा कपाल पनि खौरिए । गौतमले आफूले लगाएको महङ्गा कपडाहरू समेत फुकालेर गरिव सिकारीलाई प्रदान गरेर आफूले उसको कपडा लगाए ।त्यसपछि उनी अत्यन्त सामान्य वेशभुषामा हिड्न थाले । यसरी सिद्धार्थ गौतम उनन्तीस वर्षको उमेरमा दरबार छोडेर बाह्य दुनियामा धेरै वर्षसम्म भिक्षु भएर घुमिरहे । सिद्धार्थ गौतमले विभिन्न स्थानमा विभिन्न तपस्वीहरू, गुरुहरूसमेत भेट्टाए । उनले भ्रमणका क्रममा पाँज जना तपस्वीहरूलाई भेटे उनीहरू अत्यन्त कम खाएर साधनमा तल्लीन हुने गर्दथे । उनीहरूले सिद्धार्थ गौतमलाई पीडामाथि विजय प्राप्त गर्नकालागि पीडालाई सहनै पर्छ भन्ने ज्ञान दिलाए । त्यसपछि सिद्धार्थले पनि अत्यन्त पीडादायी अभ्यासहरू सुरु गरे । जाडो, गर्मी, घाम, पानी, भोक, तिर्खा नभनी सिद्धार्थ गौतम केवल ध्यानमा केन्द्रित हुन थाले ।

सिद्धार्थ गौतम लामो समयसम्म सबै कुरा विर्सिएर केवल ज्ञान प्राप्तिको लागि ध्यानमा मात्र लिप्त भए । उनी यति कम्जोर भए कि आफ्नो शरीर समेत उठाउन, चलाउन नसक्ने कमजोर बन्न पुगे । उनी ध्यानमा बसेको जङ्गलको नजिकै एउटा गाउँ थियो । त्यस गाउँमा एउटा गोठाला र उनकी श्रीमती सुजाता बस्ने गर्दथे । आफ्नो पहिलो सन्तान जन्मिएकोमा सुजाता निकै खु:सी थिईन् । उनले वैशाख पूर्णिमाको दिन अत्यन्त मीठो भोजन तयार पारिन् र सिद्धार्थ बस्न पुगेको रुखमा भोजन चढाउन लागिन्। जब उनी जङ्गल पुगिन्, त्यहाँ

सिद्धार्थलाई बसिरहेको देखिन् । अत्यन्त दुब्लो र कमजोर शरीर भएको सिद्धार्थलाई देखेर सुजाता छक्क परिन् । अत्यन्त दुब्लो तर चमकदार अनुहार भएको पूर्वदिशातिर मुहार फर्काएर बसेको, सूर्यको किरण अनुहारमा परेको सिद्धार्थलाई देखेर सुजातालाई आश्चर्य लागिरहेको थियो । उनले वृक्षदेवता प्रकट भएको ठानिन् । सुजाताले आफूले ल्याएको भोजन सिद्धार्थको अगाडि राखिदिइन् । सिद्धार्थले विस्तारै आँखा खोले र आफ्नो अगाडि राखिएको खाना मुस्कुराउँदै ग्रहण गर्न थाले र सुजातालाई धन्यवाद व्यक्त गरे । सिद्धार्थ गौतमले सुजाताले दिएको खाना स्वीकार गरेको देखेर उनीसङ्ग रहेका पाँचजना सन्यासीहरू निराश भए । उनीहरूले सिद्धार्थ पथभ्रष्ट भएछन भन्ने ठानेर उनीहरू सिद्धार्थलाई छाडेर अन्तै लागे । तर सिद्धार्थले दुवै अतिवादलाई विलासिताको जीवन र आत्म-दमनको जीवन त्यागेर बिचको 'सम्यक पथ' ग्राहण गर्न पुगे । एक दिन सिद्धार्थ गया नजिकैको गाउँमा गएरएउटा वृक्षको मुनि बसे, त्यसैलाई मानिसहरूले बोधीवृक्ष भन्न थाले । त्यही वृक्ष मुनि बसेर ध्यान गर्न थाले । सोही रातको प्रथम प्रहरमा क्रमशः ध्यानको द्वितीय, तृतीय र चतुर्थ अवस्था प्राप्त गरे । उनलाई पूर्वानुस्मृतिज्ञान (पूर्व जन्मको कुरा थाहा पाउने ज्ञान) प्राप्त भयो । उनका अविद्या नष्ट भयो, विद्या उत्पन्न भयो र त्यहीँ उनी निर्वाणानाको चरणमा पुगे । उनले दुःख के हो ? दुःख किन हुन्छ ? यसको निरोध के हो ? र दुःखको निरोधको मार्ग के हो ? भनी यथार्थ बुझे । यसरी पैतिस वर्षको उमेरमा सांसारिक दुःखकष्टबाट आफूलाईमुक्त गराएर सिद्धार्थ गौतम 'बुद्ध' बन्न सफल भए ।

## ३.५ कागेश्वरी मनोहरा नगरपालिकामा अवस्थित किरात धर्मावलम्बीहरुको धार्मिक, सांस्कृतिक स्थलहरुको सङ्क्षिप्त परिचय

### विषयपरिचय

राष्ट्रिय जनगणना २०७८ अनुसार कागेश्वरी मनोहरा नगरपालिकाको जनसङ्ख्या क्रमशः बाहुन ३९४४६ अर्थात् ३०.२ प्रतिशत, क्षेत्री ३९१८८ अर्थात् ३०.० प्रतिशत, तामाङ १५६२३ अर्थात् १२.० प्रतिशत, नेवाः नेवार ११३७८ अर्थात् ८.७ प्रतिशत, राई ३४७५ अर्थात् २.७ प्रतिशत रहेको छ । यसरी हेर्दा के देखिन्छ भने कागेश्वरी मनोहरा नगरपालिकामा स्थायी रूपमा बसोबास गर्ने राई समुदाय प्रशस्त छन् ।यस कागेश्वरी नगरपालिकाभित्र खोज अन्वेषण गर्दा यस नगरपालिकाभित्र बसोबास गर्ने राई जातिको धार्मिक सांस्कृतिक स्थल फेला पार्न

नसकिए तापनि हरेक वर्ष उँधौली र उँभौलीको समयमा यस नगरपालिकाको विभिन्न क्षेत्रमा राई जातिको महत्त्वपूर्ण साकेला पर्व भव्य रुपमा मनाउने गरेको पाइयो। त्यसैले यहाँ साकेला पर्व र उक्त पर्वको बेला गाउने महत्त्वपूर्ण गीत साकेला बारेको छोटो चर्चा गरिएको छ।

**साखेवा/साकेला**

किरात राई जातिको महत्वपूर्ण चाड साकेला र यसको बारेमा भक्त राई (२०७१) ले यसरी चर्चा गरेका छन् : किरात राई जातिको चाडपर्वहरूमध्ये उँधौली र उभौली महत्वपूर्ण पर्व हो। मंसिरे पूर्णिमाको दिन मनाउने उँधौली तथा वैशाखे पूर्णिमाको दिन मनाउने उभौली पर्वका बेला गाइने साकेलागीत किरात राई जातिमा प्रचलित विभिन्न गीतहरू मध्ये महत्वपूर्ण तथा सर्वव्यापी गीत हो। यो विशेष अवसर उँधौली र उभौलीको बेला मात्र गाइने हुनाले यसलाई पर्वगीत भनिन्छ। साकेलागीत नृत्यको सहकारितामा गाइने अर्थात् नृत्यसँगसँगै गाइने हुनाले यसलाई नृत्यगीतका रूपमा समेत लिन सकिन्छ। किरात राई जातिभित्र विभिन्न प्रकारका भाषिक सम्प्रदायहरू रहेका छन्। त्यसैले उभौली, उँधौलीलाई आ-आफ्ना भाषा अनुसार साकेला, साकेवा, साकेन्वा, दँदेवा, साँब्रे, खाउमो, चण्डीनाच आदि नामबाट सम्बोधन गर्ने गर्दछन्। भाषिक रूपमा अलग-अलग यसको नाम भए पनि मूलतः यस पर्वमा पितृ र प्रकृतिको पूजा आराधना गरिन्छ। उभौली र उँधौलीका रूपमा वर्षको दुईपटक विशेष तरिकाले धुमधामसँग मनाउने गरिन्छ।

उँधौली र उभौलीमा नाचगान गर्ने तथा पूजा आराधना गर्ने विधि एउटै हुन्छ तर, फरक के हुन्छ भने उभौलीमा खेतीपाती राम्रो होस् सबैमा शान्ति, सम्बृद्धि होस्, प्राकृतिक विपत्ति आइ नलागोस् भन्ने कामना गर्दै पूजा अर्चना गरिन्छ भने उँधौलीमा प्रकृति र पितापुर्खाको आशीर्वादले गर्दा अन्नपात राम्ररी उब्जनी भयो भनी उनीहरू (पितृ र प्रकृति) प्रति कृतज्ञता ज्ञापन गर्दै खुसीयाली, उत्सव मनाउने गरिन्छ। यही उत्सवका बेला गाईने गीत अथवा साकेला पर्वका बेला गाइने साकेलागीत किरात राई जातिको एक महत्वपूर्ण गीतका रूपमा प्रसिद्ध छन्। किरात राई जातिमा प्रचलित महत्वपूर्ण पर्वगीत साकेलाका बारेमा विभिन्न लेखक/अनुसन्धाताहरूले विभिन्न धारणाहरू राख्दै आएका छन्।

वर्तमान (२०५३ : ९८) का अनुसार साक्खेवामा गाइने गीतको आफ्नै प्रकारको विशेषताहरू रहेका छन्। हुन त साक्खेवा सिलीले गीतलाई छायामा पारेको हुन्छ। यसो भए तापनि छामको

(गीतको) आफ्नै महत्व रहेको छ । ढोल, झ्याम्टा, पुङ्जस्ता सङ्गीत सामग्रीको माध्यमबाट साक्खेवा नाच र गीतलाई मद्दत पुऱ्याई रहेको हुन्छ ।

श्रेष्ठ (२०६० : १४९) का अनुसार राई जातिको प्रमुख चाडपर्व पितृकार्य, चण्डीपूजा र भूमेपूजा नै हुन् । यी पर्वहरूमा एकातर्फ 'मुन्धुम' अर्थात धार्मिक ग्रन्थको धामी बिजुवाले पाठ गर्छन् भने अर्को तर्फ रसिक युवायुवतीहरू लोकगीतको प्रवाहमा आफूलाई हराउन पुग्छन् । यस्ता चाडपर्वका अवसरमा राईहरू लोकगीतसँगै ढोल र झ्यालीको सङ्गीत दिन पुग्छन् ।

राई (२०६२ : १४५) का अनुसार साकेला सिलीको नाम पनि साकेला नाच, चण्डी नाच, साक्खेवा नाचजस्ता विभिन्न नाम छन् । तर यो विभिन्न नामहरू राईहरूको आ-आफ्नै भाषा हुने भएकाले भाषागत फरक हुन सक्छ तर जे नाम भए पनि फरक पूजा र मान्यता चाहिँ होइन । साथै चण्डी नाच भन्नुको अर्थ वैशाखे पूर्णिमाको दिनलाई चण्डी पूर्णे भनिने र त्यसै दिनबाट यो पूजा र नाच सुरु गरिने भएकोले चण्डीनाच नामाकरण भएको हुन सक्छ तर वास्तवमा नागपूजा, साकेवा पूजा र वर्तमानको शब्दमा भूमेपूजा नै हो । चण्डी नाच चाहिँ हुँदै होइन ।

राई (२०६५ : १०६) का अनुसार किरात राई जातिको अत्यन्तै लोकप्रिय गीतका रूपमा 'साकेला' गीत रहेको छ । यो गीत नृत्यका साथ गाइने हुनाले यसलाई नृत्यगीतका रूपमा लिइन्छ । वर्षको दुईपटक मंसिरे पूर्णिमा र वैशाखे पूर्णिमाका दिन अन्नबाली लगाउने र भिœयाउने (उभौली, उँधौली) समयमा यो पर्व गीत गाउने गरिन्छ । ढोल, झ्याम्टाको तालमा गोलाकार रूपमा रहेर केटाकेटी, बुढाबुढी सबै उमेरका मानिसहरू गीतका साथ नाच्ने गर्दछन् ।

सुवेदी (२०६५ : १४९) का अनुसार 'साकेला' चाडमा सुख, शान्ति र सम्बृद्धिको कामना गरी सामूहिक रूपमा सबै मिलेर राईहरू नाच्ने गर्दछन् । अतः यो सुख, शान्तिको पर्यायवाची शब्द 'सहकाल' को उच्चारण बिग्रेर वा अपभ्रंश भएर 'साकेला', 'साकाला' आदि शब्दहरू बनेको हुन सक्छ । 'साकेला' लाई देवीका रूपमा कल्पना गरिने भए तापनि किरात राईहरू 'साकेला' लाई प्राकृतिक शक्ति, अनाज वा सहकालका देवताको रूपमा पूजोराधना गर्दा रहेछन् ।

यसरी साकेला गीतका बारेमा विभिन्न लेखक, अनुसन्धाताहरूले विभिन्न प्रकारका विचारहरू व्यक्त गर्दै आएका छन् । वस्तुतः साखेवा/साकेला पर्व पितृ र प्रकृतिको पूजा आराधना हो । यही अवसरमा गाइने विशेष गीत नै साकेला गीत हो ।

## ३.६ कागेश्वरी मनोहरा नगरपालिकामा अवस्थित ईशाइ धर्मावलम्बीहरुको धार्मिक, सांस्कृतिक स्थलहरुको सङ्क्षिप्त परिचय

### चर्चको परिचय

चर्च ईशाइ धर्मावलम्बीहरूको पवित्र स्थल हो । चर्चको शाब्दिक अर्थ 'प्रभुका" भन्ने लाग्दछ जुन ग्रिसेलो वा युनानो शब्दबाट निर्माण भएको हो । चर्चमा इसाइहरूले परमप्रभु जिसस क्राइष्ट र इसाइसँग सम्बन्धित शक्तिको पूजाअर्चना गर्दछन् । चर्चमा विश्वासीहरू उपासना गर्नका लागि भेला हुने गर्दछन् । चर्चलाई गिर्जाघर पनि भनिन्छ भने नेपालमा चर्चलाई मण्डली भनिन्छ । प्रारम्भमा चर्चको अर्थ कुनै भौतिक भवनका रूपमा नभई त्यहाँ जम्मा भएका विश्वासिहरूको भेलालाई चर्चको रूपमा बुझिन्थ्यो तर वर्तमान समयमा भने 'चर्च' भन्नाले विश्वासीहरूले भेला भएर प्रार्थना गर्ने ठाउँ वा घर विशेषलाई बुझिन्छ । कागेश्वरी मनोहरा नगरपालिकामा केही ठाउँमा मात्र चर्चको स्थापना भएको भेटियो खासै चर्चहरूको निर्माण भएको देखिदैंन ।

## ३.७ कागेश्वरी मनोहरा नगरपालिकामा अवस्थित मुस्लिम धर्मावलम्बीहरुको धार्मिक, सांस्कृतिक स्थलहरुको सङ्क्षिप्त परिचय

इस्लाम धर्मका अनुयायीहरू विश्वभर रहेको पाइन्छ । 'इस्लाम' अरबी भाषाको शब्द हो । 'इस्लाम' को मूल रूप अर्थ 'सलम' हो र यसको दुईवटा अर्थ लाग्दछ । पहिलो अर्थ शान्ति र दोस्रो अर्थ आत्मसमर्पण । इस्लाम धर्मका अनुयायीहरू एकेश्वरवादी हुन् । उनीहरूको विश्वास छ कि संसारमा केवल ईश्वर एकै छन् । त्यसैले एउटै ईश्वर अर्थात् अल्लाहको भक्ति गर्नु नै ईस्लामीहरूको एक मात्र उद्देश्य हो । इस्लाम धर्मको पवित्र धर्मग्रन्थको नाम 'कुरआन' हो । कुरआन वा कुरानको शाब्दिक अर्थ बारम्बार पढिने पुस्तक भन्ने लाग्दछ । कुरआनको दार्शनिक परम्पराअनुसार चल्ने अनुयायीहरूलाई नै 'मुस्लिम' भनिन्छ यो शब्द अरबी भाषाको हो । मुस्लिमहरूको सामूहिकतालाई नै मुसलमान भनिन्छ ।

मुसलमानहरूलाई यो दुनियाँमा आदमद्वारा ल्याइएको हो भन्ने मान्यता पाइन्छ । उनीहरूको विश्वास यो छ कि मानिसहरूलाई सत्कर्म, सुमार्ग तथा सत्यवादी बनाउनकै लागि ईश्वरले संसारमा पटक पटक पैगम्बरहरू पठाएका हुन् । यसरी पैगम्बरहरू अर्थात ईश्वका दूतहरू एकलाख चौबीस हजार पैगम्बरहरू ईश्वरले

पठाएका र तीमध्ये अन्तिम पैगम्बर महम्मद अन्तिम हुन् भन्ने विश्वास इस्लामहरूमा पाइन्छ । यी विभिन्न पैगम्बरहरूमा आदम, नूह, इब्राहिम, इस्माइल, इसहाक याकुब, युसुफ, मुसा, दाउद, सुलेमान, ईशा आदि हुन् । यसरी प्रथम पैगम्बर आमददेखि अन्तिम पैगम्बर मोहम्मदसम्म ईश्वारका दुत हुन भन्ने विश्वास मुस्लिम समुदायमा पाइन्छ ।

पैगम्ब्रर मुहम्मद अत्यन्तै परोपकारी एवम् क्रान्तिकारी सोचका व्यक्ति थिए । उनको जन्म पिता अब्दुलहा र माता अमिनाका एकमात्र पुत्रका रूपमा अरबको एउटा गरिब परिवारमा भएको थियो । उनी कुरैशी परिवारका हुन् । उनी गरिब भएका कारण नै शिक्षादीक्षा प्राप्त गर्न सकेनन् तर उनले एकाग्र ध्यानबाट आफूले ज्ञानप्राप्त गरे भन्ने विश्वास गरिन्छ । पैगम्बर मुहम्मद जनप्रेमी तथा जनसेवी भएकै कारण तत्कालीन शासकहरू उनीदेखि चिढिएका थिए । त्यसैले उनी ५३ वर्षको उमेरमा आफ्नो जन्मभूमिअरबको मक्का छाडेर मदिना सहरतिर प्रस्थान गरेको मानिन्छ । यसरी आफ्नो जन्मभूमि अरबको मक्का छाडेर मदिना सहरतिर प्रस्थान गरेको मानिन्छ । यसरी आफ्नो जन्मभूमि छाडेको घट्नालाई मुस्लिमहरू हिजरत (त्याग) भन्ने गर्दछन् । त्यही त्याग गरेको दिनदेखि एउटा अरबी सम्वत्को सुरुवात भएको र जसलाई हिज्री सना अर्थात् हिज्री सम्वत् भनिन्छ । अहिले यो सम्वत् १४३८ चलिरहेको छ र पैगम्बर मोहम्मदको जन्म हिज्री पूर्व ५३ तिर अर्थात् आजभन्दा १४९० वर्ष पहिले भएको भनिन्छ ।

पैगम्बर मुहम्मदले एक ईश्वर अल्लाह मात्र रहेको र अन्य देवीदेउताहरू ईश्वरका दूतहरू भएको सन्देश दिएका छन् । मोहम्मदलाई सुरुसुरुमा खासै पत्याएनन् । त्यसैले उनले आफ्नो परिवार र केही विश्वासीहरूको सानो जत्थाको निर्माण सुरु गरे । यसरी सानो समूहलाई सुरु गरिएको धर्मलाई इस्लाम भनियो र यसको अर्थ हो आदेश मान्नु, आज्ञा पालना गर्नु वा आत्मसमर्पण गर्नु, ईश्वरीय आदेशहरू मान्ने वा आज्ञाको पालना गर्ने भएको हुँदा नै यस धर्मको नाम इस्लाम भनिएको हो । त्यसैले इस्लाम धर्मका अनुयायीहरूले पूर्णरूपमा अल्लाहमा समर्पण भएर जीवनयापन गर्ने मान्यता राख्दछ । यसरी हेर्दा के देखिन्छ भने सुरुमा आफ्नो धार्मिक गतिविधि अगाडी बढाउन पैगम्बर मोहम्मदलाई निकै असहज र कठिन थियो । मक्काका व्यापारीहरू र स्थानीय बासिन्दाको उग्र विरोधका कारण मक्का छाडेर उनी मदिना सहर पुगे ।

मदिनामा पुगेर भने उनले केही शुभेच्छुकहरूको सहयोग र समर्थनमा शासकका रूपमा काम गरे । मदिनाका मानिसहरूले उनलाई अन्तिम पैगम्बरका रूपमा स्वीकार गरे ।

मदिनामा मुहम्मद पैगम्बरले शासन गरेको केही वषपछि मक्काका बासिन्दाहरूले मदिनामाथि आक्रमण गरे । उक्त लडाई सातवर्षसम्म चल्यो भने उक्त युद्धमा मुहम्मदका अनुयायीहरूले अर्थात् मदिनाका जनताले विजय प्राप्त गरे । यसरी मदिनाका जनताहरूले मक्का सहरलाई ई.सं. ६३० मा आफ्नो अधिनमा लिएको थियो । यसपछि मुहम्मदले मूर्तिहरू तोडाय भने एक मात्र ईश्वरका रूपमा अल्लाहलाई स्विकार गर्दै आफूलाई ईश्वरका दूतका रूपमा उभ्याएर इस्लाम धर्मको धार्मिक आधार कुरआनको प्रादुर्भाव गरे ।

## कुरआन/कुरान के हो ?

कुरआन वा कुरान कसैले लेखको वा रचना गरेको नभई ईश्वरीय वचनका रूपमा लिइन्छ । यसको श्लोकहरू सबै एकैपटक प्राप्त गरिएको नभई २३ वर्षसम्म समय लागेर यसको अवतीर्ण वा अवतार (प्रकट) भएको मानिन्छ । कुरआनको प्रथम श्लोक पैगम्बर मुहम्मद मक्काको गुफामा चिन्तन गरिरहेको बेलामा प्रकट भएको, जुनबेला महुम्मद ३९ वर्षको थियो भन्ने विश्वास गरिन्छ । यसरी कुरआनको पहिलो श्लोकको उत्पत्ति ई.सं. ६१० मा भएको र अन्तिम श्लोक ई.सं. ६३३ मा मुहम्मदको मृत्यु हुनुभन्दा केही समय पहिलो भएको मानिन्छ । कुरआनमा जम्मा ११४ अध्याय रहेको छ जसलाई सूरह भनिन्छ यसरी कुरआनमा ११४ अध्याय ६२३६५ श्लोक र ७७९३३ अक्षरहरू समाविष्ट छन् ।

कुरआनका श्लोकहरू अवतीर्ण (प्रकट) भएपछि ती श्लोकहरूलाई पैगम्बर मुहम्मदले कुनै लेखकलाई बोलाएर त्यसको विषय र प्रसङ्ग अनुसारको अध्यायमा विभाजन गर्न लगाएको र विभिन्न विषयवस्तुका अध्यायहरू विभाजित भएको विश्वास गरिन्छ । सुरुमा कुरआन मौखिक रूपमा कष्ठाग्र गरेर मात्र स्मृतिका रूपमा राख्ने गरिएको र पछि मात्र यसलाई लिखित रूपमा उतार्ने गरिएको बुझिन्छ । 'कुरआन' अरबी भाषा हो र यसको शाब्दिक अर्थ हुन्छ - शब्द र अर्थलाई मिलाएर पढ्नु वा बारम्बार पढ्नु । कुरानलाई मानवजीवनको पूर्ण संविधान जसले प्रत्येक समयमा

मार्गदर्शन गर्दछ । आदमको पालादेखि सुरु भएर मुहम्मदसम्म आएर कुरआनको पूर्णता भएको मानिन्छ । कुरआनलाई किताब फुरकान जिक्र, जिंका, नूर, हुँदा आदि पनि भनिन्छ ।

कुरआनमा अल्लाहको चर्चा गरिएको पाइन्छ । 'अल्लाह' शब्द अल र इलाह जोडेर बनिएको छ जसको अर्थ 'अल्लाह'को शाब्दिक अर्थ सर्वशक्तिमान, अनादि, अनन्त, सर्वज्ञ, सर्वोत्तम, दयावान, सर्वगुण सम्पन्न, अत्यन्तै उच्च आदि लाग्दछ । कुरआनमा प्रयोग हुने अर्को महत्वपूर्ण शब्द नवी र रसूल हो । नवीको अर्थ अल्लाहको मार्गदर्शन प्राप्त व्यक्ति र रसूलको अर्थ पढाइएको वा अराइएको भन्ने लाग्छ । यसरी हेर्दा के देखिन्छ भने नवी र  रसूलको अर्थ मोहम्मद वा ईश्वरको दर्शन गराउने उद्देशयले पढाइएको दूत भन्ने अर्थ लाग्दछ । यसरी नै बाह्य, फरिश्ता आदि शब्दको पनि कुरआनमा प्रशस्त मात्रामा प्रयोग भएको देखिन्छ । मूलतः इस्लाम बन्नका लागि मुहम्मदले कुरआनमा मुख्य पाँचवटा कुरामा जोड दिएका छन् - (१) अल्लामाथि विश्वास, (२) अल्लाहका दूतहरू माथि विश्वास, (३) मा अल्लाहका किताबहरू माथि आस्था, (४) अल्लाहका रसूलहरूमाथि आस्था र (५) आखिरतमाथि आस्था ।

पैगम्बर मुहम्मदले कुरआनमा मानिसलाई अल्लाहको इच्छाअनुसार जीवनयापन गर्ने विधि बताएका छन् । ती विधिहरूलाई समग्रमा उपासना भनिन्छ । उपासनालाई मुस्लिमहरूले ईश्वरले सेवाको रूपमा अर्थ्याएको पाइन्छ । उनीहरूको अनुसार सत्य बोल्नु, गलत नबोल्नु, अर्काको हत्या, हिंसा नगर्नु, स्वार्थमा नफस्नु, इश्वरसित डराउनु, अर्काको हत्या, हिंसा नगर्नु, स्वार्थमा नफस्नु, ईश्वरसित सधैँ डराउनु अर्थात् ईश्वरको ख्याल गर्नु, गरिबलाई सहयोग गर्नु आदि परोपकारको समग्रतालाई उपासना भनिन्छ । समग्रमा भन्दा मुसलमानहरूले उपासनाका मुख्य यी पाँचवटा अनिवार्य अङ्ग मानेका छन् :

### १. नमाज

नमाज मुसलमानहरूको पहिलो र अनिवार्य पालना गर्नुपर्ने उपासना हो । बिहानै उठेर शुद्ध भए पछि अल्लाहका सामु, अल्लाहलाई सम्झिएर बसेर, निहुरिएर नमाज पढ्नु पर्छ । यसरी मुस्लिमको धर्मअनुसार दैनिक पाँचपटक नमाज पढ्नु पर्दछ । यसरी फरक फरक समयमा नमाज पढ्ने कामलाई फरक फरक नामकरण गरिएको पाइन्छ

। विहानको समयमा पढिने नमाजलाई फज्र त्यसपछि क्रमशः मध्यान्हमा जुहर, अस (सुर्यास्त हुनुअघि), मग्रिव (झमक्क रातपर्नु अघि), ईशा (मध्यरातमा पढिने) यसरी फरक फरक समय अल्लाहको भक्तिमा जीवन समर्पण गर्नु पर्दछ भन्ने दार्शनिक चिन्तन मुस्लिम समुदायमा पाइन्छ ।

## २. जकात

जकात उपासनाको दोस्रो विधि र भक्तिभाव हो । जकात भनेको दान गर्नु हो । आफ्नो आम्दानीको कम्तीमा २.५ प्रतिशत गरिब, असहायहरूलाई दिनु नै जकात हो । मुस्लिम समुदायमा एउटा महत्वपूर्ण पक्ष के छ भने जकात दिएपछि कसैलाई नसुनाउ, झयाली नपिट, धन्यवादको आशा नगर, विज्ञापन नगर भन्ने मान्यता पाइन्छ ।

## ३. रोजा

अर्को तेस्रो उपासना हो रोजा । 'रोजा' भनेको उपवास हो । मुस्लिम समुदायमा रोजाको अत्यन्त ठूलो महत्व छ । अरबी क्यालेन्डर अनुसार रोजा नवौं महिना ( जसलाई रमजानको महिना पनि भनिन्छ) मा विहानदेखि बेलुकासम्म निराहार बसेर रोजाको पालना गरिन्छ । रोजा त्यस्तो उपासना विधि हो जसलाई धनी गरिब, ठूला साना सबैले एकै समयमा अनिवार्य रूपमा सम्पन्न गरिन्छ ।

## ४. हज

हज भनेको धार्मिक केन्द्रको भ्रमण हो । अझ प्रष्ट भन्ने हो भने मुसलमानहरूले जीवनमा एक पटक मक्का मदिनाको दर्शन गर्नुलाई हज भनिन्छ । मक्का र मदिनाबाट अल्लाहको आवाजहरू संसारभरि पुऱ्याउने उद्देश्यका साथ हरेकले हज गर्ने गर्दछन् । हज गर्नुको प्रमुख ध्यये भक्ति, उपासना र विश्वव्यापी एकताको लागि पनि हो भन्ने मान्यता मुसलमानहरू पाइन्छ ।

## ५. इस्लामको सहायता

यो भनेको कट्टरता हो । जस्तासुकै कठिन परिस्थिति आए पनि, अवरोध भए पनि कुनै हालतमा पनि इस्लामको रक्षा र सहायता गर्नु भन्ने मान्यता इस्लामहरूमा पाइन्छ । यसरी अल्लाहमा जीवन त्याग गर्नुलाई जिहाद भनिन्छ । आफ्नो धर्मको रक्षाको लागि आफ्नो शरीरको त्याग गर्नुपनि तयार हुनुपर्दछ अर्थात् जिहादको लागि पनि तयार हुनु पर्दछ भन्ने मान्यता मुसलमानहरूमा पाइन्छ ।

यसरी हेर्दा के देखिन्छ भने पैगम्बरहरूद्वारा निसृत श्लोकहरूको सङ्ग्रह नै कुरआन हो र ती कुरआनहरूको पालना नै हरेक मुसलमानहरूको परम कर्तव्य हो भन्ने चिन्तन मुस्लिम धर्ममा पाइन्छ ।

## नेपालमा मुस्लिम आगमन

नेपालमा मुस्लिमहरूको आगमन मुस्लिमहरूको अन्तिम पैगम्बर भनिएको मुहम्मदकै पालामा भएको मानिन्छ । पैगम्बर मुहम्मदकै पालादेखि नै मुस्लिम धर्मगुरुहरू धर्म विस्तार वा धर्मप्रचार गर्न चिनसम्म जाने गरेको देखिन्छ । यसरी चिनसम्म जाने क्रममा नै मुस्लिमहरूले भार त र नेपालको बाटो प्रयोग गर्ने क्रममा नै नेपालमा मुस्लिमहरूको आगमन भएको मानिन्छ। अझ मोहम्मदपूर्वकै पेगम्बर नूहुकै पालादेखि नै दक्षिण एसियामा मुस्लिमहरूको फैलावट र दबदबा भइसकेको भन्ने विचारहरू पनि पाइन्छ । यसरी हेर्दा यसरी अरबी क्षेत्रबाट पूर्वतर्फ फैलने क्रममा नै मुसलमानहरूको नेपालमा प्रवेश भएको देखिन्छ। यसरी अरब, भारत हुँदै नेपाल प्रवेश गरेका मुसलमानहरूको नेपालका सम्पूर्ण तराई क्षेत्र पहाडी क्षेत्र र उपत्यकामा समेत बसोबास रहेको देखिन्छ ।कागेश्वरी मनोहरा नगरपालिकाको वडा नम्बर पाँच र वडा नम्बर नौ गरेर जम्मा दुई ठाउँ मात्र मुस्लिम समुदायको मस्जित निर्माण गरिएको भेटियो ।

## अध्याय चारः

## कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर १ मा अवस्थित विभिन्न धार्मिक सांस्कृतिक स्थलहरु

कागेश्वरी मनोहरा नगरपालिका १ नम्बर वडाका निमित्त वडा अध्यक्ष कुमारध्वज खड्का, १ नम्बर वडाका समाजसेवी, संस्कृतिविद्, जानकार व्यक्तिहरुले दिएको जानकारी र अनुसन्धाताहरुले कागेश्वरी मनोहरा नगरपालिका १ नम्बर वडाका सम्पूर्ण वडाभित्र स्थलगत अध्ययन गर्दा देहाय अनुसारका धार्मिक, सांस्कृतिक स्थलहरु प्राप्त भएको छ ।

### हिन्दु धर्मसङ्ग सम्बन्धित मठमन्दिरहरु

### (१) कागेश्वरी मन्दिरको सङ्क्षिप्त चिनारी

कागेश्वरी नेपालको राजधानी काठमाडौँको उत्तरपुर्वी कागेश्वरी मनहरा नगरपालिका वडा नं. १, पहिले (गागलफेदीगाविस)मा अवस्थित एक धार्मिक तथा पर्यटकीय स्थल हो । यस स्थललाई कागेश्वरी महादेव मन्दिरको नामले पनि चिनिन्छ । वर्षमा एक पटक भाद्र शुक्ल अष्टमिका दिन मेला लाग्ने यस तीर्थस्थलमा हजारौँ दर्शनार्थीहरु मेला हेर्न आउछन । प्राकृतिक मनमोहक दृश्यसंगै शास्त्रीय नृत्यमा ढ्याङ्गो बजाई नाचगान गर्ने दृश्य झनै मनमोहक र सूचनाप्रद हुन्छ । ढ्याङ्गो बजाई महादेवको पुजा गर्नेमा लामा, तामाङ जातिको विशेष सहभागिता रहन्छ । साथै स्थानिय नेवार जातिले लाखे नाचको आयोजना गर्दछन ।

जंगल बीचमा रहेको धाममा, शिवलिंग मन्दिर, कागको सुनौलो प्रतिमा र झरना छन् । यस धाममा शिवलिंगसँगै कागको पूजा गरिन्छ। कागेश्वरी महादेव कागले पत्ता लगाएको जनविश्वास छ। किंवदन्तीअनुसार उहिल्यै गागल गाउँको माथिल्लो भेगमा मानिस गोठ बनाएर बस्थे। त्यहाँ गोठालाहरू गाइको दूध उमालेर राख्थे। तर, सधैं दूधको तर हराउँथ्यो। एक दिन गोठालाले चियो गर्दा दूधको तरलाई कागले खुट्टाको पञ्जाले सोरेर लाँदै गरेको देखेछन्। त्यो कागलाई गोठालाले पच्छ्याएछन्। पच्छ्याउँदै जाँदा अहिले कागेश्वरी मन्दिर भएको ठाउँको शिवलिंगमा कागले दूधको तर चढाएको देखियो। त्यही बेलादेखि कागेश्वरी महादेव भन्न थालियो। त्यस्तै, श्रीस्वस्थानी व्रतकथाअनुसार महादेवले मृत सतिदेवी बोकेर हिँड्दा उनको मुटु यही ठाउँमा पतन भएको थियो। सतिदेवीको अंग पतन भएकाले कागेश्वर नभनी 'कागेश्वरी' भन्न थालियो। कागेश्वरीधाममा राणा प्रधानमन्त्री चन्द्र शमशेरका पालादेखि हरेक

वर्ष भाद्र शुक्ल अष्टमीका दिन मेला लाग्दै आएको छ। कागेश्वरीमा कागको सुनौलो मूर्ति बनाइएको छ भने सहिद पार्कमा कागको विशाल कालो प्रतिमा र नेपालको राष्ट्रिय झण्डा पनि राखिएको छ

यस्तो सांस्कृतिक तथा धार्मिक महत्त्वको जात्रा अवलोकन गर्नका लागि साँखु, थली, जोरपाटी, सुन्दरीजल, नयाँपाटी, गागल, तथा भक्तपुर, ललितपुरबाट पनि दर्शनार्थीहरूको उल्लेखनीय उपस्थिति हुन्छ । यमराजको दुत कागले मान्छेलाई छुदा अशुभ हुने र त्यसबाट मुक्त हुन कागेश्वरी मन्दिरको पोखरीमा नुहाउनु पर्ने धार्मिक मान्यता रहेको छ । जात्राको समयमा सञ्चालन हुने विभिन्न शिविरले पनि व्यवस्थापनमा सहज वातावरण सिर्जना गर्छ । यस स्थलमा रहेको मन्दिरमा पुजा गर्दा तथा पोखरीमा नुहाउँदा पाप पखालिने र मुक्ति प्राप्त हुने जनविश्वास रहिआएको छ ।

यस कागेश्वरी मन्दिरका पुजारी वर्ष ५५ को रामेश्वर चालिसे छन् । उनले विगत १६ वर्षदेखि निरन्तर रूपमा यस मन्दिरको पुजारीको रूपमा काम गर्दै आएका छन् । यस मन्दिरका पुजारी रामेश्वर चालिसेका अनुसार यस मन्दिरलाई सर्वप्रथम वि.सं. १७१९ मा कागले पत्ता लगाएको हो । कागले गोठालाहरुको गोठबाट दुध चोरेर दैनिक यस ठाउँमा चढाउने गरेको देखेर गोठाहरुले यस ठाउँलाई पत्ता लगाए । त्यसपछि वि.सं. १८४० देखि भने विभिन्न भक्तजनहरुले यस मन्दिरमा पूजाआजा गर्न थालिएको हो । यो मन्दिरलाई कागले पत्ता लगाएको हुनाले यस मन्दिरको नाम कागेश्वरी नामकरण गरिएको हो । यस कागेश्वरी मन्दिरमा भएकोलाई ३० औं ज्योतिर्लिङ्ग मानिन्छ भने यो कागेश्वरी मन्दिर भन्दा केही माथि मणिच्युड्मा भएको ज्योतिर्लिङ्गलाई चाहिँ ३१ औ मानिन्छ । ठुलो जाँतो आकारको यो ज्योतिर्लिङ्गमा सानासाना २२ वटा टुटुल्का छन् । यसलाई दाइने अङ्ग मानिन्छ । देब्रे अङ्गचाहिँ गोसाइँकुण्डलाई मानिन्छ । त्यसैले गोसाइँकुण्डबाट पानी ल्याएर यस कागेश्वरी मन्दिरमा चढाइन्छ । यो कागेश्वरी मन्दिरमा दैनिक नित्यपूजा गरिन्छ । विशेष पूजा चाहिँ हरेक शनिबार र सोमबार हुने गर्दछ । यही हप्ताको दुई दिन चाहिँ सुनको काग ल्याएर मन्दिरमा प्रदर्शन गरिन्छ । यस मन्दिरमा हरेक साल भाद्र शुक्ल अष्टमीको दिन ठुलो मेला लाग्दछ । पहिले एक दिन मात्र लाग्ने मेला हाल तीन दिनसम्म लाग्दछ । यो मन्दिर भन्दा माथि बहने खोलालाई आकाशगङगा भनिन्छ भने मुनीको खोलालाई महादेव खोला भनिन्छ । यो मन्दिरको पुछारमा पार्वतीको मन्दिर छ ।

कागेश्वरी मन्दिर व्यवस्थापन समितिका अध्यक्ष मणिराम अधिकारी अनुसार लिच्छवि कालदेखि नै यस मन्दिरमा पूजाअर्चना गरिदै आएको हो । पछि प्रताप मल्लले त आफ्ना कुलदेवताकै

रूपमा स्तुति गर्दथे । उनले वर्षा याममा कागेश्वरी मन्दिरमा आउन असहज हुने हुनाले काठमाडौ उपत्यकाभित्रै कागेश्वरी मन्दिरको स्थापना समेत गरेको थिए । स्कन्दपुराणको १५३ अध्यायमा कागेश्वरी महात्म्य र ६४ शिवलिङ्ग प्रकरण उल्लेख छ । यसरी स्वस्थानी कथामा पनि कागेश्वरीको प्रसङ्ग उल्लेख भएको छ । उनका अनुसार कागेश्वरी मन्दिर पशुपतिको शिर पनि हो । कागेश्वरी धामका व्यवस्थापन समितिका अध्यक्ष मणिराम अधिकारीका अनुसार कागेश्वरी मन्दिर क्षेत्र शिवपुरी राष्ट्रिय निकुञ्जभित्र पर्ने भएको हुँदा मन्दिर परिसरमा कुनै पनि संरचना निर्माण गर्दा निकुञ्जको अनुमति लिनुपर्ने हुन्छ । २०७९ सालमा सप्ताह लगाएर उठेको रकम र नगरपालिकाले आधा गरेर ७० लाख रकमले हालका विभिन्न संरचनाहरुको निर्माण गरिएको हो ।

### (२) **सेतीदेवी मन्दिर**

यो मन्दिर कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर एकको कार्यालयसङ्गै जोडिएको छ । यो सेतीदेवी मन्दिर स्थानीयहरुकै पहलमा आजभन्दा १० वर्ष अगाडि निर्माण गरिएको हो । स्थानीय जनताले सप्ताह लगाएर तथा विभिन्न दाताहरुसङ्ग सहयोग लिएर यो सेतीदेवी मन्दिर निर्माण गरिएको हो । यो मन्दिरमा दैनिक पूजाआजा हुन्छ । यसरी नै यस सेतीदेवी मन्दिरमा हरेक साँझ आरती गरिन्छ तर कुनै पूजारीको प्रबन्ध भने गरिएको छैन । यो सेतीदेवी मन्दिरमा हरेक वर्ष मङ्सिर १५ गते भव्य रूपमा वार्षिकोत्सव मनाउने गरिन्छ ।

### (३) **शिकारीदेवी / शिवकाली मन्दिर**

यो मन्दिर कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर एक गागलफेदीमा रहेको छ । स्थानीय समाजसेवी तथा मन्दिरका संरक्षक घनश्याम अर्यालका अनुसार खासमा यो मन्दिर शिकारीदेवी हो तर यसलाई हिजोआज शिवकाली मन्दिर पनि भनिन्छ । यो मन्दिर शिकारीदेवीको भए पनि यस मन्दिरमा काटमार गरिदैन । यो मन्दिर निकै पुरानो हो । यस मन्दिरमा भजन, कीर्तन, पूजाआजा गर्ने आफ्नै सानो भवन पनि छ । यस मन्दिरमा पनि कुनै खास पूजारीको प्रबन्ध गरिएको छैन यद्यपि दैनिक रूपमा पूजाआजा हुन्छ ।

### (४) **दोलखा भीमसेन**

यो मन्दिर गागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर एक गागलफेदीमा रहेको छ । सानो कुइनेटोमा निर्माण गरिएको यो मन्दिर सानो खोपीमा पूजाआजा गरिन्छ ।

### (५) **शिद्धिगणेश**

यो मन्दिर कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर एक गागलफेदीमा पर्दछ। यो मन्दिरको पुरानो मन्दिरलाई भत्काएर हाल नयाँ मन्दिर निर्माण भईरहेको छ । यो मन्दिर निकै पुरानो हो । यस मन्दिरको पनि आफ्नै केही जग्गा र भजनकीर्तन गर्ने ठाउँ छ । यो मन्दिरको व्यवस्थापन समितिका अध्यक्ष सत्यनारायण श्रेष्ठका अनुसार यो मन्दिरमा पनि दैनिक नित्य पूजाआजा हुने गर्दछ ।

### (६) मणिलिङगेश्वर मन्दिर

यो मन्दिर कागेश्वरी नगरपालिका वडा नम्बर एक गागलफेदी अधिकारी गाउँमा छ। भिरालो ठाउँमा लामो र गोलो आकारको शिलालाई स्थानीयहरुले लिङगेश्वर महादेवको रूपमा पूजाआजा गर्दै आएका छन् । लिङगेश्वरको नजिकै एउटा सुन्दर मन्दिरको निर्माण गरी शिवलिङगको प्रतिमा पनि निर्माण गरिएको छ भने भजनकीर्तन गर्ने, पूजापाठ गर्ने अर्को सत्तलको पनि निर्माण गरिएको छ। यो मन्दिरको नजिकै यसैको नामबाट एउटा स्कुल पनि संचालित छन् ।

### (७) कृष्ण मन्दिर

यो मन्दिर कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर एकस्थित अड्डा पुवाँर गाउँमा छ । निजी स्रोत र प्रयासबाट निर्माण गरिएका यो मन्दिरमा नित्यपूजा हुने गर्दछ । यो मन्दिरको निर्माण भने २०७८ सालतिर गरिएको हो । यस ठाउँमा अरु पनि विभिन्न मठमन्दिरहरु भएकोले यस ठाउँमा एक जना पुजारीको व्यवस्था गरिएको छ। यस मन्दिरका पुजारी ७९ वर्षीय कृष्णप्रसाद उपाध्यायका अनुसार उनलाई सपरिवार आवासीय सुविधा भए पनि नियमित तलब वा अन्य कुनै सुविधा उपलब्ध गराइएको छैन । यी पुजारीले विगत तीन वर्षदेखि नियमित पूजाआजा गर्दै आएका छन् ।

यो कृष्ण मन्दिरमा नियमित नित्यपूजा हुन्छ । बिहान पूजा र साँझमा आरती गरिन्छ । यो मन्दिरमा त्यस्तो ठूलो पूजा, यज्ञ आदि भने हुने गरेको छैन। कागेश्वरी मनोहरा नगरपालिकाको प्रसिद्ध कागेश्वरी मन्दिर हिडेर हिँडेर जाँदा यही मन्दिर क्षेत्रकै बाटो भएर जानुपर्ने हुन्छ। यो मन्दिर क्षेत्रमा अन्य विभिन्न धार्मिक सम्पदाहरुको पनि निर्माण गरिएको छ। यहाँ करिब दुई रोपनी जतिको क्षेत्रफलमा कृष्ण मन्दिर, गुप्तेश्वर महादेव, ६४ शिवलिङग, सप्तऋषि मन्दिर, सीताराम मन्दिर, हनुमान मन्दिर, जलासयमा विराजमान विष्णुको मुर्ति निर्माण गरिएको छ। यस मन्दिर क्षेत्रका मन्दिर व्यवस्थापन समितिका अध्यक्ष कृष्णबहादुर खड्काका अनुसार

विभिन्न दाताहरुको सहयोगमा निर्मित यी धार्मिक सम्पदाहरुको संरक्षण र स्तरोन्नति हुने काम निरन्तर रूपमा भइरहेको छ ।

### (९) पारखी देवी

यो मन्दिर कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर एक गागलफँदीमा रहेको छ । यस मन्दिरका बारेमा मन्दिर संरक्षणमा जुटेका माधव कार्कीका अनुसार यस मन्दिरमा बिहान नित्यपूजा र साँझमा आरती हुन्छ। हालसम्म यस मन्दिरको पुजारीको रूपमा कसैलाई नियुक्त गरिएको छैन । गाउँले आफूआफै मिलेर पूजाआजा गरिदै आएको छ । करिव चार आना जग्गामा निर्मित यो मन्दिरसङ्गै भजनकीर्तन गर्ने तथा पूजापाठ गर्ने छुट्टै एउटा प्यागोडा शैलीको तीनतले सानो भवन पनि निर्माण गरिएको छ । यसरी नै मन्दिरको छेउमा एउटा प्राकृतिक शिलालाई घेरेर अर्को सानो मन्दिर पनि निर्माण गरिएको छ ।

### (१०) भीमेश्वर मन्दिर

यो मन्दिर कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर एक सुवेदी गाउँमा छ। यस मन्दिरका पुजारी विवेक पोखेलका अनुसार यस मन्दिरमा नियमित रूपमा बिहान नित्यपूजा र साँझमा आरती हुन्छ । उनले यस मन्दिरमा नियमित पूजा गरेको १६ वर्ष भयो । यस मन्दिरको व्यवस्थापन समितिका हालका अध्यक्ष राजुध्वज खड्का हुन् । यस भीमेश्वर मन्दिरका पुजारीलाई नियमित रूपमा पारिश्रमिकको व्यवस्था पनि गरिएको छ। यो मन्दिर र कौशिकी वैदिक गुरुकुल विधालय एकै ठाउँमा संचालित छन् । उच्च डाँडामा सञ्चालित यो स्कुल र मन्दिर निकै सफा शान्त र सुन्दर छ । २०७२ सालको भूकम्पले भत्काएको हुँदा पछि नगरपालिका, वडा र अन्य शुभेच्छुकहरुको सहयोगबाट २०८० मा पुन: निर्माण गरिएको हो । भीमेश्वर मन्दिरको बिच भागमा ठुलो शिवलिङ्ग निर्माण गरिएको भने शिवलिङगलाई अडाउने भाग वरिपरि विभिन्न देवीदेवताको मुर्ती बनाएर टाँसिएको छ। प्यागोडा शैलीको यस मन्दिर दुईतलाको छ।

### (११) महाकाली मन्दिर

महाकाली मन्दिर कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर एकस्थित ठुलाढिकमा छ । सडकदेखि नजिकै केही उच्च ठाउँमा निर्मित यो मन्दिर निकै भव्य र आकर्षक छ। यो महाकाली मन्दिर परिसरमा सीताराम, हनुमान, विष्णु, सरस्वती आदिको प्रतिमा समेत निर्माण गरिएको छ । २०० वर्ष जति पुरानो यस महाकाली मन्दिरमा २०७४ देखि पूजाआजा गर्दै

आएका ६० वर्षीय गोविन्द हरि थापाको अनुसार यस मन्दिरमा व्यवस्थापन समितिको खासै भूमिका छैन । यस मन्दिरमा हरेक बिहान नित्यपूजा हुने गर्दछ भने हरेक साँझ आरती गरिन्छ । यस महाकाली मन्दिरमा बेलाबेलामा बलिपूजा पनि गरिन्छ। यो मन्दिर परिसरमा दुई ठाउँमा महाकालीको प्रतिमा बनाइएको छ। माथिल्लो महाकालीको प्रतिमा भएको ठाउँमा बलि दिइदैन भने तल्लो स्थानमा भने बलि दिइन्छ । आठ आना जति क्षेत्रफलमा फैलिएको यो मन्दिर परिसरमा पाठपरायण गर्ने, सत्तलको पनि निर्माण गरिएको छ । यस महाकाली मन्दिरमा मूलपूजा दसैंमा हुन्छ भने वर्षैपिछे गुठीपूजा पनि हुने गरेको छ ।

### (१२) कुलायन मन्दिर

यो मन्दिर कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर एक ठुलाढिक महाकाली मन्दिर नजिकै उच्च ठाउँमा रहेको छ। यो मन्दिर मस्टो थान हो। यो घिमिरे थापा जातिको कुलायन पूजा गर्ने देवाली थान हो। यो घिमिरे थापाको विन्ध्यावासिनी मष्टो थान हो। वास्तवमा मस्टोपूजा थान थापेर कुनै निस्चित ठाउँमा गरिन्छ तर हिजोआज कतैकतै यसरी मन्दिरको निर्माण गर्न थालिएको पाइन्छ ।

### (१३) रामजानकी मन्दिर

यो मन्दिर कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर एक सुवेदी गाउँमा रहेको छ । यो रामजानकी मन्दिर यो कागेश्वरी मनोहरा नगरपालिकाको सर्वाधिक ठुलो र भव्य मन्दिरभित्र पर्दछ। यो मन्दिर निर्माण गर्नका लागि यस क्षेत्रमा बसोबास गर्ने सुवेदीहरुले भूमिदान गरेर महत्त्वपूर्ण योगदान दिएका छन्। यो रामजानकी मन्दिर निर्माणमा यस मन्दिरका पूर्वपुजारी रामकृष्ण दासको महत्त्वपूर्ण भूमिका रहेको छ। उनी दूध मात्र पिउने भएकोले उनलाई दुधधारी बाबा भनेर चिनिन्थ्यो । तर हाल उनको मृत्यु भइसकेको छ । हाल यस मन्दिरको पुजारी आनन्ददेव भट्ट छन् । उनले विगत एक वर्षदेखि यस मन्दिरमा पूजाआजा गर्दै आएका छन् । यस रामजानकी मन्दिरमा २०७३ सालदेखि निरन्तर रूपमा पूजाआजा हुँदै आएको छ । यस मन्दिरमा हरेक बिहान नित्यपूजा र हरेक साँझ आरती गरिन्छ । यस मन्दिरमा हरेक दिन भगवानलाई भोजन गराइन्छ । यो रामजानकी मन्दिर रामानन्द सम्प्रदायको भएकोले सोही परम्परा अनुसारको पूजाआजा गरिन्छ । यस मन्दिरमा हरेक दिन राम भजन गाउने गरिन्छ भने नियमित रूपमा सीतारामको पूजा गरिन्छ। यसरी नै हरेक साल तिथि अनुसार सीतारामको विवाह उत्सव गरिन्छ । जनकपुर पछिको दोस्रो रामजानकी मन्दिरको रूपमा स्थापित यो

मन्दिरको नौ रोपनी जति आफ्नो जग्गा छ। यो मन्दिरलाई आवश्यक सरसहयोग गर्नका लागि रामायण भजन मण्डल समिति रहेका छन् भने मन्दिर व्यवस्थापन समिति पनि गठन गरिएका छन् । यस मन्दिरका पुजारी आनन्ददेव भट्का अनुसार यो मन्दिरका पुजारीलाई नियमित तलब सेवासुविधाको प्रबन्ध गरिएको छैन । यस मन्दिर व्यवस्थापनि समितिका उपाध्यक्ष राजाराम खड्काले बताएअनुसार यो मन्दिर परिसरमा गौशाला, यज्ञशाला, ध्यानशाला, तुलसीबाटिका, गौरीकुण्ड आदिको निर्माण गर्ने सोच लिएर बसेका पुजारी रामकृष्ण दासको सपनालाई पूरा गर्ने प्रयासमा सबैजना जुटेका छन्। हाल यो मन्दिर परिसरमा ठुलो रामजानकी मन्दिर निर्माण गरिएका छन् । उक्त मन्दिरको तल्लो तलामा भजनकीर्तन गर्ने ठुलो हल छ भने माथिल्लो तलामा सीतारामको भव्य प्रतिमा निर्माण गरिएको छ। माथिल्लो टप फ्लोरमा रहेको सानो कोठालाई ध्यान कक्षको रूपमा उपयोग गरिएको छ। यसरी नै यस मन्दिरको अघिल्लो भागमा एउटा ठुलो सिमेन्टको खम्बामाथि हनुमानको प्रतिमा निर्माण गरिएको छ। यो मन्दिरको माथिल्लो भागमा भने साधुसन्त, पुजारी आदि बस्ने आवास गृह निर्माण गरिएको छ। समग्रमा भन्दा यो मन्दिर निकै भव्य र आकर्षक छ।

्यस कागेश्वरी मनोहरा नगरपालिकाको यस वडामा बसोबास गर्ने हिन्दु धर्मावलम्बीहरुले पूजाअनुष्ठान गर्ने अन्य विभिन्न किसिमका धार्मिक, सांस्कृतिक स्थलहरु पनि पाइन्छन्। जस्तैः आआफ्ना कुलायन थान, आआफ्ना टोलबासीले पूजा अनुष्ठान गर्ने ससाना देवीमन्दिर, गणेश मन्दिर, हनुमान थान, सरस्वती मन्दिर, भगवती थान आदि । तर यस अध्ययनमा मुख्यमुख्य रूपमा रहेको सबै मठमन्दिरको खोज अन्वेषण गरिएको छ।

**बौद्ध धर्मसङ्ग सम्बन्धित स्थलहरु**

राष्ट्रिय जनगणना २०७८ अनुसार कागेश्वरी मनोहरा नगरपालिकाको जनसङख्या क्रमशः बाहुन ३९४४६ अर्थात् ३०.२ प्रतिशत, क्षेत्री ३९१८८ अर्थात् ३०.० प्रतिशत, तामाङ १५६२३ अर्थात् १२.० प्रतिशत, नेवाः नेवार ११३७८ अर्थात् ८.७ प्रतिशत, राई ३४७५ अर्थात् २.७ प्रतिशत रहेको छ। यसरी हेर्दा के देखिन्छ भने कागेश्वरी मनोहरा नगरपालिकाको यस वडामा स्थायी रूपमा बसोबास गर्ने तामाङ समुदाय प्रशस्त छन्। अधिकांश तामाङ समुदाय बौद्धमार्गी हुने हुँदा तामाङ समुदायले मान्ने बुद्धधर्मसङ्ग सम्बन्धित माने, गुम्बा, विहार, चैत्य आदि धार्मिक स्थलहरु हुनेपर्ने हो तर सार्वजनिक रूपमा निङ्मा पाल्युल बौद्ध आधारभुत विधालय मात्र प्राप्त भयो ।

## निङ्मा पाल्युल बौद्ध आधारभुत विधालय

यो विधालय कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर एक ढकाल गाउँमा सञ्चालित छन् । यो बौद्ध शिक्षा प्रदान गरिने यो स्कुल सुरुमा १६ वर्ष अगाडि पाँचखालमा सञ्चालित थियो पछि २०७२ पछि यस ठाउँमा सारेर सञ्चालन फर्न थालिएको हो । यो स्कुलको पृन्सिपल सुमन मोक्तान हुन् । यो स्कुलका भाइस पृन्सिपल मिलन मोक्तानका अनुसार यो स्कुलमा ८ जना शिक्षक छन् भने हाल ३० जना विधार्थीहरु आवासीय रूपमा अध्ययन गर्दछन् । करिब तीन रोपनी क्षेत्रफलमा स्थापित यो स्कुलमा एउटा अफिस बिल्डिङ, एउटा अध्ययन गर्ने बिल्डिङ, एउटा आवासीय बिल्डिङ गरेर टिनको छाना लाएको सासानो तीनवटा बिल्डिङ निर्माण गरिएको छ ।  यो विधालयमा अङ्गेजी पढाउनका लागि कहिलेकाही विदेशी शिक्षकहरुले पनि सहयोग गर्ने गरेको छ । हाल फ्रान्सबाट आएकी एकजना शिक्षकले अध्यापन गराइरहेकी छिन् । वस्तुतः यो बौद्ध स्कुल हो यद्यपि यहाँ बौद्ध परम्पराअनुसारका संस्कार, अनुष्ठानको पनि अध्ययन र अभ्यास गरिने भएकोले यसको अध्ययन गरिएको हो ।

## किरात/प्रकृति धर्मसङ्ग सम्बन्धित स्थलहरु

राष्ट्रिय जनगणना २०७८ अनुसार कागेश्वरी मनोहरा नगरपालिकाको जनसङख्या क्रमशः बाहुन ३९४४६ अर्थात् ३०.२ प्रतिशत, क्षेत्री ३९१८८ अर्थात् ३०.० प्रतिशत, तामाङ १५६२३ अर्थात् १२.० प्रतिशत, नेवाः नेवार ११३७८ अर्थात् ८.७ प्रतिशत, राई ३४७५ अर्थात् २.७ प्रतिशत रहेको छ । यसरी हेर्दा के देखिन्छ भने कागेश्वरी मनोहरा नगरपालिकाको यस वडामा स्थायी रूपमा बसोबास गर्ने राईहरु प्रशस्त छन् यद्यपि उनीहरुले उँधौली, उँभौलीको बेलामा साखेवा नाच्ने गरे तापनि राईहरुको सांस्कृतिक परम्परा गर्ने देखिए, बुझिए पनि उनीहरूले सार्वजनिक रूपमा सांस्कृतिक, धार्मिक स्थलहरु निर्माण गरिएको भेटिएन ।

## क्रिश्चियन धर्मसङ्ग सम्बन्धित स्थलहरु

कागेश्वरी मनोहरा नगरपालिकाको यस वडामा केही मात्रामा क्रिश्चियन धर्मावलम्बीहरु रहेको र उनीहरु आआफ्नो अनुयायीको घरमा सामूहिक रूपमा भेला भएर विभिन्न प्रकारको धार्मिक पूजाआनुष्ठन गर्ने गरे तापनि सार्वजनिक रूपमा उनीहरूको मण्डली (चर्च) निर्माण गरिएको भेटिएन ।

# अध्याय : पाँच

## कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर २ मा अवस्थित विभिन्न धार्मिक सांस्कृतिक स्थलहरु

कागेश्वरी मनोहरा नगरपालिका २ नम्बर वडाका निमित्त वडा अध्यक्ष सुरज खड्का, २ नम्बर वडाका समाजसेवी, संस्कृतिविद्, जानकार व्यक्तिहरुले दिएको जानकारी र अनुसन्धाताहरुले कागेश्वरी मनोहरा नगरपालिका २ नम्बर वडाका सम्पूर्ण वडाभित्र स्थलगत अध्ययन गर्दा देहाय अनुसारका धार्मिक, सांस्कृतिक स्थलहरु प्राप्त भएको छ ।

### हिन्दु धर्मसङ्ग सम्बन्धित मठमन्दिरहरु

### (१) गणेश मन्दिर

यो मन्दिर कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर दुई माथिल्लो आलापोटमा रहेको छ । नेवारी समुदायले १५० वर्ष भन्दा पहिलेदेखि निकाल्दै आएको जात्रा हरेक साल यही मन्दिरदेखि विधिपूर्वक निकाल्ने गरिन्छ । यो मन्दिर २०५४/५५ सालतिर स्थानीय समुदायले निर्माण गरेका हुन् । त्यसको केही समयपछि वडा कार्यालयको सहयोगमा पुननिर्माण गरिएको हो । यो मन्दिर मुख्य सडकसङ्गै जोडिएर निर्माण भएको छ । यो मन्दिरभित्र गणेश, भैरव र अन्य विभिन्न देवीदेवताको मुर्तिहरु राखिएका छन् । यस मन्दिरमा हरेक साल जात्रा निकाल्ने बेलामा घरमा राखिएको गणेश र भिमसेनको मुर्ति लिएर राखिन्छ र जात्रा सकिएपछि पुनः उक्त मुर्ती अन्त कसैको घरमा खास गरेर थकालीको घरमा लगेर राखिन्छ । यसरी यस मन्दिरमा मातातीर्थ औंसीको अघिल्लो दिनदेखि अक्षतृतीयसम्म हरेक साल जात्रा मनाइने गरिन्छ भने अन्य दैनिक रूपमा नित्यपूजा पनि हुने गर्दछ । गणेश संरक्षण मञ्चका अध्यक्ष बालकृष्ण श्रेष्ठ र उपाध्यक्ष रामकाजी श्रेष्ठका अनुसार यो गणेश मन्दिर कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर दुईको पुरानो र महत्त्वपूर्ण सांस्कृतिक, धार्मिक सम्पदा हो ।

### (२) नाथेश्वरी मन्दिर

यो मन्दिर कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर दुई आलापोटमा रहेको छ । नेवारी समुदायले पहिलेदेखि निकाल्दै आएको जात्रा हरेक साल यही मन्दिरदेखि विधिपूर्वक निकाल्ने गरिन्छ । यसरी यस मन्दिरमा मातातीर्थ औंसीको अघिल्लो दिनदेखि अक्षतृतीयसम्म हरेक साल जात्रा मनाइने गरिन्छ

भने अन्य दैनिक रूपमा नित्यपूजा पनि हुने गर्दछ । यो मन्दिरभित्र गणेश, भैरव र अन्य विभिन्न देवीदेवताको मुर्तिहरु राखिएका छन् । यस मन्दिरमा हरेक साल जात्रा निकाल्ने बेलामा घरमा राखिएको गणेश र भिमसेनको मुर्ति लिएर राखिन्छ र जात्रा सकिएपछि पुनः उक्त मुर्ती अन्त कसैको घरमा खास गरेर थकालीको घरमा लगेर राखिन्छ । यस नाथेश्वरी मन्दिरको व्यवस्थापन समितिको अध्यक्ष भक्तलाल नगरकोटीका अनुसार यो मन्दिरलाई पुननिर्माणको लागि बजेट छुट्टिएको हुँदा छिट्टै नयाँ मन्दिर बन्नेछ ।

**(३) इट्टादेवी मन्दिर**

यो मन्दिर कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर दुई तल्लो आलापोटमा पर्दछ । यो मन्दिर सानो दुई तले छ । यस मन्दिरमा स्थानीयहरुले दैनिक नित्यपूजा गर्ने गर्दछन् । यो मन्दिरको भित्तामा सानो देवीको प्रतिमा निर्माण गरिएको छ । यो मन्दिरमा स्थानीय देवीको रूपमा इट्टादेवीको पूजाआजा गरिन्छ ।

**(४) कृष्ण प्रणामी मन्दिर**

यो मन्दिर कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर दुई आलापोटमा पर्दछ । पहिले सानो मन्दिर भएकोमा हाल ठुलो र भव्य भवन निर्माण गरिएको छ ।

**(६) पाञ्चायन मन्दिर**

यो मन्दिर कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर दुई आलापोटमा पर्दछ । सानो आकारमा निर्माण गरिएको यस मन्दिरभित्र पाँचवटा देवता गणेश, शिव, विष्णु, देवी र सूर्यको प्रतिमा निर्माण गरिएको छ । यी देवदेवी समूहलाई हिन्दु समुदायले पाञ्चायन देवताको रूपमा पूजाआजा गर्ने गर्दछन् ।

**(७) गणेश मन्दिर**

यो मन्दिर कागेश्वरी नगरपालिका वडा नम्बर दुई सुर्यमण्डलीमा पर्दछ । सडक नजिकै निर्माण गरिएको यो गणेश मन्दिर २०७६ सालमा नयाँ मन्दिर निर्माण गरेर नित्यपूजा गरिदै आएको छ । यो मन्दिरमा खास पुजारीको प्रबन्ध गरिएको छैन । स्थानीयहरु आफूआफैले पूजाआजा गरिदै आएको छ

। स्थानीय ५६ वर्षीय श्याम खड्काको अनुसार यो मन्दिर स्थानीयहरुको पहलमा निर्माण गरिएको हो । यस मन्दिरमा कुनै सरकारी सहयोग प्राप्त भएको छैन ।

**(८) जाल्पादेवी मन्दिर**

यो मन्दिर धमाधम निर्माण भैरहेको छ ।

**(९) शिव मन्दिर**

यो मन्दिर निकै भव्य रूपमा निर्माण गरिएको छ । तर पूर्ण रूपमा निर्माण सम्पन्न भईनसकेकै अवस्थामा यस मन्दिरको छेउको भाग भासिएर मन्दिर समेत ढल्ने अवस्थामा पुगेको हुँदा यो मन्दिरमा पूजाआजा गर्न असम्भव देखिन्छ ।

यस कागेश्वरी मनोहरा नगरपालिकाको यस वडामा बसोबास गर्ने हिन्दु धर्मावलम्बीहरुले पूजाअनुष्ठान गर्ने अन्य विभिन्न किसिमका धार्मिक, सांस्कृतिक स्थलहरु पनि पाइन्छन् । जस्तैः आआफ्ना कुलायन थान, आआफ्ना टोलबासीले पूजा अनुष्ठान गर्ने ससाना देवीमन्दिर, गणेश मन्दिर, हनुमान थान, सरस्वती मन्दिर, भगवती थान आदि । तर यस अध्ययनमा मुख्यमुख्य रूपमा रहेको सबै मठमन्दिरको खोज अन्वेषण गरिएको छ ।

**बौद्ध धर्मसङ्ग सम्बन्धित स्थलहरु**

राष्ट्रिय जनगणना २०७८ अनुसार कागेश्वरी मनोहरा नगरपालिकाको जनसङख्या क्रमशः बाहुन ३९४४६ अर्थात् ३०.२ प्रतिशत, क्षेत्री ३९१८८ अर्थात् ३०.० प्रतिशत, तामाङ १५६२३ अर्थात् १२.० प्रतिशत, नेवाः नेवार ११३७८ अर्थात् ८.७ प्रतिशत, राई ३४७५ अर्थात् २.७ प्रतिशत रहेको छ । यसरी हेर्दा के देखिन्छ भने कागेश्वरी मनोहरा नगरपालिकाको यस वडामा स्थायी रूपमा बसोबास गर्ने तामाङ समुदाय प्रशस्त छन् । अधिकांश तामाङ समुदाय बौद्धमार्गी हुने हुँदा तामाङ समुदायले मान्ने बुद्धधर्मसङ्ग सम्बन्धित माने, गुम्बा, विहार, चैत्य आदि धार्मिक स्थलहरु हुनेपर्ने हो तर सार्वजनिक रूपमा त्यस्तो बौद्धमार्गीहरुको धार्मिक स्थल प्राप्त गर्न सकिएन ।

**किरात/प्रकृति धर्मसङ्ग सम्बन्धित स्थलहरु**

राष्ट्रिय जनगणना २०७८ अनुसार कागेश्वरी मनोहरा नगरपालिकाको जनसङख्या क्रमशः बाहुन ३९४४६ अर्थात् ३०.२ प्रतिशत, क्षेत्री ३९१८८ अर्थात् ३०.० प्रतिशत, तामाङ १५६२३ अर्थात् १२.०

प्रतिशत, नेवाः नेवार ११३७८ अर्थात् ८.७ प्रतिशत, राई ३४७५ अर्थात् २.७ प्रतिशत रहेको छ । यसरी हेर्दा के देखिन्छ भने कागेश्वरी मनोहरा नगरपालिकाको यस वडामा स्थायी रूपमा बसोबास गर्ने राईहरु प्रशस्त छन् यद्यपि उनीहरुले उँधौली, उँभौलीको बेलामा साखेवा नाच्ने गरे तापनि राईहरुको सांस्कृतिक परम्परा गर्ने देखिए, बुझिए पनि उनीहरूले सार्वजनिक रूपमा सांस्कृतिक, धार्मिक स्थलहरु निर्माण गरिएको भेटिएन ।

### क्रिश्चियन धर्मसङ्ग सम्बन्धित स्थलहरु

कागेश्वरी मनोहरा नगरपालिकाको यस वडामा केही मात्रामा क्रिश्चियन धर्मावलम्बीहरु रहेको र उनीहरु आआफ्नो अनुयायीको घरमा सामूहिक रूपमा भेला भएर विभिन्न प्रकारको धार्मिक पूजाआनुष्ठन गर्ने गरे तापनि सार्वजनिक रूपमा उनीहरूको मण्डली (चर्च) निर्माण गरिएको भेटिएन ।

## अध्याय छ :

### कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ३ मा अवस्थित विभिन्न धार्मिक सांस्कृतिक स्थलहरु

कागेश्वरी मनोहरा नगरपालिका ३ नम्बर वडाका निमित्त वडा अध्यक्ष राममणि पुडासैनी, ३ नम्बर वडाका समाजसेवी, संस्कृतिविद्, जानकार व्यक्तिहरुले दिएको जानकारी र अनुसन्धाताहरुले कागेश्वरी मनोहरा नगरपालिका ३ नम्बर वडाका सम्पूर्ण वडाभित्र स्थलगत अध्ययन गर्दा देहाय अनुसारका धार्मिक, सांस्कृतिक स्थलहरु प्राप्त भएको छ ।

### हिन्दु धर्मसङ्ग सम्बन्धित मठमन्दिरहरु

### गणेश मन्दिर

कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर तीनस्थित भद्रबासमा रहेको गणेश मन्दिर वडा नम्बर तीनको कार्यालयसङ्गै छ । सडककै छेउमा रहेको यो गणेश मन्दिर संरक्षण समितिको सचिव ५२ वर्षीय हरिकृष्ण नगरकोटीका अनुसार यो मन्दिरको पहिलो निर्माण २०४७ सालमा भएको हो । त्यतिबेला सानो मन्दिर निर्माण गरेर पूजाआजा गरिदै आएकोमा २०६२ सालमा भने केही रकम स्थानीय सरकारबाट र केही रकम चन्दा उठाएर हालको मन्दिर निर्माण गरिएको हो । यस गणेश

मन्दिरमा दैनिक पूजाआजा हुन्छ तर विशेष पूजा भने विभिन्न जात्रा, दशै, शनिबार र मङगलवार गरिन्छ । नियमित पूजा गर्ने कुनै पुजारी नराखिएको यस गणेश मन्दिरमा गाउँलेहरु खास गरेर ४०/४५ घरधुरी जति रहेको नगरकोटी समुदायले पालैपालो पूजाआजा गर्ने गर्दछन् । गणेश मन्दिर व्यवस्थापन समितिका सचिव एवम् समाजसेवी हरिकृष्ण नगरकोटीका अनुसार यो गणेश मन्दिर सडकसङ्गै जोडिएको हुँदा पूजाआजा गर्न निकै असहज भएकोले आवश्यक रकमको प्रबन्ध भए यो मन्दिरलाई सडकदेखि केही भित्र सार्ने मनसाय रहेको छ ।

**जग्रेश्वर महादेव**

कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर तीनस्थित भद्रबासमा रहेको यो जगेश्वर मन्दिर व्यवस्थापन समितिका अध्यक्ष ७२ वर्षीय पुष्कर पौडेलका अनुसार यो जगेश्वर मन्दिरको निर्माण लगभग २० वर्ष अगाडि गरिएको हो । यो मन्दिरमा बिहान बेलुका नित्यपूजा हुन्छ । हरेक बिहान पूजाआजा र साँझमा आरती गरिन्छ । हरेक एकादशी र आइतबार भजनकीर्तन गरिने यस मन्दिरमा विभिन्न चाडपर्वहरुमा पनि विशेष पूजाआजा हुने गर्दछ । सभा रोपनी जति आफ्नै जग्गा भएको यो जग्रेश्वर महादेव मन्दिरसङगै कृयापुत्री भवन, भजनकीर्तन कक्ष, स्टोर, बैठक कक्ष आदिको समेत व्यवस्थापन गरिएको छ । जग्रेश्वर महादेवको मन्दिरमा पुजारीको व्यवस्था गरिएको छ । विभिन्न दाताहरुबाट प्राप्त सहयोग रकमबाट यो मन्दिरको निर्माण गर्दा उब्रेको ८/१० लाख रकमलाई अक्ष कोष निर्माण गरी त्यो रकमको व्याजले पुजारीको तलब दिइने व्यवस्था गरिएको छ। **भिमसेन मन्दिर**

कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर तीनस्थित भद्रबासमा रहेको यो मन्दिरभित्र भिमसेन, गणेश, भैरव आदिको मुर्ती राखिएको छ यद्यपि यस मन्दिरलाई भिमसेन मन्दिरको रुपमा चिनिन्छ । यस मन्दिरको पुजारी सूर्य बहादुर श्रेष्ठका अनुसार यो मन्दिरको निर्माण २०७२ सालमा भएको हो । यो मन्दिरमा हरेक बिहान नित्यपूजा हुन्छ भने साँझमा धूपधुवाँर हुन्छ । यस भिमसेन मन्दिरमा विशेषतः कृष्णअष्टमी, मातातीर्थ औंसी, वैशाखे जात्रा, गाईजात्रा, जनैपूर्णिमा आदि जात्राको बेलामा भव्य रूपमा पूजाआजा हुन्छ भने अन्य चाडपर्वहरुमा पनि विशेष पुजा हुन्छ । मन्दिर व्यवस्थापन समितिका सदस्यहरु टङ्क बहादुर श्रेष्ठ र कुमार श्रेष्ठका अनुसार यो मन्दिर भएको जग्गा विष्णुदेवी

श्रेष्ठ, वीर बहादुर श्रेष्ठ, नारायण श्रेष्ठको निजी जग्गा भएको र सडकसङ्गै टाँसिएको हुँदा पाएसम्म अन्यत्र नजिकै उपयुक्त जग्गाको खोजी भईरहेको छ ।

### सरस्वती मन्दिर

कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर तीनस्थित भद्रबास चोकमा रहेको यो मन्दिर ५४ वर्षीय रामशरण प्याकुरेलको निजी जग्गामा निर्माण गरिएको छ। २२ वर्ष अगाडि सामूहिक प्रयासमा निर्माण गरिएको यस मन्दिरको माथिल्लो भागमा पुस्तकालय निर्माण गरिएको छ तर हाल उक्त पुस्तकालय सञ्चालनमा आएको छैन ।

यस मन्दिर रहेको ठाउँको जग्गाधनी रामशरण प्याकुरेलका अनुसार यो पुस्तकालयलाई व्यवस्थापन गरेर मन्दिरलाई अझै नियमित बनाउने प्रयास भईरहेको छ ।

### भद्रेश्वर महादेव मन्दिर

कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर तीनस्थित भद्रबासमा रहेको यो मन्दिर व्यवस्थापन समितिको अध्यक्ष ६५ वर्षीय माधव प्रसाद पुडासैनीका अनुसार तत्कालीन जिल्ला विकास समिति र स्थानीयहरुको सहयोग र पहलमा २०६२ सालमा निर्माण गरिएको हो। यस मन्दिरमा बिहान नित्यपूजा र साँझमा नियमित आरती हुन्छ । बुद्ध जयन्तीको दिन रुद्राभिषेक हुन्छ जुन दिन यस मन्दिरको जन्मोत्सव पनि हो । यस मन्दिरमा पूजारीको व्यवस्था पनि छ । पुजारीलाई मासिक दस हजार पारिश्रमिक प्रदान गरिन्छ । यो मन्दिर सार्वजनिक सडकसङ्गै जोडिएको हुँदा यसलाई बिस्तार गर्ने सम्भावना भने देखिदैन ।

### पाथीभरा पञ्चकन्या देवी मन्दिर

कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर तीनस्थित भद्रबासमा रहेको यो मन्दिर हालको अवस्थामा निर्माण गरिएको पाँच वर्ष जति भयो । उच्च आकर्षक ठाउँमा निर्माण गरिएको यो मन्दिर स्थानीय भक्तजनहरुको सहयोगमा निर्माण गरिएको हो भने मन्दिर वरिपरिका पर्खाल भने प्रदेश सरकारको सहयोगमा निर्माण गरिएको हो । यस पाथीभरा मन्दिरको पुजारी ४३ वर्षीय विश्वास पुडासैनीका अनुसार अत्यन्त पुरानो शिलामाथि पाथीभरा देवीको प्रतिमा निर्माण गरिएको हो । यस मन्दिरमा

नित्यपुजा र आरती हुनेगर्दछ । यो मन्दिरमा विशेष गरेर ठुलो दशै, चैतेदशै र अन्य चाडपर्वमा भव्य रूपमा पूजापाठ गरिन्छ ।  यो मन्दिर ७२ रोपनीमा फैलिएको सामुदायिक वन क्षेत्रमा रहेको छ भने यो मन्दिरले ४/५ रोपनी चर्चेको छ ।

### जग्रेश्वर महादेव मन्दिर

कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर तीनस्थित यो जग्रेश्वर महादेव मन्दिरको पुजारी ५१ वर्षीय पुष्पराज पुडासैनीका अनुसार यो मन्दिरमा नित्यपूजा हुन्छ । यो मन्दिरमा पुजारीको पनि व्यवस्थापन गरिएको छ तर यही मन्दिरको लागि मात्र नभै दैनिक रूपमा नजिकको मन्दिरहरु भैरवथान, जाग्रेश्वर, भद्रबासतिरका मन्दिरका पुजारीले नै नियमित रूपमा आएर पूजाआजा गर्ने गर्दछन् । यस मन्दिरमा विशेष रूपमा शिवरात्रीको दिन उठेको आम्दानीबाट पुजारीलाई केही रकम पारिश्रमिकको रूपमा दिइने गरिएको छ ।

### कालिन्चोक भगवती

कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर तीनस्थित भद्रबास बेकेन डाँडामा रहेको यो मन्दिरको संस्थापक, व्यवस्थापन समितिको अध्यक्ष र पुजारी एउटै व्यक्ति भक्त बहादुर श्रेष्ठ हुन् । उनकै पहलमा चाँप, खरी र मैलको रुखको फेंदमा रहेको शिलालाई २०४० सालदेखि पूजापाठ गर्न थालिएको र पछि २०६४ मा हालको कस्लिन्चोक भगवतीको मन्दिर निर्माण गरिएको हो । भक्त बहादुर श्रेष्ठ र उनकी श्रीमती सुमित्रा श्रेष्ठले पालैपालो पूजा गर्ने यस मन्दिरमा नित्यपूजा हुन्छ भने दसैं र अन्य चाडपर्वमा विशेष पूजा हुने गर्दछ । चार आना जग्गा रहेको यो भगवती मन्दिरमा सामान्य रूपमा भजनकीर्तन गर्ने पौवाको व्यवस्था पनि रहेको छ ।

### पञ्चकन्या मन्दिर

कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर तीनस्थित भद्रबास थापाडाँडामा रहेको यो मन्दिर १५ वर्ष अगाडि निर्माण गरिएको यस मन्दिरमा नियमित पूजापाठ गरिन्छ । यो मन्दिरको संरक्षण कार्यमा संलग्न ६९ वर्षीय स्थानीय समाजसेवी रामहरि शर्माका अनुसार यो मन्दिरमा हरेक शनिबार र चाडपर्वहरुमा विशेष पूजा हुने गर्दछ ।

### राधाकृष्ण मन्दिर

कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर तीनस्थित थापाडाँडामा रहेको यो मन्दिर २० वर्ष अगाडि निर्माण गरिएको हो । हाल यसलाई पुनर्निर्माण गरिदैछ । यस मन्दिर व्यवस्थापन समितिका अध्यक्ष राजकुमार नेपालको जिजुबुबाले दान दिएको करिब एक रोपनी जग्गामा निर्माण भएको यो मन्दिरको पुजारी विष्णु बहादुर थापा हुन् । उनलाई केही पारिश्रमिकको व्यवस्था पनि गरिएको छ । ५० वर्षीय स्थानीय समाजसेवी उपेन्द्र नेपालका अनुसार यो मन्दिरमा हरेक जतुर्मासका बेला पुराण लगाइन्छ । यो मन्दिरको नजिकै भजनकीर्तन, हवन, पूजापाठ गर्ने छुट्टै भवनको पनि पुनर्निर्माण कार्य भैरहेको छ ।

यस कागेश्वरी मनोहरा नगरपालिकाको यस वडामा बसोबास गर्ने हिन्दु धर्मावलम्बीहरुले पूजाअनुष्ठान गर्ने अन्य विभिन्न किसिमका धार्मिक, सांस्कृतिक स्थलहरु पनि पाइन्छन् । जस्तैः आआफ्ना कुलायन थान, आआफ्ना टोलबासीले पूजा अनुष्ठान गर्ने ससाना देवीमन्दिर, गणेश मन्दिर, हनुमान थान, सरस्वती मन्दिर, भगवती थान आदि । तर यस अध्ययनमा मुख्यमुख्य रूपमा रहेको सबै मठमन्दिरको खोज अन्वेषण गरिएको छ ।

### बौद्ध धर्मसङ्ग सम्बन्धित स्थलहरु

राष्ट्रिय जनगणना २०७८ अनुसार कागेश्वरी मनोहरा नगरपालिकाको जनसङख्या क्रमशः बाहुन ३९४४६ अर्थात् ३०.२ प्रतिशत, क्षेत्री ३९१८८ अर्थात् ३०.० प्रतिशत, तामाङ १५६२३ अर्थात् १२.० प्रतिशत, नेवाः नेवार ११३७८ अर्थात् ८.७ प्रतिशत, राई ३४७५ अर्थात् २.७ प्रतिशत रहेको छ । यसरी हेर्दा के देखिन्छ भने कागेश्वरी मनोहरा नगरपालिकाको यस वडामा स्थायी रूपमा बसोबास गर्ने तामाङ समुदाय प्रशस्त छन् । अधिकांश तामाङ समुदाय बौद्धमार्गी हुने हुँदा तामाङ समुदायले मान्ने बुद्धधर्मसङ्ग सम्बन्धित माने, गुम्बा, विहार, चैत्य आदि धार्मिक स्थलहरु हुनेपर्ने हो तर सार्वजनिक रूपमा त्यस्तो बौद्धमार्गीहरुको धार्मिक स्थल प्राप्त गर्न सकिएन ।

### किरात/प्रकृति धर्मसङ्ग सम्बन्धित स्थलहरु

राष्ट्रिय जनगणना २०७८ अनुसार कागेश्वरी मनोहरा नगरपालिकाको जनसङख्या क्रमशः बाहुन ३९४४६ अर्थात् ३०.२ प्रतिशत, क्षेत्री ३९१८८ अर्थात् ३०.० प्रतिशत, तामाङ १५६२३ अर्थात् १२.०

प्रतिशत, नेवाः नेवार ११३७८ अर्थात् ८.७ प्रतिशत, राई ३४७५ अर्थात् २.७ प्रतिशत रहेको छ । यसरी हेर्दा के देखिन्छ भने कागेश्वरी मनोहरा नगरपालिकाको यस वडामा स्थायी रूपमा बसोबास गर्ने राईहरु प्रशस्त छन् यद्यपि उनीहरुले उँधौली, उँभौलीको बेलामा साखेवा नाच्ने गरे तापनि राईहरुको सांस्कृतिक परम्परा गर्ने देखिए, बुझिए पनि उनीहरूले सार्वजनिक रूपमा सांस्कृतिक, धार्मिक स्थलहरु निर्माण गरिएको भेटिएन ।

### क्रिश्चियन धर्मसङ्ग सम्बन्धित स्थलहरु

कागेश्वरी मनोहरा नगरपालिकाको यस वडामा केही मात्रामा क्रिश्चियन धर्मावलम्बीहरु रहेको र उनीहरु आआफ्नो अनुयायीको घरमा सामूहिक रूपमा भेला भएर विभिन्न प्रकारको धार्मिक पूजाआनुष्ठन गर्ने गरे तापनि सार्वजनिक रूपमा उनीहरूको मण्डली (चर्च) निर्माण गरिएको भेटिएन ।

## अध्याय सात :

### कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ४ मा अवस्थित विभिन्न धार्मिक सांस्कृतिक स्थलहरु

कागेश्वरी मनोहरा नगरपालिका ४ नम्बर वडाका वडा अध्यक्ष धन श्रेष्ठ, ४ नम्बर वडाका समाजसेवी, संस्कृतिविद्, जानकार व्यक्तिहरुले दिएको जानकारी र अनुसन्धाताहरुले कागेश्वरी मनोहरा नगरपालिका ४ नम्बर वडाका सम्पूर्ण वडाभित्र स्थलगत अध्ययन गर्दा देहाय अनुसारका धार्मिक, सांस्कृतिक स्थलहरु प्राप्त भएको छ ।

### वडा नम्बर ४ डाँछी

डाँ पैसा र छें घर डाँछेबाट डाँछी भएको हो । चाँगुनारायण मन्दिरको पैसा राख्ने घर यस ठाउँमा भएकोले यस ठाउँलाई डाँछी भनिएको हो । यो वडामा अत्यन्त प्राचीन धार्मिक, सांस्कृतिक स्थलहरु पाइन्छन् । कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर चारमा मुख्य चारवटा स्थानहरु नयाँगाउँ, ब्रम्हखेल, डाँछी र सिङ्गडा गाउँ छन् । ती चारै स्थानमा महत्त्वपूर्ण सांस्कृतिक, धार्मिक सम्पदाहरु र चारै ठाउँमा प्राचीन हिटीधारा पाइन्छन् । ती विभिन्न सांस्कृतिक, धार्मिक स्थलहरुमध्ये केहीको परिचय देहाय अनुसार छन् :

### चम्पक विनायक

कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर चारस्थित नयाँगाउँमा रहेको छ। यो मन्दिर यस वडाको, यस नगरपालिकाको मात्रै होइन काठमाडौ जिल्लाभरिकै अत्यन्त प्राचीन मन्दिरको रूपमा लिइन्छ। चम्पक विनायकको जात्रा लिच्छविकालबाटै सुरु भएको मानिन्छ। कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर चारका अध्यक्ष धन श्रेष्ठका अनुसार चाँगुनारायण मन्दिरबाट सबैभन्दा पहिलो पूजा जाने ठाउँ नै चम्पक विनायक हो। चागुनारायणबाट चम्पक विनायकसम्म पैदलै आएर पूजा गरिने चागुनारायण र चम्पक विनायकको पूजापरम्परा सदियौंदेखि जोडिएको छ। चम्पक विनायकमा नित्यपूजा हुन्छ भने जात्रा र अन्य चाडपर्वमा विशेष पूजाआजा हुन्छ। यो मन्दिर परिसरमा अन्य थुप्रै देवीदेवताको मुर्ती र मन्दिर निर्माण गरिएको छ। त्यसैले यस मन्दिर परिसरमा विभिन्न देवीदेवताको पूजाआजा गरिन्छ।

### भकुण्डेश्वर महादेव

कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर चारस्थित भकुण्डेश्वर मन्दिरमा धेरै वर्ष पहिलेदेखि पूजाआजा गर्दै आइए पनि छ सात वर्ष पहिले हालको मन्दिरको निर्माण गरिएको हो। यस मन्दिरमा पुजारीको व्यवस्था गरिएको छ तर उनको मासिक तलबको प्रबन्ध गरिएको छैन। पूजाआजामा उठेको भेटिदानबाट खर्च टर्ने गरिएको छ। यस मन्दिरका पुजारी २५ वर्षीय मनिश पुडासैनी र उनकी आमा ४८ वर्षीय सविता पुडासैनीको अनुसार यस भकुण्डेश्वर मन्दिरमा नित्यपूजा हुन्छ भने शिवरात्री अन्य चाडपर्वमा विशेष पूजाआजा हुन्छ। पुजारीकी आमा सविता पुडासैनीका अनुसार गाउँमा एउटी सन्तान नभएकी महिलाले यस भकुण्डेश्वर महादेवलाई वर माग्दा सन्तान भएकोले सोही समयदेखि यस ठाउँमा पूजा गर्न थालिएको हो। सडकदेखि केही तल भागमा निर्मित भकुण्डेश्वर महादेव मन्दिरसङ्गै भजनकीर्तन गर्ने र अन्य धार्मिक प्रयोजनका लागि दुईतले सत्तलको निर्माण गरिएको छ। अधिकांश गाउँले पुडासैनीहरु रहेको यस क्षेत्रमा पुडासैनीहरुले नै पूजाआजा गर्दै आएको पाइन्छ।

### लक्ष्मी हयग्रीव मन्दिर

कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर चारस्थित कोलमतेश्वर धाम परिसरमा निर्माण भएको नेपालको एक मात्र लक्ष्मीहयग्रीव (घोडाको जस्तो घाँटी भएको अवतार) मन्दिर २०७५ सालमा निर्माण गरिएको हो । "२०७५ साल माघ २७ गते रुरुक्षेत्र पीठाधीश स्वामी श्री जगदीश प्रपन्नाचार्यज्यूको बाहुलीबाट शिलान्यास गरिएको" भनेर यो मन्दिरको भित्तामा शिलालेख राखिएको छ । यस मन्दिरको पुजारी तथा पीठाधीश स्वामी जगदीश प्रपन्नाचार्यका अनुसार यो मन्दिरमा नित्यपूजा र विशेष पूजा हुन्छ भने दैनिक योगाभ्यास समेत हुने गरेको छ । चारपाँच रोपनीमा फैलिएको यस मन्दिर क्षेत्रमा गौशालाको समेत निर्माण गर्ने योजना रहेको र यसको लागि पाँच, छ वटा गाई पाल्न थालिएको छ । यस मन्दिर परिसरमा ससाना सातवटा भवनहरु निर्माण गरिएका छन् । ती भवनहरुमा कुनैमा गुरुआश्रम, कुनैमा भजनकीर्तन त कुनैमा योगध्यान आदि धार्मिक कार्य गरिन्छ ।

**कोलमतेश्वर महादेव**

लक्ष्मीहयग्रीव मन्दिरको पुजारी तथा पीठाधीश स्वामी जगदीश प्रपन्नाचार्यका अनुसार कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर चारस्थित कोलमतेश्वर धाम प्रा.डा. ऋषिराम पोखेलको सकृयता स्थापना भएको हो । यो मन्दिर कोलमतेश्वर नदीको काखमा निर्माण गरिएको छ । कोलमती नदीको काखमा आएर महादेव बसेको हुनाले यस मन्दिरको नाम कोलमतेश्वर महादेव राखिएको हो । यो मन्दिरमा नित्यपूजा र विशेष पूजा हुने गर्दछ । यस मन्दिरमा पनि पुजारीको प्रबन्ध गरिएको छ । कोलमतेश्वर मन्दिरको व्यवस्थापन समितिका उपाध्यक्ष केशव सिङखडाको टिमको प्रयासले यस मन्दिरलाई अझ सुविधासम्पन्न बनाउने प्रयास भईरहेको जानकारी प्राप्त भएको छ । लक्ष्मीहयग्रीव मन्दिरको पुजारी तथा पीठाधीश स्वामी जगदीश प्रपन्नाचार्यका अनुसार यस कोलमतेश्वर नदी र महादेवको महिमा स्कन्द पुराण हिमवत् खण्डमा वर्णन गरिएको हुँदा यस स्थानमा कोलमतेश्वर महादेवको मन्दिरको स्थापना गरिएको हो । यो मन्दिरको सामुन्ने १०८ शिवलिङगको निर्माण गरिएको छ भने अर्को एउटा भवनमा विभिन्न धार्मिक, सांस्कृतिक कर्मकाण्डहरु सम्पन्न गरिन्छ ।

यस कागेश्वरी मनोहरा नगरपालिकाको यस वडामा बसोबास गर्ने हिन्दु धर्मावलम्बीहरुले पूजाअनुष्ठान गर्ने अन्य विभिन्न किसिमका धार्मिक, सांस्कृतिक स्थलहरु पनि पाइन्छन् । जस्तैः आआफ्ना कुलायन थान, आआफ्ना टोलबासीले पूजा अनुष्ठान गर्ने ससाना देवीमन्दिर, गणेश

मन्दिर, हनुमान थान, सरस्वती मन्दिर, भगवती थान आदि । तर यस अध्ययनमा मुख्यमुख्य रूपमा रहेको सबै मठमन्दिरको खोज अन्वेषण गरिएको छ ।

**बौद्ध धर्मसङ्ग सम्बन्धित स्थलहरु**

राष्ट्रिय जनगणना २०७८ अनुसार कागेश्वरी मनोहरा नगरपालिकाको जनसङख्या क्रमशः बाहुन ३९४४६ अर्थात् ३०.२ प्रतिशत, क्षेत्री ३९१८८ अर्थात् ३०.० प्रतिशत, तामाङ १५६२३ अर्थात् १२.० प्रतिशत, नेवाः नेवार ११३७८ अर्थात् ८.७ प्रतिशत, राई ३४७५ अर्थात् २.७ प्रतिशत रहेको छ । यसरी हेर्दा के देखिन्छ भने कागेश्वरी मनोहरा नगरपालिकाको यस वडामा स्थायी रूपमा बसोबास गर्ने तामाङ समुदाय प्रशस्त छन् । अधिकांश तामाङ समुदाय बौद्धमार्गी हुने हुँदा तामाङ समुदायले मान्ने बुद्धधर्मसङ्ग सम्बन्धित माने, गुम्बा, विहार, चैत्य आदि धार्मिक स्थलहरु हुनेपर्ने हो तर सार्वजनिक रूपमा त्यस्तो बौद्धमार्गीहरुको धार्मिक स्थल प्राप्त गर्न सकिएन ।

**किरात/प्रकृति धर्मसङ्ग सम्बन्धित स्थलहरु**

राष्ट्रिय जनगणना २०७८ अनुसार कागेश्वरी मनोहरा नगरपालिकाको जनसङख्या क्रमशः बाहुन ३९४४६ अर्थात् ३०.२ प्रतिशत, क्षेत्री ३९१८८ अर्थात् ३०.० प्रतिशत, तामाङ १५६२३ अर्थात् १२.० प्रतिशत, नेवाः नेवार ११३७८ अर्थात् ८.७ प्रतिशत, राई ३४७५ अर्थात् २.७ प्रतिशत रहेको छ । यसरी हेर्दा के देखिन्छ भने कागेश्वरी मनोहरा नगरपालिकाको यस वडामा स्थायी रूपमा बसोबास गर्ने राईहरु प्रशस्त छन् यद्यपि उनीहरुले उँधौली, उँभौलीको बेलामा साखेवा नाच्ने गरे तापनि राईहरुको सांस्कृतिक परम्परा गर्ने देखिए, बुझिए पनि उनीहरूले सार्वजनिक रूपमा सांस्कृतिक, धार्मिक स्थलहरु निर्माण गरिएको भेटिएन ।

**क्रिश्चियन धर्मसङ्ग सम्बन्धित स्थलहरु**

कागेश्वरी मनोहरा नगरपालिकाको यस वडामा केही मात्रामा क्रिश्चियन धर्मावलम्बीहरु रहेको र उनीहरु आआफ्नो अनुयायीको घरमा सामूहिक रूपमा भेला भएर विभिन्न प्रकारको धार्मिक पूजाआनुष्ठन गर्ने गरे तापनि सार्वजनिक रूपमा उनीहरूको मण्डली (चर्च) निर्माण गरिएको भेटिएन
।

## अध्याय आठ :

### कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ५ मा अवस्थित विभिन्न धार्मिक सांस्कृतिक स्थलहरु

कागेश्वरी मनोहरा नगरपालिका ५ नम्बर वडाका वडा अध्यक्ष शङ्कर पाण्डे, ५ नम्बर वडाका समाजसेवी, संस्कृतिविद्, जानकार व्यक्तिहरुले दिएको जानकारी र अनुसन्धाताहरुले कागेश्वरी मनोहरा नगरपालिका ५ नम्बर वडाका सम्पूर्ण वडाभित्र स्थलगत अध्ययन गर्दा देहाय अनुसारका धार्मिक, सांस्कृतिक स्थलहरु प्राप्त भएको छ ।

### हिन्दु धर्मसङ्ग सम्बन्धित मठमन्दिरहरु

### रामकृष्ण मन्दिर

कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर पाँचको वडा कार्यालय नजिकै थलीमा रहेको यो राम मन्दिर र कृष्ण कृष्ण मन्दिरलाई रामकृष्ण सेवा समाजले निर्माण र संरक्षण गर्दै आएको छ । यस रामकृष्ण सेवा समाजको सल्लाहकार शङकर घिमिरे र अध्यक्ष सुरेश कार्कीका अनुसार यस मन्दिर परिसरमा सुरुमा राधाकृष्ण मन्दिर बनेको हो । त्यसपछि रामसीता र लक्ष्मणको मन्दिर निर्माण गरिएको हो । २०६४ सालमा रामकृष्ण सेवा समाजको गठन भए पश्चात् चाहिँ यी सम्पूर्ण मन्दिर क्षेत्रको रेखदेख यही रामकृष्ण सेवा समाजले गर्दै आएको छ। लगभग दुई रोपनी जति जग्गामा रहेको यो मन्दिर परिसरमा अफिस कोठा, बैठक कोठा, योगा हल, शौचालय आदिको प्रबन्ध गरिएको छ । यहाँ नित्यपूजा हुने गरेको छ भने चतुरमासमा साउनदेखि हरिबोधिनी एकादशीसम्म पुराण लगाइन्छ । यसरी नै हरेक साँझ आरती हुन्छ भने एकादशीको बेलामा महाआरती हुने गरेको छ। यस मन्दिरमा पूजारीको प्रबन्ध गरिएको छ र उनलाई मासिक नौ हजार पारिश्रमिक दिइन्छ । यस राधाकृष्ण मन्दिरमा कृष्णाष्ठमीमा रथारोहण समेत गरिन्छ ।

**मुक्तेश्वर महादेव**

कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर पाँच थलीमा रहेको मुक्तेश्वर महादेव २०५१/५२ सालमा स्थापना गरिएको हो । ११/१२ घर जति एउटै खलक पराजुलीहरुले आफ्नो हजुरबुबाको नामबाट यस मन्दिरको नाम मुक्तेश्वर महादेव नामकरण गरिएको हो। यस मन्दिरको सञ्चालकहरु ७० वर्षीय महेश पराजुली, ५५ वर्षीय श्रीधर पराजुली र ५२ वर्षीय अनिता पराजुलीको अनुसार व्यक्तिकै नाममा रहेको एक रोपनी क्षेत्रफलमा निर्माण भएको यस मन्दिरमा नित्यपूजा हुने गरेको छ। पुजारीको प्रबन्ध समेत रहेको र पुजारीको रूपमा गुरुकुलमा अध्ययनरत प्रकाश सुवेदीलाई नियुक्त गरिएको छ । पुजारीलाई छात्रावृत्तिस्वरुप केही रकम महिनावारी दिइने गरिन्छ । यस मन्दिरमा हरेक शोम्वार र शिवरात्रीको बेला विशेष पूजा हुने गर्दछ । हालसम्म कुनै पनि सरकारी, गैरसरकारी सङ्घसंस्थाको सहयोग नलिएको यस मुक्तेश्वर महादेव मन्दिरको आर्थिक सहजताको लागि यस मन्दिरका सञ्चालक पराजुली बन्धुहरुको एउटा जग्गा बिक्री गरेर अक्षकोष निर्माण गरिएको र त्यसैको व्याजबाट मन्दिरको खर्च व्यवस्थापन गर्ने गरिएको जानकारी प्राप्त भएको छ।

**कल्छीदेवी**

यो मन्दिर कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर पाँच खत्री टोलमा रहेको छ । यो मन्दिर एउटा ठूलो र निकै पुरानो पिपलको फेंदमा कल्छी देवीको शिला राखेर पूजाआजा गरिदै आएको छ । यस मन्दिरको पुजारी तथा संरक्षक ९५ वर्षीय गोवर्द्धन थापाका अनुसार यस मन्दिरमा रहेको रुख सुरुमा पैयुँ त्यसपछि भलायो र हाल पिपलको रुख भएको हो। उनका अनुसार दसौं पुस्तादेखि पुजिदै आएको यो मन्दिरमा सुरुमा मगर जातिका पुजारी थिए । उनले मगर परम्परा अनुसार जाँडरक्सी चढाएर त्यसैलाई प्रसादको रूपमा बाँड्ने गर्दथे । उनको देहावसान पछि मात्र बाहुन पुजारीले पूजाआजा गर्न थालेको हो। यो मन्दिरमा रहेको ठुलो रुख पटक पटक गरेर चार पटक ढलेको तर कुनै पटक पनि केही क्षति नगरेको जानकारी गराए। यसरी सयौं वर्षदेखि पूजाआज गरिदै आएको यो कल्छेदेवीको मन्दिरको हालको स्वरुप भने ३० वर्ष अघि मात्र निर्माण गरिएको हो। यो मन्दिरमा नित्यपूजा हुन्छ भने दसैंको अष्टमीमा विशेष पूजा हुन्छ। यो मन्दिरमा पहिले थुमाको बलि दिइन्थ्यो तर देवीको मन्दिर भए पनि हाल पशु बलि दिइदैन। पशु बलिको सट्टा नरिवलको बलि दिइन्छ।

**बालकुमारी मन्दिर**

बालकुमारी मन्दिर कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर पाँच नेवार टोल वा वा बालकुमारी टोलमा रहेको छ ।  यो मन्दिरको संरक्षण कार्यमा खट्ने स्थानीय ३४ वर्षीय समाजसेवी साजन श्रेष्ठका अनुसार यस ठाउँका नेवार समुदायले तीन पुस्ता अगाडि आफ्नो पुर्खेउली थलो ठिमीको बालकुमारीलाई यस ठाउँमा ल्याएर पूजाआजा गर्न थालिएको हो । पहिले सानो मन्दिर बनाएर पूजाआजा गरिदै आएको यस कुमारी मन्दिरलाई २०६३ सालमा वर्तमान स्वरुपको बनाएर पूजाआजा गरिदै आएको छ । यस बालकुमारी मन्दिरमा नित्यपूजा हुन्छ । यस मन्दिरमा बालकुमारी देवीको शिला, गणेश र अन्य देवीदेवताको मुर्ति पनि राखिएको छ । यो मन्दिरसङ्गै एउटा धर्माशाला पनि निर्माण गरिएको छ । यहाँ भजनकीर्तिन, भोजभतेर खाने, बाजागाजा सिकाउने गरिन्छ ।

**पलान्चोक भगवती**

कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर पाँच गजरकोटमा अवस्थित यो मन्दिर २०५८ सालमा स्थापना भएको हो । यस मन्दिरका संस्थापकहरु अच्युत प्रसाद भुर्तेल, आनन्द बहादुर रोका, स्व. शिव रोका र बुद्धरत्न मानन्धरसङ्ग प्रत्येक्ष भेटेर यो मन्दिरको जानकारी लिइएको हो । उहाँहरुका अनुसार   एउटा चिया गफको सिलसिलामा २०५७ चैत महिनामा एउटा मन्दिर निर्माण गर्ने कुरा उठ्यो । अनि सबैले पैसा भेला गरेर २०५८ वैशाखमा मुर्ती निर्माण गरियो र २०५८ असोज प्रतिपदाको दिन मुर्तिमा प्राणप्रतिष्ठा गरेर मन्दिरम खडा गरियो । यसरी नै २०६६ मा पहिलो पटक श्रीमद्भागवत सप्ताह पुराण लगाएर उठेको रकमबाट मन्दिर थप्दै र पुनर्निर्माण गर्दै लगियो । यसरी नै २०८० मा शिव पुराण लगाइयो । प्रदेश सरकारको सहयोगमा मन्दिरलाई पर्खालको घेरा लगाइयो ।

यस मन्दिरमा नित्यपूजा र आरती हुन्छ । यस मन्दिरको नामबाट गुठीको स्थापना गरिएको छ । हरेक वर्ष यस गुठीबाट ३०,०००/ जति रकम उठ्छ र सोही रकमबाट मन्दिरमा रङरोगन गरिन्छ । २०८१ सालमा वडाबाट प्राप्त दुई लाख सहयोगबाट बाधवादनका सामग्रीहरु खरिद गरिएको छ । जसले गर्दा भजनकीर्तन गर्न सहज भएको छ । यस मन्दिरमा दसैंको नौरथामा विशेष पूजा गरिन्छ । एक रोपनी जति सार्वजनिक जग्गामा निर्माण गरिएका यस पलान्चोक भगवती मन्दिर व्यवस्थापन

समितिका अध्यक्ष उत्तम रोका छन् भने अन्य माथि उल्लेख गरिएका संस्थापकहरु सल्लाहकारका रूपमा रहेका छन् ।

### अर्ध नारीश्वर

कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर पाँचको वडा कार्यालय नजिकै थलीमा रहेको अर्धनारीश्वर मन्दिर सानो थलीमा अवस्थित छ । यस मन्दिर व्यवस्थापनमा रहेकी ७१ वर्षीय लक्की केसीका अनुसार ५८ घरधुरी मिलेर बनाइएको जलकाली सेवा समाज गुठीद्वारा सञ्चालित यो मन्दिरमा पुजारीको व्यवस्था गरिएको छ । मन्दिरमा सपरिवार बस्ने पुजारीलाई दान, भेटिबाट उठेको रकमबाट पारिश्रमिक उपलब्ध गराइन्छ । यस अर्धनारीश्वर मन्दिरमा नित्यपूजा र आरती हुन्छ भने हरेक शिवरात्रीमा विशेष पूजा हुन्छ । एउटा मन्दिर, एउटा पुजारी बस्ने घर र एउटा भजनकीर्तन गर्ने भवन रहेको यस मन्दिरमा हरेक दिन योगसाधना गरिन्छ । यस मन्दिरमा सम्बद्ध महिला समूहले हरेक एकादशीमा भजन, कीर्तन गर्ने गर्दछन् ।

### आकाशदेवी मन्दिर

कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर पाँचको वडा कार्यालय नजिकै भित्री गाउँमा रहेको यो मन्दिर सानो आकारको छ । एउटा घरको अगाडि निजी जग्गामा निर्माण गरिएको आकाशदेवी मन्दिरमा गाउँलेहरु मिलेर नित्यपूजा गर्दछन् । विभिन्न चाडपर्वहरुमा विशेष चहलपहल हुने यस मन्दिरमा अरुबेला भने सामान्य रूपमा नित्यपूजा हने गर्दछ ।

यस कागेश्वरी मनोहरा नगरपालिकाको यस वडामा बसोबास गर्ने हिन्दु धर्मावलम्बीहरुले पूजाअनुष्ठान गर्ने अन्य विभिन्न किसिमका धार्मिक, सांस्कृतिक स्थलहरु पनि पाइन्छन् । जस्तैः आआफ्ना कुलायन थान, आआफ्ना टोलबासीले पूजा अनुष्ठान गर्नेससाना देवीमन्दिर, गणेश मन्दिर, हनुमान थान, सरस्वती मन्दिर, भगवती थान आदि । तर यस अध्ययनमा मुख्यमुख्य रूपमा रहेको सबै मठमन्दिरको खोज अन्वेषण गरिएको छ ।

## बौद्ध धर्मसङ्ग सम्बन्धित स्थलहरु

### माहायान विहार

कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर पाँचको वडा कार्यालय नजिकै थलीमा रहेको एउटा माहायान गुरुकुल विहार रहेको छ । यस विहारमा १८० जना विधार्थीहरु बौद्ध शिक्षा पढ्छन । यस माहायान गुरुकुल विहारकी शिक्षिका कन्या लामाका अनुसार ५ जना बौद्ध गुरुमाहरुद्वारा १८० जना विधार्थीहरुलाई अध्यापन गरिने यस विहारमा महिलाहरुलाई मात्र शिक्षादीक्षा दिइन्छ । कक्षा पाँचसम्म मात्र पढाइ हुने यो गुरुकुल विहार कदम्पा विहार आरुबारी काठमाडौको शाखा विहार हो । २०६० सालबाट यस कागेश्वरी मनोहरा-५ मा स्थापना भएको यस गुरुकुल विहारमा अध्ययन गर्ने बालिकाहरुलाई लाउने, खाने, पढ्ने सम्पूर्ण व्यवस्था निशुल्क हुने गरेको छ । विभिन्न स्वदेशी तथा विदेशी दातृ निकायहरुको सहयोगबाट सञ्चालित यो विहार ११ रोपनी जति क्षेत्रमा फैलिएको छ ।

### किरात/प्रकृति धर्मसङ्ग सम्बन्धित स्थलहरु

राष्ट्रिय जनगणना २०७८ अनुसार कागेश्वरी मनोहरा नगरपालिकाको जनसङ्ख्या क्रमशः बाहुन ३९४४६ अर्थात् ३०.२ प्रतिशत, क्षेत्री ३९१८८ अर्थात् ३०.० प्रतिशत, तामाङ १५६२३ अर्थात् १२.० प्रतिशत, नेवाः नेवार ११३७८ अर्थात् ८.७ प्रतिशत, राई ३४७५ अर्थात् २.७ प्रतिशत रहेको छ । यसरी हेर्दा के देखिन्छ भने कागेश्वरी मनोहरा नगरपालिकाको यस वडामा स्थायी रूपमा बसोबास गर्ने राईहरु प्रशस्त छन् यद्यपि उनीहरुले उँधौली, उँभौलीको बेलामा साखेवा नाच्ने गरे तापनि राईहरुको सांस्कृतिक परम्परा गर्ने देखिए, बुझिए पनि उनीहरूले सार्वजनिक रूपमा सांस्कृतिक, धार्मिक स्थलहरु निर्माण गरिएको भेटिएन ।

### क्रिश्चियन धर्मसङ्ग सम्बन्धित स्थलहरु

कागेश्वरी मनोहरा नगरपालिकाको यस वडामा केही मात्रामा क्रिश्चियन धर्मावलम्बीहरु रहेको र उनीहरु आआफ्नो अनुयायीको घरमा सामूहिक रूपमा भेला भएर विभिन्न प्रकारको धार्मिक पूजाआनुष्ठन गर्ने गरे तापनि सार्वजनिक रूपमा उनीहरूको मण्डली (चर्च) निर्माण गरिएको भेटिएन ।

## अध्याय नौ :

### कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ६ मा अवस्थित विभिन्न धार्मिक सांस्कृतिक स्थलहरु

कागेश्वरी मनोहरा नगरपालिका छ नम्बर वडाका निमित्त वडा अध्यक्ष विकास केसी, छ नम्बर वडाका समाजसेवी, संस्कृतिविद्, जानकार व्यक्तिहरुले दिएको जानकारी र अनुसन्धाताहरुले कागेश्वरी मनोहरा नगरपालिका छ नम्बर वडाका सम्पूर्ण वडाभित्र स्थलगत अध्ययन गर्दा देहाय अनुसारका धार्मिक, सांस्कृतिक स्थलहरु प्राप्त भएको छ ।

### हिन्दु धर्मसङ्ग सम्बन्धित मठमन्दिरहरु

### नवदुर्गा मन्दिर

कागेश्वरी मनोहरा नगरपालिका छ नम्बर वडा कार्यालय नजिकै रहेको यो नवदुर्गा मन्दिर लगभग ५० वर्ष अगाडि निर्माण गरिएको हो । यो मन्दिर निकै पुरानो हो तर वर्तमान मन्दिरको निर्माण १०/११ वर्ष अगाडि मात्र भएको हो । यो नवदुर्गा मन्दिरसङ्गै जोडिएको घरका मन्दिर संरक्षक पवित्रा हुमागाइँका अनुसार यो मन्दिरमा गाउँलेहरु मिलेर सामूहिक पूजाआजा गरिन्छ । यो मन्दिर हाल बिस्तार भएको सडकभित्र परेको देखिन्छ । मन्दिरको संरक्षण कार्यमा कट्ने पवित्रा हुमागाइँको अनुसार सार्ने प्रयास भए पनि हालसम्म सार्न सकिएको छैन ।

### लक्ष्मी नारायण मन्दिर

कागेश्वरी मनोहरा नगरपालिका छ नम्बर वडामा अवस्थित लक्ष्मी नारायण मन्दिरको पुजारी केशव ढकालका अनुसार यो मन्दिर निर्माण भएको १९ वर्ष भयो । यही मन्दिरमा १५ वर्ष अघिदेखि पुजारीका रूपमा रहेका केशव ढकाल यही मन्दिरभित्रै बस्छन् । यस मन्दिरमा नित्यपूजा र साँझमा आरती हुने गर्दछ भने अन्य चाड्पर्वहरुमा विशेष पूजाआजा हुने गर्दछ । यस मन्दिर परिसरमा एउटा मन्दिर र दुटा दुईतले भवन छ । जहाँ हरेको नियमित हरेक बिहान योग गरिन्छ भने बेलाबेलामा भजनकीर्तन गर्ने गरिन्छ । पुजारीलाई महिनावारी सामान्य खर्च मासिक नौ हजार रुपैयाँ दिने गरिन्छ भने अन्य भेटिदानबाट मन्दिरको खर्च टार्ने गरिन्छ ।

### महादेव मन्दिर निर्माणाधीन

**काशी विश्वनाथ मन्दिर**

कागेश्वरी मनोहरा नगरपालिका छ नम्बर वडामा अवस्थित गजुरेल डाँडामा काशी विश्वनाथ मन्दिरको निर्माण २०७३ सालमा निर्माण गरिएको हो । यस मन्दिरसङ्गै रहेको सामुदायिक भवन भने २५ वर्ष अगाडि नै निर्माण भएको हो । यस मन्दिरका व्यवस्थापन समितिका सदस्य महेश कुइकेलका अनुसार पहिले पुजारी राखिएको थियो तर हाल छैन । एक जना सरसफाइ गर्ने मान्छे राखिएको छ । यस मन्दिरमा अधिकारी गाउँका र गजुरेल गाउँका लगभग ३४/३५ घर जतिका मानिसहरुले पालैपालो नित्यपूजा र आरती गर्दछन् । चखण्डोल सामुदायिक वनको लगभग ७४ रोपनी जग्गामध्ये ५ रोपनी क्षेत्रमा यो मन्दिर परिसर फैलिएको छ

**शिव पान्चायन मन्दिर**

कागेश्वरी मनोहरा नगरपालिका छ नम्बर वडामा अवस्थित यो मन्दिरलाई हिन्दु धर्म संरक्षण समितिले रेखदेख गर्दछन् । यस मन्दिरका पुजारी शिव प्रसाद ढकालका अनुसार यस मन्दिर परिसरमा निर्माण गरिएका विभिन्न मठमन्दिरहरुमध्ये सबैभन्दा पहिले २०५३ सालमा राधाकृष्ण मन्दिरको निर्माण भयो । त्यसपछि शिवपान्चायन २०५४ तिर, सप्तऋषि मन्दिर र धर्मशाला २०५७, सरस्वती मन्दिर २०६९ मा निर्माण भएको हो । यसरी नै यस मन्दिर परिसरमा कृयापुत्री भवन २०७३ मा र सभाहल २०७४ मा निर्माण भएका हुन् । लगभग तीन रोपनी जति क्षेत्रफलमा विस्तारित भएको यस मन्दिर परिसरमा निर्माण भएका भौतिक संरचनाहरु विभिन्न चन्दादाताहरु, तत्कालीन जिविस, प्रदेश सरकार, नगरपालिका, वडा, बैंक आदि विभिन्न संङ्घसंस्थाहरुका सहयोगमा निर्माण भएका हुन् । यस मन्दिर परिसरमा नित्यपूजा, आरती र विशेष पूजा हुन्छ । शिवरात्री, श्रीकृष्ण जन्माष्टमी, जेष्ठ शुक्ल द्वादशी, तिज, दसैंको नवारात्र आदिमा विशेष पूजा हुने यस मन्दिरमा रुद्राभिषेक र नित्यपूजा दुईजना पण्डितद्वारा हुने गर्दछ । यस मन्दिरमा रहेका दुई जना पुजारी र एकजना सरसफाइ गर्ने कर्मचारीलाई क्रमशः १० हजार, नौ हजार र ५ हजार तलब महिनावारी दिइन्छ जुन भेटी, चन्दा र अक्ष कोषको व्याजबाट व्यवस्थापन गरिन्छ ।

### रामजानकी मन्दिर

कागेश्वरी मनोहरा नगरपालिका छ नम्बर वडामा अवस्थित रामजानकी मन्दिर कागेश्वरी नगरपालिका र गोकर्णेश्वर नगरपालिकाको सिमानामा पर्दछ। २०७७ सालबाट पूजा गर्दै आएका ७५ वर्षीय यस मन्दिरको पुजारी उद्धव प्रसाद न्यौपानेका अनुसार कागेश्वरी मनोहरा नगरपालिका र गोकर्णेश्वर नगरपालिकाको सयुक्त लगानीमा बनाएको एउटा रामजानकी मन्दिर र अर्को कृयापुत्री भवन रहेको छ। कृयापुत्री भवनको दुई कोठालाई भने भाडामा दिइएको छ। अर्को एउटा सानो भवन र मन्दिर क्षेत्रको ठाउँ पनि बिहेभोज, पूजापाठ गर्न भाडामा दिइन्छ। तीन रोपनी जति क्षेत्रफलमा फैलिएको यस मन्दिर परिसरमा रामजानकी मन्दिर, कृष्ण मन्दिर, शिव मन्दिर र अन्य केही धर्माशाला निर्माण गरिएका छन्। नित्यपूजा र आरती गरिने यस मन्दिरमा न्युनतम तलबमा पुजारीको नियुक्त गरिएको छ।

### शिव मन्दिर/कुलायन मन्दिर

कागेश्वरी मनोहरा नगरपालिका छ नम्बर वडामा अवस्थित बाबा चोकमा रहेको यस शिव मन्दिरमा सापकोटा जातिको कुलायन/मस्टो घर पनि रहेको छ। यस कुलायन मन्दिरका निर्माताहरु वर्ष ६२ का गोपाल सापकोटा र वर्ष ५२ का शिव सापकोटाका अनुसार आजभन्दा २० वर्ष अघि यो मन्दिरको निर्माण गरिएको हो। आधा रोपनीमा फैलिएका यस मन्दिरमा शिव मन्दिर र कुलायन मन्दिर निर्माण गरिएका छन्। सापकोटाहरुको कुलायन मन्दिरमा वर्षको एक पटक मात्र विशेष पूजा गरिन्छ भने शिव मन्दिरमा नित्य पूजा हुन्छ। सापकोटाहरुको कुलायन/मस्टो पूजा गर्दा भने सुरुमा बलि दिइए पनि ४० वर्ष यता भने बलि दिइदैन। त्यसैले यो कुलायनमा दुधेमस्टोको रूपमा पूजापाठ गरिन्छ।

### तोफायन गणेश मन्दिर

कागेश्वरी मनोहरा नगरपालिका छ नम्बर वडामा अवस्थित तोफायन मन्दिर व्यवस्थापन समितिकी अध्यक्ष गीता गौतमका अनुसार यो मन्दिरको निर्माण २०६३ सालमा गरिएको हो। डेड रोपनी जति जग्गामा बिस्तारित भएको यो मन्दिर परिसरमा गणेश, पन्चकन्या, बटुक, भैरव, सरस्वती, कृष्ण, नारायण आदि भगवानको मुर्ती निर्माण गरिएको छ। मन्दिर वरिपरिका गाउँलेहरुले सामूहिक रूपमा नित्यपूजा गर्ने यस मन्दिरमा साउन र माघ महिनाको मङलबार विशेष पूजा हुन्छ। यसरी नै

चतुरमासमा पुराण लगाइने गरिन्छ भने हरेक बिहान योग गरिन्छ । प्रदेश सरकार, नगरपालिका र चन्दादाताहरुको सहयोगमा निर्माण गरिएका यो मन्दिरको व्यवस्थापन समितिमा महिलाहरु मात्र रहेका छन् । यस तोफायन मन्दिरको आम्दानीको लागि यस मन्दिर परिसरमा बिहे, पास्नी, भोजभतेर आदि कार्य गर्दा भाडा लिइने गरिन्छ ।

**ऋषेश्वर महादेव**

कागेश्वरी मनोहरा नगरपालिका छ नम्बर वडामा अवस्थित मुलपानी चौरमा रहेको यो मन्दिर निकै प्राचीन हो त्यसैले यो मन्दिर कागेश्वरी मनोहरा नगरपालिकाको मात्र होइन काठमाडौंकै पुरानो मन्दिरभित्र पर्दछ । यो मन्दिरको पुजारी विमल नेपाल र ऋषेश्वर महादेव क्षेत्र परिसर संरक्षण समाजका अध्यक्ष ६० वर्षीय विमल खनालको अनुसार २७ रोपनी १३ आनामा फैलिएको मुलपानी चौरमध्ये बाटोले खाएर हाल २३ रोपनी जति बचेको छ । त्यही २३ रोपनी जग्गामध्ये डेड रोपनी जतिमा मन्दिर र अर्को एउटा भवन निर्माण गरिएको छ । यो मन्दिर आजभन्दा ३१२ वर्ष पहिले अर्थात् १७७१ मा निर्माण गरिएको हो । यो मन्दिर र जग्गा दाता ऋषेश्वर पाध्य खनाल भएकोले उनकै नामबाट यो मन्दिरको नाम राखिएको जानकारी यो मन्दिर संरक्षण समितिका अध्यक्ष एवम् दाताका सन्तान विमल खनालले बताउनु भयो । यहाँ भएको पुरानो मन्दिर १७७१ मा निर्माण भएको हो भने यहाँ भएको नयाँ मन्दिर भने २०६५ सालमा श्रीमद्भागवत सप्ताह पुराण लगाएर उठेको रकमबाट निर्माण गरिएको हो । यस नयाँ मन्दिरमा राधाकृष्ण, गणेश, सरस्वती आदिको मुर्ति निर्माण गरिएको छ । यस मन्दिरको पूजा व्यवस्थापनका लागि केही वर्षदेखि नगरपालिकाले वार्षिक दुई लाख दिने गरेको छ । निर्यपूजा र आरती हुने यस मन्दिरमा विभिन्न चाडपर्वमा विशेष पूजापाठ हुने गर्दछ । यसरी नै यस मन्दिरमा हरेक १५ दिनमा महाआरती गरिन्छ । महिनाको एउटा शनिबार शिवपुराण लगाउने गरिन्छ ।

**डुमादेवी मन्दिर**

कागेश्वरी मनोहरा नगरपालिका छ नम्बर वडामा अवस्थित डुमादेवी मन्दिर नवदुर्गामध्येकै एउटा देवी मानिन्छ । यस मन्दिर निर्माण व्यवस्थापन समितिका अध्यक्ष विमल खनालका अनुसार यो मन्दिरमा मल्ल राजाकै पालादेखि पूजाआजा हुँदै आएको हो । यो प्राचीन मन्दिरलाई यसलाई हालसालै

१६ लाखको बजेटमा नयाँ निर्माण गरिएको हो । खुला रूपमा रहेको यस मन्दिरको मुख्य शिला राखिएको भागमा मात्र सानो छाना राखिएको छ । यो मन्दिरमा स्थानीयहरुले नित्यपूजा गर्दछन् । चैत दसैं र ठूलो दसैमा भने विशेष पूजा हुन्छ । त्यतिबेला भने यस मन्दिरमा टाढाटाढाबाट समेत भक्तजनहरु पूजाआजा गर्न आउने गर्दछन् ।

### नागेश्वरी मन्दिर

कागेश्वर मनोहरा नगरपालिका वडा नम्बर छ सृजना टोलमा रहेको नागेश्वरी मन्दिरमा नित्यपूजा र आरती हुन्छ । यस नागेश्वर मन्दिरमा शिवरात्रीमा विशेष पूजा हुन्छ । नौ आना आफ्नै जग्गामा मन्दिरसङ्गै निर्मित एकतले सामुदायिक भवनलाई पछि अर्को तला थपेर निर्माण गरिएको छ । यस मन्दिर व्यवस्थापन समितिका अध्यक्ष तीर्थराज रोकाको अनुसार यहाँ राखिएका पुजारीलाई पारिश्रमिक स्वरुप वार्षिक एकमुष्ट ५०,०००/ दिइन्छ । यस नागेश्वरी मन्दिरमा रहेको सामुदायिक दुईतले भवनमा कृयापुत्री बसेको, पूजापाठ गरेको शुल्क लिइन्छ ।

### नागेश्वर मन्दिर कृकेट डाँडा

कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर छस्थित कृकेट डाँडामा २०८१ सालमा निर्माण गरिएको यो मन्दिरमा नित्यपूजा र आरती हुन्छ । विभिन्न चाडपर्वमा भने विशेष पूजा समेत हुन्छ । यस मन्दिर व्यवस्थापन समितिका अध्यक्ष ८० वर्षीय समाजसेवी मुरारी प्रसाद फुयालका अनुसार चन्दादाताहरुको सहयोगमा निर्मित यो मन्दिरमा दैनिक १५/ २० घरले पूजाआजा गर्ने गर्दछन् ।

### मनकामना मन्दिर

८० वर्षीय स्थानीय समाजसेवी मुरारी प्रसाद फुयालका अनुसार कागेश्वरी मनोहरा नगरपालिका छ नम्बर वडामा अवस्थित मनकामना मन्दिरको स्थापना २०६५ सालमा भएको हो । पछि २०८१ सालमा भागवत पुराण लगाएर उठेको रकमबाट मन्दिरमा थप भौतिक पूर्वाधार निर्माण गरिएका हो । यो मन्दिर रहेको क्षेत्र कृकेट मैदानकै जग्गामा पर्दछ ।

### चारधाम मन्दिर

कागेश्वरी मनोहरा नगरपालिका छ नम्बर वडामा अवस्थित चारधाम मन्दिर परिसरमा सबैभन्दा पहिले २०७१ सालमा राधाकृष्ण मन्दिर निर्माण गरियो । त्यसपछि भुवनेश्वरी क्रमशः बिन्ध्यावासिनी, बङगलामुखी, शिवजी, सप्तऋषि, हनुमान लगायतका मुर्तिहरु स्थापना गरिएका हुन् । यस चारधाम मन्दिर व्यवस्थापन समितिकी अध्यक्ष विमला दहालका अनुसार कागेश्वरी मनोहरा नगरपालिका र गोकर्णेश्वर नगरपालिकाको सिमाना दक्षिणढोकामा रहेको यो मन्दिर कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर छ मा परे पनि यस मन्दिरको व्यवस्थापन समितिका पदाधिकारीहरु र नियमित पूजा आराधना गर्नेहरु भने गोकर्णेश्वर नगरपालिका पटिका बढी छन् । यस चार धाम मन्दिरमा नित्यपूजा र आरती हुन्छ । कृष्णाष्टमी, एकादशी, साउने शोम्वार आदि चाडपर्वहरुमा भने विशेष पूजाआजा हुन्छ । यस चारधाम मन्दिरमा भएको अक्ष कोषको व्याज र चन्दा, भेटीबाट उठेको रकमबाट एउटा पुजारी परिवारलाई आवासीय व्यवस्थापन गरिएको छ । यस चारधाम मन्दिर परिसरमा नियमित योगध्यान र भजनकीर्तन गर्ने गरिन्छ ।

### महादेव मन्दिर

कागेश्वरी मनोहरा नगरपालिका छ नम्बर वडामा अवस्थित यस मन्दिर व्यवस्थापन समितिका समाजसेवी डबल गुरुङका अनुसार तिवारी टोलमा रहेको महादेव मन्दिर निर्माणाधीन अवस्थामा रहेको छ ।

यस कागेश्वरी मनोहरा नगरपालिकाको यस वडामा बसोबास गर्ने हिन्दु धर्मावलम्बीहरुले पूजाअनुष्ठान गर्ने अन्य विभिन्न किसिमका धार्मिक, सांस्कृतिक स्थलहरु पनि पाइन्छन् । जस्तैः आआफ्ना कुलायन थान, आआफ्ना टोलबासीले पूजा अनुष्ठान गर्ने ससाना देवीमन्दिर, गणेश मन्दिर, हनुमान थान, सरस्वती मन्दिर, भगवती थान आदि । तर यस अध्ययनमा मुख्यमुख्य रूपमा रहेको सबै मठमन्दिरको खोज अन्वेषण गरिएको छ ।

### बौद्ध धर्मसङ्ग सम्बन्धित स्थलहरु

राष्ट्रिय जनगणना २०७८ अनुसार कागेश्वरी मनोहरा नगरपालिकाको जनसङख्या क्रमशः बाहुन ३९४४६ अर्थात् ३०.२ प्रतिशत, क्षेत्री ३९१८८ अर्थात् ३०.० प्रतिशत, तामाङ १५६२३ अर्थात् १२.० प्रतिशत, नेवाः नेवार ११३७८ अर्थात् ८.७ प्रतिशत, राई ३४७५ अर्थात् २.७ प्रतिशत रहेको छ । यसरी हेर्दा के देखिन्छ भने कागेश्वरी मनोहरा नगरपालिकाको यस वडामा स्थायी रूपमा बसोबास

गर्ने तामाङ समुदाय प्रशस्त छन् । अधिकांश तामाङ समुदाय बौद्धमार्गी हुने हुँदा तामाङ समुदायले मान्ने बुद्धधर्मसङ्ग सम्बन्धित माने, गुम्बा, विहार, चैत्य आदि धार्मिक स्थलहरु हुनेपर्ने हो तर सार्वजनिक रूपमा त्यस्तो बौद्धमार्गीहरुको धार्मिक स्थल प्राप्त गर्न सकिएन ।

**किरात/प्रकृति धर्मसङ्ग सम्बन्धित स्थलहरु**

राष्ट्रिय जनगणना २०७८ अनुसार कागेश्वरी मनोहरा नगरपालिकाको जनसङख्या क्रमशः बाहुन ३९४४६ अर्थात् ३०.२ प्रतिशत, क्षेत्री ३९१८८ अर्थात् ३०.० प्रतिशत, तामाङ १५६२३ अर्थात् १२.० प्रतिशत, नेवाः नेवार ११३७८ अर्थात् ८.७ प्रतिशत, राई ३४७५ अर्थात् २.७ प्रतिशत रहेको छ । यसरी हेर्दा के देखिन्छ भने कागेश्वरी मनोहरा नगरपालिकाको यस वडामा स्थायी रूपमा बसोबास गर्ने राईहरु प्रशस्त छन् यद्यपि उनीहरुले उँधौली, उँभौलीको बेलामा साखेवा नाच्ने गरे तापनि राईहरुको सांस्कृतिक परम्परा गर्ने देखिए, बुझिए पनि उनीहरूले सार्वजनिक रूपमा सांस्कृतिक, धार्मिक स्थलहरु निर्माण गरिएको भेटिएन ।

**क्रिश्चियन धर्मसङ्ग सम्बन्धित स्थलहरु**

कागेश्वरी मनोहरा नगरपालिकाको यस वडामा केही मात्रामा क्रिश्चियन धर्मावलम्बीहरु रहेको र उनीहरु आआफ्नो अनुयायीको घरमा सामूहिक रूपमा भेला भएर विभिन्न प्रकारको धार्मिक पूजाआनुष्ठन गर्ने गरे तापनि सार्वजनिक रूपमा उनीहरूको मण्डली (चर्च) निर्माण गरिएको भेटिएन ।

**मुस्लिम धर्मसङ्ग सम्बन्धित स्थहरु**

**उमर मस्जिद दक्षिणढोका**

कागेश्वरी मनोहरा नगरपालिका छ नम्बर वडामा अवस्थित एक मात्र मस्जिद रहेको छ । यो उमर मस्जिदको प्रमुख युव आलमका अनुसार यो मस्जिदको स्थापना सन् २०१५ मा अर्थात् १२ वर्ष अगाडि भएको हो । यस मस्जिदको व्यवस्थापनमा चारजना रहेको छ । साडे बार आना आफ्नै जग्गामा निर्माण भएको यस मस्जिदमा नियमित रूपमा दैनिक नमाज पढिन्छ । दैनिक ३/४ जना नियमित

रूपमा नमाज पढिने यस मस्जिदमा शुक्रबार भने अलिक बढी उपस्थित हुन्छ । यस मस्जिदको वरिपरि करिब १८/२० घर मुस्लिमहरुको बसोबास रहेको छ ।

## अध्याय दश:

### कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ७ मा अवस्थित विभिन्न धार्मिक सांस्कृतिक स्थलहरु

कागेश्वरी मनोहरा नगरपालिका ७ नम्बर निमित्त वडा अध्यक्ष भक्त थापा, ७ नम्बर वडाका समाजसेवी, संस्कृतिविद्, जानकार व्यक्तिहरुले दिएको जानकारी र अनुसन्धाताहरुले कागेश्वरी मनोहरा नगरपालिका ७ नम्बर वडाका सम्पूर्ण वडाभित्र स्थलगत अध्ययन गर्दा देहाय अनुसारका धार्मिक, सांस्कृतिक स्थलहरु प्राप्त भएको छ ।

### हिन्दु धर्मसङ्ग सम्बन्धित मठमन्दिरहरु

### गीता मन्दिर र शोम तीर्थ मन्दिर

यो मन्दिर कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर सातस्थित मुलपानीमा रहेको छ। यहाँ गीता मन्दिर र शोम तीर्थ मन्दिर एउटै परिसरभित्र रहेको छ । यस मन्दिर व्यवस्थापन समितिका अध्यक्ष तीर्थ थापा र पुजारीकी छोरी कल्पना खनालका अनुसार यहाँ १०९ रोपनी सार्वजनिक जग्गामध्ये १० रोपनी जति जग्गाभित्र मन्दिर परिसर निर्माण गरिएका छन् । यस मन्दिर परिसरभित्र एउटा गीता मन्दिर, शोमतीर्थ मन्दिर, ट्रस्टद्वारा निर्मित योगध्यान गर्ने ठाउँ, पुजारी बस्ने सानो घर र तीन तले अर्को ठुलो भवन निर्माण भएका छन् । ठुलो तीनतले भवनमा चाहिँ प्रत्येक तलामा विभिन्न देवीदेवताका मुर्तीहरु राखिएका छन् । ती भवनहरुमध्ये सबैभन्दा पहिले २०५० सालतिर शोमतीर्थ मन्दिर निर्माण भएको र २०५४ सालतिर तीनतले ठूलो भवन निर्माण गर्न थालिएको हो । यो मन्दिर स्थानीय समाजसेवी शिवानन्द शर्माको पहलमा निर्माण गरिएको हुँदा यस मन्दिर परिसरमा उनको मुर्ती पनि राखिएको छ । यस मन्दिरमा पुजारीलाई आवासीय रूपमा राखिएको छ । उनलाई मासिक १०,०००/ पारिश्रमिक प्रदान गरिन्छ । यहाँ नित्यपूजा र आरती हुन्छ भने वैशाख १ गते गीता दिवस

र अन्य चाड्पर्वहरुमा विशेष पूजाआजा हुन्छ।  यसरी नै यहाँ भजनकीर्तन र नियमित योग धान पनि हुने गर्दछ।

### राधाकृष्ण मन्दिर

यो मन्दिर कागेश्वरी मनोहरा वडा नम्बर सातस्थित राधाकृष्ण मन्दिर कार्की गाउँस्थित कार्कीहरुकै पहलमा निर्माण गरिएको हो। यस मन्दिर व्यवस्थापन समितिका अध्यक्ष श्रीकृष्ण कार्कीका वासुदेव कार्कीको पहलमा यस मन्दिरको निर्माण प्रारम्भ गरिएको हो। यस मन्दिरमा राखिएको शिलालेख अनुसार यो मन्दिरको शिलान्यास २०४९/११/१९ गते भएको देखिन्छ। आठ आना जति जग्गामा निर्तिम तीन तले यो मन्दिरको वरिपरि अन्य ससाना मुर्तिहरु निर्माण गरिएका छन्। यस मन्दिरमा दोलखाबाट आएका कुमार न्यौपाने नामक पुजारी राखिएको छ। उनकी श्रीमती सीता न्यौपानेको अनुसार पुजारीलाइ बस्ने सुविधा मात्र छ तर पारिश्रमिक दिइएको छैन। यस मन्दिरमा नित्यपूजा र आरती हुन्छ। अन्य विभिन्न चाडपर्वहरुमा भने विशेष पूजाआजा हुन्छ।  हरेक शुक्रबार र मङगलवार भजनकीर्तन गरिन्छ। यसरी नै हरेक हप्ताको पहिलो शनिबार चतुर्मास पुराण हुन्छ।

### हरहर महादेव

कागेश्वरी मनोहरा वडा नम्बर सातस्थित गोठाटारको सडकको चोकमा राखिएको शिवलिङ्ग २०४९ सालमा माटोमुनी पुरिएको अवस्थामा भेटिएको हो। हाल यही शिवलिङ्ग राखिएको स्थानलाई हरहर महादेव भनेर चिनिन्छ। यस मन्दिर व्यवस्थापन समितिका अध्यक्ष कृष्णभक्त न्यौपानेका अनुसार यस ठाउँको चोकमा उनकै ८ छोरा वर्षीय छोरालाई गाडीले किच्चाएर मारेको हुनाले सोही चोकमा शिवलिङ्ग राखेर पूजा गर्न थालिएको हो। यस मन्दिरमा चोक वरिपरिका मिलेर आआफैले नित्यपूजा गर्ने गर्दछन् भने अन्य चाडपर्वहरुमा विशेष पूजाआजा हुने गरेको छ। यो मन्दिर व्यवस्थापन समितिका अध्यक्षले सडक बिचमा रहेको र सडक साँघुरो भएको हुँदा नजिकै कतै सार्वजनिक उपलब्ध भए मन्दिर सार्ने योजना रहेको बताए।

### सिद्धि विनायक

यस मन्दिर व्यवस्थापन समितिका अध्यक्ष मीना पुरीका अनुसार कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर सात गोठाटारमा रहेको यो मन्दिरमा पूजाआजा गर्न थालिएको त सयौं वर्ष भएको हो।

तर हालको भवन चाहिँ भर्खरै २०८१ मा निर्माण गरिएको हो । यहाँ एउटा मन्दिर र तीन तले सामुदायिक भवन सङ्गसङ्गै निर्माण गरिएका छन् । यो स्थानमा पुरीहरुको बाक्लो बसोबास छ । यो मन्दिरको लागि पनि पुरीहरुले नै जग्गा उपलब्ध गराएको हो । यस सिद्धि विनायक मन्दिरमा नित्यपूजा गरिन्छ । यसरी नै दैनिक पन्चभजन गरिन्छ भने हरेक महिनाको तेस्रो शनिवार रामायण भजन गरिन्छ । हरेक चाडपर्वहरुमा हवन र विशेष पूजा गरिन्छ । सामुदायिक भवनको सबैभन्दा तल्लो तलामा भजनकीर्तन गरिन्छ भने माथिल्लो तलामा अन्य सरसामान राखिन्छ । यस मन्दिरको भजनकीर्तन एवम् पूजाआजा गर्नका लागि नगरपालिकाबाट केही रकम एकमुष्ट सहयोग रकम आउने गरेको देखिन्छ ।

**शक्ति विनायक / गणेश पान्चायन**

कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर सात गोठाटारमा रहेको यो मन्दिरलाई शक्ति विनायक र गणेश पान्चायन पनि भनिन्छ । यो मन्दिर दुई आना जति निजी जग्गामा रहेको छ । यो मन्दिर निर्माण गर्ने परिवारका जग्गाधनी सन्तोष थापाका अनुसार त्यहाँ नजिकै राणा जगतजङ्गको दरबार भएको र त्यहीँ राणाहरुको दरबारमा भएको मूर्तिलाई त्यहाँ ल्याएर पूजाआजा गर्न थालिएको हो । सडकसङ्गै रहेको यो मन्दिरमा गाउँलेहरुले नियमित पूजाआजा गर्ने गर्दछन् । यस मन्दिरमा कुनै पुजारीको व्यवस्था छैन । मन्दिरका संरक्षण सन्तोष थापाले पूजाआजा गर्न खर्चको लागि नगरपालिकाबाट वार्षिक एक मुष्ट रकम निकासा गरिने जानकारी दिए ।

**मुक्तिनाथ मन्दिर**

कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर सातमा रहेको यो मन्दिरका पुजारी ५० वर्षीय दिलकृष्ण आचार्यका अनुसार यो मन्दिर २०६८ देखि निर्माण गर्न थालिएको हो भने पुजारीले २०७४ वैशाख २ गतेदेखि यस मन्दिरमा पूजा गर्न थालेको हो । आठ आना जग्गा रहेको यो मन्दिरमा नित्यपूजा हुन्छ । कृष्ण अष्टमी, एकादशी र अन्य चाडपर्वमा विशेष पूजा हुने यस मन्दिरमा पुजारीलाई बस्ने सुविधा भए पनि पारिश्रमिकको व्यवस्था छैन । यो मन्दिर परिसरभित्र एउटा मन्दिर र अर्को एउटा दुईतले भवन छ जहाँ पुजारी सपरिवार बस्छन् ।

यस कागेश्वरी मनोहरा नगरपालिकाको यस वडामा बसोबास गर्ने हिन्दु धर्मावलम्बीहरुले पूजाअनुष्ठान गर्ने अन्य विभिन्न किसिमका धार्मिक, सांस्कृतिक स्थलहरु पनि पाइन्छन् । जस्तैः आआफ्ना कुलायन थान, आआफ्ना टोलबासीले पूजा अनुष्ठान गर्ने ससाना देवीमन्दिर, गणेश मन्दिर, हनुमान थान, सरस्वती मन्दिर, भगवती थान आदि । तर यस अध्ययनमा मुख्यमुख्य रूपमा रहेको सबै मठमन्दिरको खोज अन्वेषण गरिएको छ ।

**बौद्ध धर्मसङ्ग सम्बन्धित स्थलहरु**

राष्ट्रिय जनगणना २०७८ अनुसार कागेश्वरी मनोहरा नगरपालिकाको जनसङख्या क्रमशः बाहुन ३९४४६ अर्थात् ३०.२ प्रतिशत, क्षेत्री ३९१८८ अर्थात् ३०.० प्रतिशत, तामाङ १५६२३ अर्थात् १२.० प्रतिशत, नेवाः नेवार ११३७८ अर्थात् ८.७ प्रतिशत, राई ३४७५ अर्थात् २.७ प्रतिशत रहेको छ । यसरी हेर्दा के देखिन्छ भने कागेश्वरी मनोहरा नगरपालिकाको यस वडामा स्थायी रूपमा बसोबास गर्ने तामाङ समुदाय प्रशस्त छन् । अधिकांश तामाङ समुदाय बौद्धमार्गी हुने हुँदा तामाङ समुदायले मान्ने बुद्धधर्मसङ्ग सम्बन्धित माने, गुम्बा, विहार, चैत्य आदि धार्मिक स्थलहरु हुनेपर्ने हो तर सार्वजनिक रूपमा त्यस्तो बौद्धमार्गीहरुको धार्मिक स्थल प्राप्त गर्न सकिएन ।

**किरात/प्रकृति धर्मसङ्ग सम्बन्धित स्थलहरु**

राष्ट्रिय जनगणना २०७८ अनुसार कागेश्वरी मनोहरा नगरपालिकाको जनसङख्या क्रमशः बाहुन ३९४४६ अर्थात् ३०.२ प्रतिशत, क्षेत्री ३९१८८ अर्थात् ३०.० प्रतिशत, तामाङ १५६२३ अर्थात् १२.० प्रतिशत, नेवाः नेवार ११३७८ अर्थात् ८.७ प्रतिशत, राई ३४७५ अर्थात् २.७ प्रतिशत रहेको छ । यसरी हेर्दा के देखिन्छ भने कागेश्वरी मनोहरा नगरपालिकाको यस वडामा स्थायी रूपमा बसोबास गर्ने राईहरु प्रशस्त छन् यद्यपि उनीहरुले उँधौली, उँभौलीको बेलामा साखेवा नाच्ने गरे तापनि राईहरुको सांस्कृतिक परम्परा गर्ने देखिए, बुझिए पनि उनीहरूले सार्वजनिक रूपमा सांस्कृतिक, धार्मिक स्थलहरु निर्माण गरिएको भेटिएन ।

**क्रिश्चियन धर्मसङ्ग सम्बन्धित स्थलहरु**

कागेश्वरी मनोहरा नगरपालिकाको यस वडामा केही मात्रामा क्रिश्चियन धर्मावलम्बीहरु रहेको र उनीहरु आआफ्नो अनुयायीको घरमा सामूहिक रूपमा भेला भएर विभिन्न प्रकारको धार्मिक

पूजाआनुष्ठन गर्ने गरे तापनि सार्वजनिक रूपमा उनीहरूको मण्डली (चर्च) निर्माण गरिएको भेटिएन ।

## अध्याय एघार :

### कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ८ मा अवस्थित विभिन्न धार्मिक सांस्कृतिक स्थलहरु

कागेश्वरी मनोहरा नगरपालिका ८ नम्बर वडाका वडा अध्यक्ष हरिभक्त पुडासैनी, वडा सदस्य मुक्तिनाथ दहाल, ८ नम्बर वडाका समाजसेवी, संस्कृतिविद्, जानकार व्यक्तिहरुले दिएको जानकारी र अनुसन्धाताहरुले कागेश्वरी मनोहरा नगरपालिका ८ नम्बर वडाका सम्पूर्ण वडाभित्र स्थलगत अध्ययन गर्दा देहाय अनुसारका धार्मिक, सांस्कृतिक स्थलहरु प्राप्त भएको छ ।

### हिन्दु धर्मसङ्ग सम्बन्धित मठमन्दिरहरु

### गौरीनाथ महादेव

कागेश्वरी मनोहरा नगरपालिका ८ नम्बर वडा गोठाटार र मुलपानीको बिचमा पर्ने यस मन्दिरको अध्ययनको क्रममा यहाँ भेला भएका मन्दिर संरक्षण अभियानमा जुटेका अभियन्ताहरु मन्दिर व्यवस्थापन समितिका अध्यक्ष सुजित केसी, वर्ष ६८ का संरक्षक शिव बहादुर अधिकारीका अनुसार १९१० मा यस ठाउँमा सबैभन्दा पहिले गौरीनाथ मन्दिर निर्माण गरियो । त्यसपछि क्रमशः पोखरी र पाटी बन्यो । पछि २०५४ सालमा उक्त पुरानो मन्दिरलाई जिर्णोद्वार गरियो । पहिले थुप्रै जग्गा भए पनि त्यही जग्गा बेच्दै मन्दिरका विभिन्न संरचनाहरु निर्माण गरिदै आएको हुनाले हाल एक रोपनी जति जग्गामा फैलिएको यस मन्दिर परिसरमा एउटा शौचालय, एउटा स्टोर रुम, एउटा पूजापाठ गर्ने सत्तल छ । यस मन्दिरमा मासिक ११०००/ दिएर पुजारीको प्रबन्ध पनि गरिएको छ । यस मन्दिर नजिकै रहेको अर्को मन्दिर लक्ष्मी नारायण मन्दिरकै पुजारी केशव प्रसाद दाहाललाई नै यस मन्दिरको पनि पूजाआजा गर्ने जिम्मेवारी दिइएको छ ।

यस मन्दिरमा नित्यपूजा र आरती हुन्छ । यसैगरी हरेक शोम्बार साँझमा कीर्तन हुन्छ भने प्रायः पुराण लगाइन्छ । शिवरात्रीको अगिल्लो दिन यस मन्दिरको वार्षिकी मनाइन्छ भने शिवरात्रीको दिन विशेष पूजाआजा हुन्छ । यसरी नै यस मन्दिरमा साउन महिनाभर विशेष पूजापाठ गरिन्छ । यस

मन्दिरमा पूजाआजा गर्न र खास गरेर मन्दिरको वार्षिकोत्सब मनाउन हरेक वर्ष नगरपालिकाले केही रकम छुट्याउने गरेको जानकारी प्राप्त भयो । सडक मुनी रहेको यो गौरीनाथ मन्दिर ऐतिहासिक एवम् निकै सुन्दर र आकर्षक समेत देखिन्छ ।

### तेज बिनायक

कागेश्वरी मनोहरा नगरपालिका ८ नम्बर वडामा रहेको यो मन्दिर निकै प्राचीन मन्दिर हो । सुरुमा १९११ मा बनेको तेज विनायक मन्दिरलाई यही २०८१ सालमा पुननिर्माण गरिएको हो । यस मन्दिरको संरक्षक ६५ वर्षीय राजेश श्रेष्ठका अनुसार ४०/५० घरजति नेवारी समुदायको बसोबास रहेको यस खोर्सानी बारीमा अवाले, जौना, श्रेष्ठ लगायतका नेवारी समुदायको बस्ती छ । यस विनायकमा गुठीका सदस्यहरुले पालैपालो नित्यपूजा गर्दछन् । मुख्य रूपमा जात्रामा र अन्य चाडपर्वमा विशेष पूजाआजा हुने गर्दछन् ।

### कालीमाता मन्दिर, रामजानकी मन्दिर

कागेश्वरी मनोहरा नगरपालिका ८ नम्बर वडामा रहेको कालीमाताको मुर्तीलाई प्राचीन समयदेखि पूजा गरिन्थ्यो । हरेक साल गङगा दशहरा मेलामा बागमतीमा लगेर मूर्तिलाई पूजा गरिन्थ्यो तर पछि यही क्रममा मुर्ती हरायो । त्यसपछि २०६१ सालमा अर्को नयाँ मुर्ती निर्माण गरेर नयाँ मन्दिरमा पूजाआजा गर्न थालिएको हो । सङ्खुवासभा मादीबाट आएर पूजा गर्दै आएका यस मन्दिरका पुजारी रमेश खनालका अनुसार यस मन्दिर परिसरमा रहेको विभिन्न मन्दिरहरुमा २०६९/७० मा विन्ध्यावासिनी मन्दिर, २०७४ तिर काली मन्दिर, र २०७६ मा राम मन्दिर बनेको हो । दहालहरुको कुलायन मन्दिर परिसरभित्र निर्मित विभिन्न मुर्तीहरु निकै भव्य र सुन्दर रहेको छ ।

यस मन्दिरको निर्माण कार्यमा सकृय समाजसेवी उद्धब दहालका अनुसार निकै लामो समयदेखि दहालहरुले कुलायन पूजा गर्दै आएको यो ठाउँलाई २०४३ सालमा पशुपति विकास कोषको नाममा दर्ता गराईयो । तर पनि हालसम्म नियमित पूजाआजा हुँदै आएको छ । यस मन्दिर परिसरमा राम मन्दिर, शिव मन्दिर, गणेश मन्दिर, विन्ध्यावासिनी मन्दिर, दाहालको कुलदेवता, ब्रम्ह, हनुमान, सीता र अग्निबेत्तालको मुर्ती राखिएको छ ।  तीन रोपनी जति जग्गामा निर्मित यस मन्दिर परिसरमा पुजारीलाई राखिएको छ । नित्यपूजा र आरती हुने यस मन्दिर परिसरमा मङ्सिरे पूर्णिमाको दिन

विशेष पूजा हुने गरेको छ । कुनैकुनै बेला भजन कीर्तन र पुराण लगाइने यस मन्दिर परिसरमा दाहालहरुको कुलायन पूजा गर्दा भने मन्दिरभित्र बलि दिइदैन । मन्दिर बाहिर बलि दिने ठाउँ बनाइएको छ ।

### आसापुरी / आसापुरेश्वर मन्दिर

कागेश्वरी मनोहरा नगरपालिका ८ नम्बर वडामा रहेको यो मन्दिरको स्थापना र संरक्षणमा खट्ने समाजसेवी उद्धव दाहालको अनुसार २०६० सालमा यदुनाथ दाहालसङ्ग रु.१८७५००/ मा जग्गा किनेर यो मन्दिर निर्माण गरिएको हो । हरिराज दाहाल संस्थापक अध्यक्ष भएको नाताले उनैले शिलान्यास गरी अन्य सबै दाताहरुको सहयोगमा यो मन्दिर निर्माण गरिएको हो । पाँच आना जति जग्गा रहेको मन्दिर परिसरमा प्यागोडा शैलीको दुई तले मन्दिर र स्व. हरिहर दाहालले निर्माण गरिदिएको एउटा दुईतले धर्मशाला रहेको छ । यसरी नै यो मन्दिर परिसरभित्र इशादेवी भगवती, हनुमान, गणेश, सप्तऋषि, नारायण, कृष्ण, लक्ष्मी, भैरव, कुमार, सरस्वती आदिको मुर्ती राखिएको छ । सङ्खुवासभाबाट आएका पुजारीलाई अवाससहित राखिएको यस मन्दिर परिसरमा नित्यपूजा र आरती हुन्छ । हरेक महिनाको पहिलो सोमबार सतसङ हुन्छ । यसरी नै रुद्राभिषेक हुन्छ भने हरेक चाडपर्वमा विशेष पूजा हुन्छ ।

### नवतनधाम

कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर आठमा अवस्थित कृष्ण प्रणामी सेवा समितिको केन्द्रीय धामको रूपमा रहेको यो नवतन धाम नेपालकै ठुलो र केन्द्रीय धाम हो । कृष्ण प्रणामी सेवा समिति केन्द्रीय नवतन धामका कार्यालय सचिवले दिएको जानकारी अनुसार कृष्ण प्रणामी सेवा समितिको स्थापना २०२३ सालमा भएको हो । यस समितिअन्तर्गत देशभरमा १६५ वटा धाम सञ्चालित छन् भने यस सम्प्रदायमा १५ लाख अनुयायी छन् । यो शुद्ध सनातनी धर्म हो । यस केन्द्रीय धाममा गौशाला, वृद्धाश्रम, निजानन्द गुरुकुल आदि सञ्चालित छन् । ४५ रोपनी क्षेत्रमा फैलिएका यस धाममा १५/१६ जना कर्मचारी छन् जसले दैनिक १०० जना जति भक्तजनहरुलाई निशुल्क भोजन गराउँछन् । यहाँ भएका वृद्धाश्रममा ३०/३५ जना बृद्धबृद्धाहरु छन् भने यहाँका गौशालामा १२/१५ वटा गाईहरु छन् । यसरी नै यहाँका निजानन्द गुरुकुलमा १ कक्षादेखि स्नातक तहसम्म करिब २०० जना विधार्थी

विभिन्न विषयमा निशुल्क अध्ययन गर्दछन् । लगभग सम्पूर्ण भौतिक संरचनाहरु भक्तजन र अनुयायीहरुबाट प्राप्त सहयोग रकमबाट निर्माण गरिएका हुन् भने यसको सञ्चालन र रेखदेख पनि चन्दा/ दानबाटै चलाइएको छ । यहाँ जतिसुकै बेला जतिसुकै मान्छे खवर गरेर आउने हो भने निशुल्क बस्न र खान पाइन्छ । यो धाम कृष्ण प्रणामी सेवा समितिको केन्द्रीय धाम पनि हो । अग्लो उच्च स्थानमा निर्माण भएको पितलयुक्त छानाजडित भव्य मन्दिरमा श्रीकृष्णको प्रतीक प्रतिमा निर्माण गरिएको छ भने केही तल होचो भागमा निर्मित चारतले भवनमा भोजनालय, पाहुना कक्ष, छात्रावास आदि रहेको छ भने नजिकै रहेको अर्को भवनमा कार्यालय र अन्य प्रबन्ध गरिएको छ । यसैगरी यस धाममा योगध्यान केन्द्र, प्रवचन कक्ष, कार्यक्रम हल आदि रहेको छ । समग्रमा भन्दा श्रीकृष्ण प्रणामी सेवा समितिको यो केन्द्रीय धाम कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर आठको मात्र होइन पुरै नगरपालिकाकै महत्त्वपूर्ण धार्मिक स्थलका रूपमा रहेको छ ।

## वीरभद्र पोखरी

कागेश्वरी मनोहरा नगरपालिका ८ नम्बर वडामा रहेको वीरभद्र पोखरीमा हाल निर्माण गरिएका भौतिक सम्पदाहरु भएको स्थानमा पहिले एउटा ऐतिहासिक पोखरी थियो जसलाई वीरभद्र पोखरी भनिन्थ्यो । जलकुम्भीयुक्त सुन्दर ऐतिहासिक पोखरी पुरिएको हुनाले त्यस ठाउँमा हाल विभिन्न देवीदेवताको मुर्तिहरु राखिएको छ । यस वीरभद्र पोखरी व्यवस्थापन समितिका सदस्य शङकर रिजालका अनुसार महादेवले हलाहल विष पिउँदा असर परेको र त्यतिबेला महादेवको एउटा खुट्टा यस वीरभद्र पोखरीमा र अर्को खुट्टा गोसाइँकुण्डमा राखेको भन्ने किंवदन्ती पाइन्छ । हाल एक रोपनी जति जग्गाभित्र एउटा भवन र वीरभद्रको मुर्ती अनि विभिन्न समयमा, विभिन्न भक्तजनहरुले पन्चकन्या, विन्ध्यावासिनी, नन्दी, वीरभद्र महादेव, नारायण, हनुमान, सप्तऋषि गणेश, बासुकी आदिको मुर्ति निर्माण गरिएको छ । यो मन्दिरमा समाजसेवी उद्धव दाहालले करिब सात वर्ष अगाडि विन्ध्यावासिनीको मुर्ती स्थापना गरिदिएका छन् । यहाँ सामूहिक रूपमा नित्यपूजा र आरती गरिन्छ भने हरेक महिनाको पहिलो शनिबार विशेष भजनकीर्तन हुने गरेको छ । कागेश्वरी मनोहरा नगरपालिकाको आर्थिक सहयोगमा करिब १८ लाख खर्चेर पिउने पानीको लागि बोरिङ गरिएको छ ।

**सीताराम रामेश्वर धाम :**

कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर आठमा अवस्थित सीताराम रामेश्वर धाममा २०५७ सालमा राम मन्दिर र २०६६ सालमा शिव मन्दिर र पार्टी निर्माण गरिएको हो । यस धामको व्यवस्थापन समितिका पूर्वअध्यक्ष राजाराम पुडासैनीका अनुसार सुरुसुरुमा यस मन्दिरबाट विवाह पन्चमीको दिन रामलाई अन्भाएर हरेक साल मुलपानीको ठुलो चौरमा अवस्थित सीता मन्दिरमा लगेर रामसीताको विवाह गरेर ल्याउने गरिन्थ्यो तर हाल त्यहाँको सट्टा अलिक नजिकै रहेको बालुवा खानीमा लगेर रामसीताको विवाह गरिन्छ ।

डेड रोपनी जति जग्गा रहेको यस मन्दिर परिसरमा पुजारीको प्रबन्ध गरिएको छ । उनलाई दानदक्षिणाबाट उठेको रकमबाट पारिश्रमिक दिइन्छ । यस मन्दिरमा नित्यपूजा र आरती हुन्छ । यसैगरी हरेक दिन बिहान भजन, कीर्तन हुन्छ भने महिनाको १५ गते रामायण भजन गाइन्छ । यसरी नै रामनवमी र अन्य चाडपर्वमा विशेष पूजाआजा हुने गर्दछ ।

**पाथीभरा मन्दिर शिवचौक**

कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर आठ शिवचौकमा बागमती नदीको काखमा रहेको यो मन्दिर २०६२ सालमा स्थापना गरिएको हो । यस मन्दिरको अभियन्ता, संरक्षक तथा व्यवस्थापन समितिका अध्यक्ष किरण लिम्बूका अनुसार यो मन्दिर निर्माण कार्यमा समाजसेवी हरिशरण दाहालले निकै ठुलो सहयोग गरेको छ । यस मन्दिरमा सिन्धुपाल्चोकबाट आएको राम प्रसाद ढकालले नित्यपूजा गर्दछन् । यो मन्दिरको व्यवस्थापन समितिका अध्यक्ष लिम्बूले बागमती नदीको काखमा रहेको हुँदा कुनै पनि बेला भत्किन सक्छ भनेर पनि कसैले सहयोग नगरेको जानकारी दिए ।

**अर्ध नारेश्वर/हारती माता धाम**

कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर आठमा रहेको यो मन्दिर करिब १५ वर्ष अगाडि निर्माण गरिएको हो । यस मन्दिर परिसरभित्र बस्ने जमुना कार्की हारती माताको नामले चिनिन्छ । उहाँ विगत २८ वर्षदेखि निरन्तर आध्यात्मिक जीवनमा लाग्नु भएको हो । हारती माताको अनुसार यो मन्दिर परिसरमा लगभग नौ रोपनी जति जग्गा छ । यस मन्दिर परिसरमा पशुपतिनाथ, सप्तऋषि, नवदुर्गा, बासुकी, नागनागिनी, बासुकी, पाथीभरा, चौसट्ठी आदिको मुर्ती र मन्दिर निर्माण गरिएको

छ । यस मन्दिरमा कमल पोखेल नामक पुजारी छन् जसलाई चन्दा, भेटिबाट उठेको रकमबाट पारिश्रमिक दिइने गरिन्छ । यसरी नै यहाँ बस्ने माता र सहयोगीहरुको खर्च पनि भक्तजनहरुको सहयोगबाटै चलेको छ । यहाँ भनेको भौतिक संरचनाहरु र वरिपरिका पर्खालहरु सहरी विकास कार्यालयको सहयोगमा निर्माण गरिएका हुन् भने अन्य सम्पूर्ण भौतिक संरचनाहरु चन्दादानबाटै निर्माण गरिएको हो । यस मन्दिरमा नित्यपूजा र आरती हुने गर्दछ भने हरेक सोमबार भजनकीर्तन हुने गर्दछ । यसरी अन्य चाडपर्वहरुमा विशेष पूजाआजा हुने गर्दछ । यो मन्दिर कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर आठमा परे पनि वडा नम्बर सातको वडा कार्यालय नजिकै पर्दछ ।

यस कागेश्वरी मनोहरा नगरपालिकाको यस वडामा बसोबास गर्ने हिन्दु धर्मावलम्बीहरुले पूजाअनुष्ठान गर्ने अन्य विभिन्न किसिमका धार्मिक, सांस्कृतिक स्थलहरु पनि पाइन्छन् । जस्तैः आआफ्ना कुलायन थान, आआफ्ना टोलबासीले पूजा अनुष्ठान गर्ने ससाना देवीमन्दिर, गणेश मन्दिर, हनुमान थान, सरस्वती मन्दिर, भगवती थान आदि । तर यस अध्ययनमा मुख्यमुख्य रूपमा रहेको सबै मठमन्दिरको खोज अन्वेषण गरिएको छ ।

**बौद्ध धर्मसङ्ग सम्बन्धित स्थलहरु**

राष्ट्रिय जनगणना २०७८ अनुसार कागेश्वरी मनोहरा नगरपालिकाको जनसङख्या क्रमशः बाहुन ३९४४६ अर्थात् ३०.२ प्रतिशत, क्षेत्री ३९१८८ अर्थात् ३०.० प्रतिशत, तामाङ १५६२३ अर्थात् १२.० प्रतिशत, नेवाः नेवार ११३७८ अर्थात् ८.७ प्रतिशत, राई ३४७५ अर्थात् २.७ प्रतिशत रहेको छ । यसरी हेर्दा के देखिन्छ भने कागेश्वरी मनोहरा नगरपालिकाको यस वडामा स्थायी रूपमा बसोबास गर्ने तामाङ समुदाय प्रशस्त छन् । अधिकांश तामाङ समुदाय बौद्धमार्गी हुने हुँदा तामाङ समुदायले मान्ने बुद्धधर्मसङ्ग सम्बन्धित माने, गुम्बा, विहार, चैत्य आदि धार्मिक स्थलहरु हुनेपर्ने हो तर सार्वजनिक रूपमा त्यस्तो बौद्धमार्गीहरुको धार्मिक स्थल प्राप्त गर्न सकिएन ।

**किरात/प्रकृति धर्मसङ्ग सम्बन्धित स्थलहरु**

राष्ट्रिय जनगणना २०७८ अनुसार कागेश्वरी मनोहरा नगरपालिकाको जनसङख्या क्रमशः बाहुन ३९४४६ अर्थात् ३०.२ प्रतिशत, क्षेत्री ३९१८८ अर्थात् ३०.० प्रतिशत, तामाङ १५६२३ अर्थात् १२.० प्रतिशत, नेवाः नेवार ११३७८ अर्थात् ८.७ प्रतिशत, राई ३४७५ अर्थात् २.७ प्रतिशत रहेको छ । यसरी हेर्दा के देखिन्छ भने कागेश्वरी मनोहरा नगरपालिकाको यस वडामा स्थायी रूपमा बसोबास

गर्ने राईहरु प्रशस्त छन् यद्यपि उनीहरुले उँधौली, उँभौलीको बेलामा साखेवा नाच्ने गरे तापनि राईहरुको सांस्कृतिक परम्परा गर्ने देखिए, बुझिए पनि उनीहरूले सार्वजनिक रूपमा सांस्कृतिक, धार्मिक स्थलहरु निर्माण गरिएको भेटिएन ।

**क्रिश्चियन धर्मसङ्ग सम्बन्धित स्थलहरु**

कागेश्वरी मनोहरा नगरपालिकाको यस वडामा केही मात्रामा क्रिश्चियन धर्मावलम्बीहरु रहेको र उनीहरु आआफ्नो अनुयायीको घरमा सामूहिक रूपमा भेला भएर विभिन्न प्रकारको धार्मिक पूजाआनुष्ठन गर्ने गरे तापनि सार्वजनिक रूपमा उनीहरूको मण्डली (चर्च) निर्माण गरिएको भेटिएन ।

## अध्याय बाह्र :

### कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ९ मा अवस्थित विभिन्न धार्मिक सांस्कृतिक स्थलहरु

कागेश्वरी मनोहरा नगरपालिका ९ नम्बर वडाका वडा अध्यक्ष अनिल थापा, ९ नम्बर वडाका समाजसेवी, संस्कृतिविद्, जानकार व्यक्तिहरुले दिएको जानकारी र अनुसन्धाताहरुले कागेश्वरी मनोहरा नगरपालिका ९ नम्बर वडाका सम्पूर्ण वडाभित्र स्थलगत अध्ययन गर्दा देहाय अनुसारका धार्मिक, सांस्कृतिक स्थलहरु प्राप्त भएको छ ।

**हिन्दु धर्मसङ्ग सम्बन्धित मठमन्दिरहरु**

**श्रीकृष्ण प्रणामी मन्दिर**

कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर नौ नम्बर वडामा अवस्थित श्रीकृष्ण प्रणामी मन्दिर वडा कार्यालयको ठिक अगाडि रहेको छ । श्रीकृष्ण प्रणामी सेवा समिति नेपालद्वारा सञ्चालित यो मन्दिर व्यवस्थापन समितिका सचिव लक्ष्मण सन्जेलका अनुसार श्रीकृष्ण प्रणामी सेवा समिति नेपालको कागेश्वरी मनोहरा भईमाल शाखा यो मन्दिरको स्थापना २०५१ सालमा भएको हो । भूकम्पले पुरानो मन्दिरलाई क्षति पुराएको हुनाले पुरानो मन्दिरलाई पूर्ण रूपमा भत्काएर नयाँ निर्माण गरिएको हो । यो मन्दिरको निर्माण कार्य २०४५ सालबाट थालेर २०५० सालमा पूरा भएको र २०५४ सालदेखि यस शाखाले भोगचलन गर्ने अधिकार प्राप्त गरेको देखिन्छ । तर अझै पनि सम्पूर्ण निर्माण कार्य

सम्पन्न भईसकेको छैन । यो शाखाको सम्पूर्ण कागजात र अधिकार केन्द्रमा रहने व्यवस्था गरिएको छ । यस मन्दिरमा विगत १०/२५ वर्षदेखि प्रेमानन्द नामक पुजारी राखिएको छ । जसले नित्यपूजा र आरती गर्ने गरिन्छ । श्रीकृष्ण जन्माष्टमी भन्दा एक महिना अगाडिदेखि सुरु भएर कृष्णाष्टमीको दिन साङगे गर्ने गरी भव्य मेला लाग्दछ । हरेक साल श्रीपन्चमीको दिन यस मन्दिरको विशेष वार्षिकोत्सब मनाइन्छ । अन्य चाडपर्वहरुमा पनि विशेष पूजाआजा हुने गर्दछ । यस मन्दिरमा हरेक दिन योगा कक्षा सञ्चालन गरिदै आएको छ भने बालबालिका र महिकाहरुस्स्म्बन्धीको छुट्टै कक्षा सञ्चालन पनि हुन्छ ।

यस मन्दिरको सबैभन्दा तल्लो तलामा श्रीकृष्णको प्रतीक चिन्ह भव्य रूपमा राखिएको छ भने सोही तलामा प्रवचन कक्ष तथा कार्यक्रमहरु गरिन्छ भने दोस्रो तलामा भजनकीर्तन, पूजापाठ, भागवत आदि गरिन्छ । यस मन्दिरमा रहेको पुजारीलाई मासिक ८००० पारिश्रमिक दिइन्छ भने सपरिवार खान, बस्न दिइन्छ भने विभिन्न चाडपर्वहरुमा विशेष भत्ता र लत्ताकपडा दिइन्छ । चारतले यो श्रीकृष्ण प्रणामी मन्दिर निर्माणका लागि सांसद कोष, कागेश्वरी मनोहरा नगरपालिका र अन्य विभिन्न चन्दादाताहरुको सहयोग रहेको जानकारी यस मन्दिर व्यवस्थापन समितिका सचिव लक्ष्मण सजेलले गराए ।

## काली मन्दिर ओपीटार

कागेश्वरी मनोहरा नगरपालिका नौ नम्बर वडामा अवस्थित यो मन्दिर व्यवस्थापन समितिका अध्यक्ष रामेश्वर आचार्य र समिति सदस्य रमा पुडासैनीले जानकारी दिए अनुसार लगभग एक रोपनी क्षेत्रमा फैलिएको यस मन्दिर परिसरमा नौ फिट नौ इन्च अग्लो शिलाको कालीको ठुलो प्रतिमा निर्माण गरिएको छ । उहाँहरुले दाबी गरेअनुसार यो नेपालकै ठुलो शिलाको प्रतिमा हो । यो मन्दिरमा प्रतिस्तापित मुर्ती १२ वर्ष अगाडिदेखि निर्माण गर्न थालिए पनि करिब एक वर्ष अगाडि मात्र निर्माण कार्य सम्पन्न भएर यस स्थानमा राखेर प्राणप्रतिष्ठा गरिएको हो । यो मुर्ती र मन्दिर निर्माण कार्यका लागि कागेश्वरी मनोहरा नगरपालिकाबाट ५४ लाख, प्रदेश सरकारवाट ७ लाख र समितिबाट १२ लाख गोकर्णेश्वर नगरपालिकाबाट ५ लाख रकम उपलब्ध भएको थियो । यस मन्दिरमा पूजा गर्न मासिक १५००० दिएर शान्तिराम निरौला नामक पुजारीको प्रबन्ध गरिएको छ । यस मन्दिरमा

नित्यपूजा र आरती हुन्छ । अन्य विभिन्न चाडपर्वहरुमा विशेष पूजाआजा हुने गर्दछ ।  चाडयहाँ बेलाबेलामा भजनकीर्तन गरिन्छ भने नियमित योगा कक्षा सञ्चालन हुन्छ ।

यस मन्दिर परिसरभित्र बिच भागमा महाकालीको शिलाको प्रतिमा रहेको छ भने एउटा सत्तल र एउटा सामुदायिक भवन निर्माण गरिएको छ । बजारसङ्गै जोडिएको यो काली मन्दिर निकै शान्त र भव्य पनि छ ।

## कोटीश्वर महादेव मन्दिर

कागेश्वरी मनोहरा नगरपालिका नौ नम्बर वडामा अवस्थित यो मन्दिर व्यवस्थापन समितिको पूर्वअध्यक्ष भरत दाहालका अनुसार यो कोटीश्वर महादेव मन्दिरमा भएको शिलामा लेखिएको धर्मस्थल ( शिलास्तम्भ) चाहिँ २००७ साल अगाडि नै गाडेको हो । श्री ३ मोहन शमशेरद्वारा उदघाटन गरिएको यो शिलास्तम्भ अझै यही मन्दिरमा गाडिएको छ । यहाँ भएको नयाँ मन्दिर भने २०६१ सालमा जग हालेर निर्माण कार्य थालनी गरी २०७१ सालमा मुर्तिमा प्राणप्रतिष्ठा गरिएको हो ।

करिब एक रोपनी जग्गा रहेको यस कोटीश्वर महादेव मन्दिर परिसरभित्र एउटा मन्दिर, एउटा धर्मशाला, एउटा भान्छा घर, एउटा किचन छ भने मन्दिर मुनि सडक छेउमा पुरानो हिटी धारा निर्माणाधीन अवस्थामा छ । यस मन्दिरमा महिनाको ७००० पारिश्रमिक दिएर एउटा पुजारीको प्रबन्ध गरिएको छ । यस मन्दिरमा नित्यपूजा र आरती हुन्छ । यस मन्दिरको वार्षिकोत्सव र अन्य चाडपर्वहरुमा विशेष पूजापाठ हुन्छ । यसरी नै हरेक महिनाको दोस्रो शनिबार रामायण भजन हुन्छ भने दैनिक रूपमा हरेक साँझ हारती भजन हुन्छ । यस मन्दिरमा निर्माण भएका भौतिक संरचनाहरु कागेश्वरी मनोहरा नगरपालिका तथा अन्य निकाय र भक्तहरुको चन्दादानबाट निर्माण गरिएका हुन् । हाल यो मन्दिरमा पाँचखालबाट आएका खरेल थरका एक जना योगी आएर बसिरहेका छन् । कोटीश्वर महादेव मन्दिर व्यवस्थापन समितिका अध्यक्ष सुनिल दहालका अनुसार यस मन्दिरको नामकरण डा. स्वामी प्रपन्नाचार्यले गरेका हुन् ।

## विन्ध्यावासिनी मन्दिर थापागाउँ

कागेश्वरी मनोहरा नगरपालिका नौ नम्बर वडामा अवस्थित यो मन्दिर थापा क्षेत्रीहरुको कुलायन पुज्ने मस्टोथान हो यद्यपि यस मन्दिर परिसरमा विन्ध्यावासिनी, शिव, देवी आदिको समेत मुर्ति र

मन्दिर निर्माण गरिएको छ । यो ठाउँमा परापूर्व कालदेखि थापा क्षेत्रीहरुले देवाली पुज्दै आएका थिए तर मन्दिर स्थापना गरिएको चाहिँ पाँच वर्ष जति भयो । यस मन्दिर व्यवस्थापन समितिका अध्यक्ष विष्णुराम थापाका अनुसार १५० घर जति थापा क्षेत्रीहरुले कुल पुज्ने यस मन्दिरमा अन्य ठाउँका थापाहरु समेत कुल पुज्न आउन थालेका छन् । थापाहरुमध्ये पनि घिमिरे थापाहरुको कुलपित्री गर्ने यस ठाउँमा यज्ञश्वर महादेव मन्दिर, विन्ध्यावासिनी मन्दिर, एउटा सामुदायिक भवन निर्माण गरिएका छन् । एक रोपनी जति जग्गामा रहेको यो मन्दिरमा पुजारीको पनि प्रबन्ध गरिएको छ । मासिक ६००० पारिश्रमिक दिएर पुजारी राखिएको हुँदा यस मन्दिरमा नित्यपूजा र आरती हुन्छ । यसैगरी हरेक महिनाको पहिलो शनिबार महाआरती पनि गरिन्छ । यसरी नै देवाली पूजा र अन्य चाडपर्वको बेलामा विशेष पूजा हुने गरेको छ । मन्दिरमा सफा गर्ने मान्छेको पनि व्यवस्था गरिएको यो मन्दिर परिसर निकै सफा छ ।

**हनुमान मन्दिर नर्सरी मोड**

यो मन्दिर कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर नौ वीरेन्द्र चोक नजिकै नर्सरी मोडमा रहेको छ । यस मन्दिर व्यवस्थापन समितिका अध्यक्ष ज्ञान बहादुर खड्काअनुसार यो मन्दिरको जग्गा र विशाल हनुमानको मुर्ति र मन्दिर राधेश्याम खड्काको एक्लो प्रयासमा निर्माण भएको हो । यहाँ भएको भीमकाय हनुमानको मुर्तिको प्राण प्रतिष्ठा २०६२ चैत २४ गते भएको शिलालेख यस मन्दिरको प्राङ्गणमा राखिएको छ । डेड रोपनी जति क्षेत्रफलमा फैलिएको यस मन्दिर परिसरमा हनुमानको अतिरिक्त गणेश, देवी, शिव, विष्णु आदि देवीदेवताको मुर्तिहरु राखिएका छन् । यस मन्दिरमा तीन वर्ष अगाडिदेखि पुजारीलाई पनि सपरिवार राखिएको छ । यस मन्दिरमा नित्यपूजा र आरती हुन्छ भने सोमबार, मङगलबार शनिबार बढी भक्तजनहरु आउने गर्दछन् । एउटा ठुलो हनुमान मन्दिर र तीनतले धर्मशाला भएको यस मन्दिर परिसरमा बेलाबेला भजनकीर्तन तथा पुराण लाउने गरिन्छ ।

**ओम पुकारेश्वर (शिव मन्दिर)**

कागेश्वरी मनोहरा नगरपालिका नौ नम्बर वडामा अवस्थित यस संस्थाका कार्यकारी प्रमुख प्रेम लामिछाने, संचालक समितिका सचिव गोमा गौतम र व्यवस्थापन समितिका सदस्य ओम गुन्जनाथ (सानोभाइ थापा) का अनुसार यो मन्दिर मल्ल कालमै बनेको हो । पछि २००८ सालमा तुलसीमेयरलाई

जम्मा ५८ रोपनी जग्गा दिएको र पछि उक्त जग्गा गुठीको मातहतमा रहेको हो । ती जग्गाभित्र २०१० सालमा गुठीकै मातहतमा स्कुल स्थापना भयो । यसैगरी महिला छात्रावास, तालिम केन्द्र आदि भवन निर्माण भएका छन् । यस ठाउँमा रहेको शिव मन्दिरले भने करिब पाँच आना जति जग्गा चर्चेको छ । यो शिव मन्दिर निकै प्राचीन हो तर यस मन्दिरको नाम ओम पुकारेश्वर बनाएको भने १२ वर्ष जति भयो ।

यो मन्दिमा एक जना पुजारी छन् तर उनलाई कुनै पारिश्रमिक दिइएको छैन । स्वैच्छिक रूपमा ती पुजारीले नित्यपूजा गर्दछन् । यो ओम पुकारेश्वर मन्दिर तुलसीमेयर गुठीको कम्पाउण्डभित्र भए पनि बिहान बेलुका भक्तजनहरुका लागि खुल्ला रहन्छ ।

**महासिद्धकाली मन्दिर पाटीका चौर**

कागेश्वरी मनोहरा नगरपालिका नौ नम्बर वडामा अवस्थित यो महासिद्धकाली मन्दिर कागेश्वरी नगरपालिका वडा नम्बर नौ पाटिका चौरमा पर्दछ । यस मन्दिरका व्यवस्थापन समितिका अध्यक्ष दीपक खड्का र यस मन्दिरका पुजारी लालमणि खनालले जानकारी गराए अनुसार यो मन्दिरको स्थापना २०७२ सालमा भएको हो । यो मन्दिरको भित्रपट्टी सबैभन्दा ठुलो महासिद्धकालीको सिङगमरमरको प्रतिमा छ भने उक्त कालीको प्रतिमाको अगाडि गणेश, सरस्वती, लक्ष्मी, नारायणको प्रतिमा राखिएको छ । यस मन्दिरमा राखिएको कालीको प्रतिमा हरिद्वारबाट पुरानै प्रतिमा ल्याइएको हो । यो हालको ठुलो काली मन्दिर बन्नुपूर्व दुर्गा मन्दिर र कृष्ण मन्दिर पहिले नै बनिसकेको थियो । दुई रोपनी जति जग्गामा फैलिएको यो मन्दिर परिसरमा एउटा ठुलो काली मन्दिर, ससाना दुईवटा दुर्गा मन्दिर र कृष्ण मन्दिर, एउटा जमरा घर निर्माण भएको छ । रोडको छेउछाउ पनि केही जग्गा मन्दिरको रहेकोले अरु थप भौतिक पूर्वाधार निर्माण गर्ने योजना रहेको जानकारी व्यवस्थापन समितिका अध्यक्ष दीपक खड्काले दिए । यस मन्दिरमा एक जना पुजारी र एक जना सरसफाइ गर्ने मनिस राखिएको छ । पुजारीलाई मासिक १०५०० दिइन्छ भने सरसफाइ गर्नेलाई मासिक ३५०० दिइन्छ ।

कागेश्वरी मनोहरा नगरपालिका नौ नम्बर वडामा अवस्थित यो मन्दिर यो सिद्धकाली मन्दिरमा हरेक बिहान पाँच बजेदेखि नौ बजेसम्म नित्यपूजा हुन्छ भने हरेक साँझ ५ बजेदेखि सात बजेसम्म आरती

गरिन्छ । यस मन्दिरमा कृष्णाष्टमी र दसैंको बेला विशेष पूजाआजा हुन्छ । यसैगरी हरेक दिन हवन गरिन्छ । यसरी नै हरेक अष्टमीको दिन कालीको कपडा फेरिन्छ । यो मन्दिर सिद्धकालीको भए पनि यो मन्दिरमा बलि दिइदैन । यसको कारणबारे बुझ्दा भारतमा हुँदादेखि नै यो मुर्तिमा बलि नदिइएको हुँदा नेपालमा पनि बलि नदिइएको हो । यो मन्दिर निर्माण गर्दा सम्पूर्ण बजेट स्थानीय जनताको चन्दाबाटै गरिएको हो । जमरा घर निर्माणका लागि भने वडा कार्यालयबाट ६५०,०००/ प्राप्त भएको हो । यो मन्दिरको आम्दानी भने मान्दिर परिसरमा पूजाआज, बिहे, व्रतबन्ध,पास्नी भोज गरेबापतको रकम र पूजाआजा गर्दाको भेटिदानबाट उठेको रकम हो ।

## कुशेश्वर शिव मन्दिर

कागेश्वरी मनोहरा नगरपालिका नौ नम्बर वडामा अवस्थित यस मन्दिरमा व्यवस्थापन समितिका अध्यक्ष गणेश कट्वालका अनुसार यो मन्दिरमा राखिएको मुर्ती चाहिँ पुरानै हो मन्दिर चाहिँ २०७१ वैशाख १ गते सम्पन्न गरेको शिलालेख छ । जम्मा तीन रोपनी जति जग्गा भएको यस मन्दिर परिसरमा एउटा कुशेश्वर शिव मन्दिर, एउटा कभर्ड हल र एउटा दुई तले कार्यालय भवन निर्माण भएको छ ।

यस मन्दिरमा शम्भू प्रसाद अधिकारी पुजारीका रूपमा रहेका छन् उनलाई मसिक ५५०० पारिश्रमिक बापत दिइन्छ । यस मन्दिरमा नित्यपूजा र आरती हुन्छ । शिवरात्री र अन्य चाडपर्वमा विशेष पूजाआजा हुन्छ ।

## सप्तेश्वर महादेव वीरेन्द्र चोक

कागेश्वरी मनोहरा नगरपालिका नौ नम्बर वडामा अवस्थित यस मन्दिरमा व्यवस्थापन समितिका अध्यक्ष कृष्ण थापाले दिएको जानकारी अनुसार यो मन्दिर निर्माण गर्नका लागि २०५८ बाट चारवटा पोल गाडेर सुरु गरेर २०८१ सालमा हालको अवस्था निर्माण भएको हो । यो मन्दिर निर्माण गर्न कागेश्वरी मनोहरा नगरपालिकाको केही सहयोग र बाँकीचाहिँ चन्दादाताहरुबाट सहयोग लिइएको हो । यो मन्दिरलाई अझै व्यवस्थित गर्दै भौतिक पूर्वाधारहरु थप्दै लाने योजना रहेको जानकारी व्यवस्थापन समितिका अध्यक्षले दिए ।

कागेश्वरी मनोहरा नगरपालिका नौ नम्बर वडामा अवस्थित यस मन्दिरमा पुजारीको व्यवस्था गरिएको छ । यस मन्दिरको पुजारीलाई मासिक ७६०५/  रकम दिइन्छ । यस मन्दिरमा नित्यपूजा गरिन्छ भने चाडपर्वहरुमा विशेष पूजाआजा हुन्छ । चतुर्मास, पुरुश्वत्तम मासमा पुराण लगाइन्छ भने दैनिक भजनकीर्तन हुन्छ । यसरी नै दैनिक आधाघण्टा अखण्ड कीर्तन हुन्छ । वीरेन्द्र चोकमा पाँच आना जति जग्गा रहेको यस मन्दिर परिसरमा एउटा मन्दिर र अर्को दुईतले पार्टी निर्माण गरिएका छन् ।

### शिव मन्दिर कमलथली

कागेश्वरी मनोहरा नगरपालिका नौ नम्बर वडामा अवस्थित यस मन्दिर २०७१ सालदेखि निर्माण गर्न थालेर २०७३ सालमा निर्माण कार्य सम्पन्न गरेर पूजा गर्न थालिएको भए पनि पुरानो मन्दिरलाई भत्काएर यो मन्दिर हाल निर्माणाधीन अवस्थामा छ । यस मन्दिरको व्यवस्थापन समितिकि अध्यक्ष अमृता सिटौलाको अनुसार कागेश्वरी मनोहरा नगरपालिका र अन्य चन्दादाताहरुको सहयोगमा यो मन्दिर निर्माण भईरहेको छ । दुई रोपनी जति जग्गा भएको यस मन्दिर परिसरमा सहरी विकास कार्यालयको सहयोगमा जेष्ठ नागरिक बस्ने जेष्ठ नागरिक पार्क र नयाँ मन्दिर धमाधम निर्माण कार्य भैरहेको छ ।

यस कागेश्वरी मनोहरा नगरपालिकाको यस वडामा बसोबास गर्ने हिन्दु धर्मावलम्बीहरुले पूजाअनुष्ठान गर्ने अन्य विभिन्न किसिमका धार्मिक, सांस्कृतिक स्थलहरु पनि पाइन्छन् । जस्तैः आआफ्ना कुलायन थान, आआफ्ना टोलबासीले पूजा अनुष्ठान गर्ने ससाना देवीमन्दिर, गणेश मन्दिर, हनुमान थान, सरस्वती मन्दिर, भगवती थान आदि । तर यस अध्ययनमा मुख्यमुख्य रूपमा रहेको सबै मठमन्दिरको खोज अन्वेषण गरिएको छ ।

### बौद्ध धर्मसङ्ग सम्बन्धित स्थलहरु

राष्ट्रिय जनगणना २०७८ अनुसार कागेश्वरी मनोहरा नगरपालिकाको जनसङख्या क्रमशः बाहुन ३९४४६ अर्थात् ३०.२ प्रतिशत, क्षेत्री ३९१८८ अर्थात् ३०.० प्रतिशत, तामाङ १५६२३ अर्थात् १२.० प्रतिशत, नेवाः नेवार ११३७८ अर्थात् ८.७ प्रतिशत, राई ३४७५ अर्थात् २.७ प्रतिशत रहेको छ । यसरी हेर्दा के देखिन्छ भने कागेश्वरी मनोहरा नगरपालिकाको यस वडामा स्थायी रूपमा बसोबास गर्ने तामाङ समुदाय प्रशस्त छन् । अधिकांश तामाङ समुदाय बौद्धमार्गी हुने हुँदा तामाङ समुदायले

मान्ने बुद्धधर्मसङ्ग सम्बन्धित माने, गुम्बा, विहार, चैत्य आदि धार्मिक स्थलहरु हुनेपर्ने हो तर सार्वजनिक रूपमा त्यस्तो बौद्धमार्गीहरुको धार्मिक स्थल प्राप्त गर्न सकिएन ।

### किरात/प्रकृति धर्मसङ्ग सम्बन्धित स्थलहरु

राष्ट्रिय जनगणना २०७८ अनुसार कागेश्वरी मनोहरा नगरपालिकाको जनसङख्या क्रमशः बाहुन ३९४४६ अर्थात् ३०.२ प्रतिशत, क्षेत्री ३९१८८ अर्थात् ३०.० प्रतिशत, तामाङ १५६२३ अर्थात् १२.० प्रतिशत, नेवाः नेवार ११३७८ अर्थात् ८.७ प्रतिशत, राई ३४७५ अर्थात् २.७ प्रतिशत रहेको छ । यसरी हेर्दा के देखिन्छ भने कागेश्वरी मनोहरा नगरपालिकाको यस वडामा स्थायी रूपमा बसोबास गर्ने राईहरु प्रशस्त छन् यद्यपि उनीहरुले उँधौली, उँभौलीको बेलामा साखेवा नाच्ने गरे तापनि राईहरुको सांस्कृतिक परम्परा गर्ने देखिए, बुझिए पनि उनीहरूले सार्वजनिक रूपमा सांस्कृतिक, धार्मिक स्थलहरु निर्माण गरिएको भेटिएन ।

### क्रिश्चियन धर्मसङ्ग सम्बन्धित स्थलहरु

### कृपा एजी चर्च

कागेश्वरी मनोहरा नगरपालिका नौ नम्बर वडामा अवस्थित यस चर्चका पास्टर ( गुरु) राम बहादुर फुकुटीका अनुसार यो चर्चको स्थापना भएको २०६१ सालमा हो । यो चर्च इशाइहरुको विभिन्न सम्प्रदायमध्ये यो प्रोटेन्स्टेन्ट समुदायको चर्च हो ।

यो चर्चमा हरेक शनिबार नियमित साप्ताहिक सेवा हुन्छ । यसरी नै बालक जन्मपछि बाल अर्पण, नयाँ घर निर्माण गर्दा घर अर्पण, मृत्यु हुँदा सामूहिक प्रार्थना आदि संस्कार कार्य सम्पन्न गरिन्छ । यस चर्चमा हरेक शनिबार प्रार्थना गरिन्छ । कुनैकुनै शनिबार त केटाकेटीसहित २५० जना जति भेला हुन्छन् ।

## अध्याय तेह्रः

## सारांश तथा निष्कर्ष

### सारांश

मानिसले प्राचीन कालदेखि परम्परागत रूपमा सिक्दै, भोग्दै, निर्माण गर्दै र समयानुकूल परिवर्तन गर्दै आएको लोकजीवनको समग्रताको नाम नै संस्कृति हो । प्राचीन समयदेखि एक मुख्यबाट अर्को मुख्य, एक समाजबाट अर्को समाज र एक पुस्ताबाट अर्को पुस्ता साम् हस्तान्तरण हुँदै आएको अथवा मानिसले आफ्ना पुर्खाहरूको विरासतको रूपमा प्राप्त गरेको खानपान, वेशभूषा, नाचगान, बाजागाजा, धमकर्म, पूजा-अनुष्ठान, ज्ञान, सीप, कला, भाषा, साहित्य, चिन्तन-मनन, आस्था, विश्वास, मूल्य र मान्यता आदिको समष्टि स्वरुप नै संस्कृति हो । साधारण जनताले व्यवहारमा ल्याएको परम्परागत औषधिमुलो, यन्त्रविद्या अर्थात् इन्जिनियरिङ, कृषि प्रविधिसहितका लोकमा प्रचलित विविध प्रविधि, वातावरणसम्बन्धी ज्ञान, वास्तुकला, नाचगान, वाद्यवादन, अभिनय, रङ्गमञ्च, चित्रकला, साजसज्जा, आभूषण, परम्परागत ज्ञान-विज्ञान, प्रविधि, लोकउपचार, लोकयन्त्र, लोकमन्त्र, लोकतन्त्र, लोकसङ्गीत, लोकचित्रकला, लोकविश्वास, लोकसाहित्य, लोक वेशभूषा, लोकव्यवहार, लोकरीति, लोकअनुष्ठान, लोकप्रथा, लोकोक्ति इतिहासजस्ता विविध क्रियाकलापमा आधारित विषय र तिनको अध्ययन, अनुसन्धान, अभ्यास, ज्ञान तथा सीपलाई एकमुष्ट रूपमा बुझाउने शब्द **संस्कृति** हो ।

संस्कृति दुई प्रकारका हुन्छन्- मूर्त तथा अमूर्त संस्कृति जसलाई भौतिक तथा अभौतिक पनि भन्न सकिन्छ । मूर्त संस्कृतिभित्र भौतिक वस्तुहरू (देख्न र छुन सकिने) मस्जिद, मन्दिर, गुम्बा, विहार, घर, मेशीन, हातहतियार, पाटी, पोखरी, खेलमैदान आदि मानव निर्मित वस्तुहरू पर्दछन् भने अमूर्त संस्कृतिभित्र अभौतिक वस्तुहरू (देख्न र छुन नसकिने) भाषा, साहित्य, धर्म, दर्शन, विचार, आस्था, मूल्य, मान्यता, सीप, कला, नाचगान, हाँसखेल, जात्रा, पर्व, उत्सव, गीत-सङ्गीत, माया-प्रीति, रोदन-क्रन्दन, ज्ञान, विवेक, रुचि, स्वभाव आदि अमूर्त वा अभौतिक वस्तुहरू पर्दछन् ।

नेपालको सन्दर्भमा भन्ने हो भने नेपालको वास्तविक परिचय नै नेपाली संस्कृति हो । नेपालमा प्राचीन कालदेखि बसोबास गर्दै आएका विभिन्न जातजातिले प्राचीन कालदेखि निर्माण गर्दै र उपयोग गर्दै आएका प्राचीन संस्कृति लोप भएमा नेपालकै अस्तित्व लोप हुन पुग्दछ । त्यसैले नेपाली संस्कृति भन्नु नै नेपालको चिनारी हो, अस्तित्व हो । संसारभरका संस्कृति रूपास गरेर अमूर्त सांस्कृतिक सम्पदा संरक्षण गर्ने हेतुले संयुक्त राष्ट्रसंघको पच्चीसौं महासभाले ऐतिहासिक, सांस्कृतिक, सामाजिक, भाषिक र पुरातात्विक दृष्टिले उपयोगी तथा मूल्यवान् मानिने सम्पदाको विश्वव्यापी रूपमा संरक्षण गर्ने उद्देश्यले सन् २००३ मा युनेस्को महासभाले अघि सारेको महासन्धिको पक्षमा नेपालले सन् २०१० मा हस्ताक्षर गरेको थियो । उक्त महासन्धिको पक्ष राष्ट्रका हैसियतले उक्त प्रस्तावअनुरूप नेपाल सरकारले **राष्ट्रिय संस्कृति**

**नीति २०६७** पारित गरेको छ । त्यसैले नेपालले युनेस्कोको संस्कृति संरक्षणसम्बन्धी महासन्धिको मूल्य र मान्यताअनुरूप संस्कृति नीति बनाई संस्कृति संरक्षणमा जोड दिनुपर्ने हुन्छ । तर नेपालमा यस प्रकारको प्रयास खासै हुन सकिरहेको छैन । त्यसैले यही तथ्यलाई मनन् गर्दै यस कागेश्वरी मनोहरा नगरपालिकाको अमूर्त सांस्कृतिक सम्पदाहरूको अध्ययन, अनुसन्धान गरी ती सांस्कृतिक धार्मिक सम्पदाहरूलाई आर्थिक उपार्जनसँग जोडी यस नगरपालिकालाई समुन्नत बनाउने उद्देश्यले प्रस्तुत अनुसन्धान परियोजनाको प्रस्ताव अघि सारिएको हो ।

## निष्कर्ष

प्रस्तुत अध्ययनको आधारमा निष्कर्षमा के भन्न सकिन्छ भने यस कागेश्वरी मनोहरा नगरपालिकामा मुख्य रूपमा हिन्दु धर्ममा आधारित, बुद्ध धर्ममा आधारित, क्रिश्चियन धर्ममा आधारित, किरात धर्ममा आधारित र इस्लाम धर्ममा आधारित गरेर मुख्य रूपमा पाँच  प्रकारको धार्मिक, सांस्कृतिक सम्पदाहरु निर्माण भएको पाइयो । यी विभिन्न धर्मावलम्बीहरुमध्ये हिन्दु धर्मावलम्बीहरुको अन्य धर्मावलम्बीको भन्दा समुन्नत र सङ्ख्यात्मक उपस्थित पनि सबल पाइयो । जनसङ्ख्याको हिसाबले बाहुन, क्षेत्री, नेवार, तामाङ पछि पाँचौ स्थानमा रहेको राई जातिले हरेक साल उँधौली र उँभौली पर्वमा भव्य रूपमा साखेवा नाच्ने गाउने गर्ने भए पनि उनीहरुको एउटा पनि सांस्कृतिक, धार्मिक स्थल प्राप्त हुन सकेन । जनसङ्ख्याको हिसाबले चौथो स्थानमा रहेको तामाङ जातिको बौद्ध गुम्बा विहारहरु पनि अत्यन्तै न्यून सङ्ख्यामा पाइयो । यसैगरी क्रिश्चियन समुदायहरु पनि सामुहिक रूपमा भेला भएर मण्डली (चर्च) मा प्रार्थना गर्ने गरे तापनि सार्वजनिक स्थानमा चर्च निर्माण गरी प्रार्थना र कर्मकाण्ड गरेको खासै भेटिएन । दुई ठाउँमा सामुदायिक चर्च भेटिए पनि सार्वजनिक चर्च खासै भेटिएन । बरु यस कागेश्वरी मनोहरा नगरपालिकाभित्र दुई ठाउँमा इस्लाम धर्मको मस्जित भेटियो ।

यस कागेश्वरी मनोहरा नगरपालिकाको अमूर्त सांस्कृतिक सम्पदाहरूको अध्ययन, अनुसन्धानको महत्वलाई छोटकरीमा बुँदागत रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

- प्रस्तुत अनुसन्धानको आधारमा कागेश्वरी मनोहरा नगरपालिकाको सबै वडामा कुनकुन वडामा कुनकुन जाति, वर्ग र समुदायसङ्ग सम्बन्धित सांस्कृतिक, धार्मिक सम्पदाहरु छन् ? ती सम्पदाहरुको  अवस्थितिको बारेमा जानकारी प्राप्त भएको छ ।

● प्रस्तुत अनुसन्धानको आधारमा कागेश्वरी मनोहरा नगरपालिकामा बसोवास गर्ने विभिन्न जातजातिको धर्म संस्कृतिबारे जानकारी प्राप्त भएको छ ।

● प्रस्तुत अनुसन्धानको आधारमा युनेस्कोको स्थापना र संस्कृति संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको बारेमा जानकारी प्राप्त भएको छ ।

● प्रस्तुत अनुसन्धानको आधारमा स्थानीय शिक्षा नीति निर्माण गर्न, पाठ्यक्रम निर्माण गर्न, कागेश्वरी मनोहरा नगरपालिकाको वृतचित्र निर्माण गर्न, कागेश्वरी मनोहरा नगरपालिकाको योजनाहरु तर्जुमा गर्न आधार भएको छ ।

● प्रस्तुत अनुसन्धानको आधारमा कागेश्वरी मनोहरा नगरपालिकाले संस्कृति, पर्यटन,स्वरोजगार र आयआर्जनको लागि कुनकुन क्षेत्रमा लगानी गर्न उपयुक्त हुन्छ । जस्तैः कहाँ मन्दिर बनाउने, कहाँ गुम्वा बनाउने, कहाँ माङखिम बनाउने? कहाँ संग्रहालय बनाउने, कहाँकहाँ होमस्टे सञ्चालन गर्ने, कहाँ सांस्कृतिक, धार्मिक पर्यटन र विकासको पूर्वाधार निर्माण गर्ने आदि कार्यको लागि महत्वपूर्ण आधार भएको छ ।

● कागेश्वरी मनोहरा नगरपालिकामा अवस्थित धार्मिक, सांस्कृतिक, सम्पदाहरुलाई आर्थिक उपार्जनसँग जोडी यस नगरपालिकाका स्थानीय जनतालाई आर्थिक, सांस्कृतिक, सम्वृद्धि गराइनुको अतिरिक्त सांस्कृतिक, पर्यटन, धार्मिक पर्यटन प्रवर्द्धन गरी यस कागेश्वरी मनोहरा नगरपालिकालाई नेपालकै नमुना नगरपालिका बनाउन सकिने आधार प्राप्त भएको छ ।

## सुझाव

सन्सारमा धार्मिक, सांस्कृतिक पर्यटन मौलाउँदो छ । मुस्लिमको मक्कामदिना, इजरायलको प्राचीन गिर्जाघर, भारतको चारधाम, नेपालको पशुपतिनाथ, बौद्धनाथ, लुम्बिनी, खोटाङको हलेसी, सुनसरीको बराहक्षेत्र धाम, मुस्ताङको मुक्तिनाथ, प्युठानको स्वर्गद्वारी, ताप्लेजुङको पाथीभरा आदि केही उदाहरण हुन् । अबको पुस्ता पर्यटनमा रमाउन थालेका छन् । यस्तो बेला काठमाडौ नजिकै रहेको कागेश्वरी मनोहरा नगरपालिकाले आफ्ना धार्मिक, सांस्कृतिक स्थलहरुलाई सांस्कृतिक पर्यटन, धार्मिक पर्यटनसङ्ग जोडेर समृद्धिको आधार निर्माण गर्न सक्छ । कागेश्वरी मन्दिरदेखि भक्तपुरको चाँगुनारायणसम्म अनि चाँगुनाराणदेखि कागेश्वरी मनोहरा

नगरपालिकाको नुतनधाम हुँदै पशुपतिनाथसम्मको धार्मिक सर्किट निर्माण गरेर हरेक वर्ष हजारौं/लाखौं तीर्थालुहरुलाई भ्रमण गराउन सकिन्छ । भक्तपुर चाँगुनारायणसङ्ग सांस्कृतिक सम्बन्ध रहेको थुप्रै जात्रा, पर्वहरु कागेश्वरी मनोहरा नगरपालिकामा मठमन्दिरहरु छन् । तिनीहरुलाई ऐतिहासिक अध्ययन गरेर ती प्राचीन जात्रा र पर्वहरुलाई पुनरुत्थान गर्न सकिन्छ ।

नेपालका सबै धार्मिक स्थलहरुमा कागेश्वरी मनोहरा नगरपालिकाको धार्मिक, सांस्कृतिक पर्यटन क्षेत्रहरुको सूचना र सम्बन्ध स्थापित गरी व्यापक रूपमा प्रचारप्रसार गर्न सकिन्छ । कागेश्वरी मनोहरा नगरपालिकाको धार्मिक वृत्तचित्र निर्माण गरी विश्वभर प्रचारप्रसार गर्न सकिन्छ । एकै समयमा मनाइने सांस्कृतिक उत्सव र चाडपर्वहरुलाई एकै पटक हेर्न मिल्ने गरी एकीकृत धार्मिक महोत्सवको आयोजना गर्न सकिन्छ । विभिन्न समयमा धार्मिक, सांस्कृतिक मेला, उत्सव र महोत्सवको आयोजना गरी पर्यटन प्रवर्धन गर्न सकिन्छ ।

कागेश्वरी मनोहरा नगरपालिकामा मात्र भएका मठमन्दिरहरुको लोगो, व्याच, मुर्ती, कार्ड, स्टिकर, मायाको चिनो आदि निर्माण गरी विक्रीवितरण गरेर मनग्गे आम्दानी गर्न सकिन्छ । धार्मिक, सांस्कृतिक महोत्सवहरुमा आउने पाहुनाहरुलाई कागेश्वरी मनोहरा नगरपालिकामै बसाउनका लागि विभिन्न वडामा सांस्कृतिक एवम् सामुदायिक होमस्टेहरु स्थापना गर्न सकिन्छ । आफ्नो नगरपालिकाभित्र सबै धार्मिक, सांस्कृतिक स्थलहरुमा पुग्ने गरी एउटै सडक संजाल जोडेर पर्यटन विस्तार र बजारीकरण गर्न सकिन्छ ।

**सन्दर्भ ग्रन्थसूचीः**

राई, रामचन्द्र, (२०६६), **प्राचीन किरातहरूले छाडेका सम्पदाहरू,** काठमाडौं : यशोदा खापुङ ।

राई, भक्त, (२०६६), "राई जातिमा प्रचलित लोकगीत", **गरिमा,** ललितपुर : साझा प्रकाशन, वर्ष २७, अङ्क ३, पूर्णाङ्क ३१, फाल्गुन, पृ. १०६-१०९ ।

रावल, बेनी जङ्गम, (२०६३), **सन्दर्भ : लोकगीतका,** काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेशन ।

रिमाल, प्रदीप, (२०२८), **कर्णाली लोकसंस्कृति,** खण्ड-५, साहित्य, सङ्गीत, कला, काठमाडौं : नेपाल राष्ट्रिय प्रज्ञा प्रतिष्ठान ।

वर्मा, धिरेन्द्र, (सन् १९२०), हिन्दी साहित्यकोष, भाग १, दो.सं., वाराणसी : ज्ञानमण्डल लि.

शर्मा, मोहनराज र खगेन्द्र लुइटेल, (२०६३), **लोकवार्ताविज्ञान र लोकसाहित्य,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

राई, भक्त, केपिलासगढी गाउँपालिकाको बृहत् सांस्कृतिक अध्ययन, २०७७ -

राई, भक्त, टेम्केमैयुङ गाउँपालिकामा अवस्थित धार्मिक, सांस्कृतिक स्थलहरुको अध्ययन, २०७८-

राई, भक्त, टेम्केमैयुङ गाउँपालिकाको बृहत् सांस्कृतिक अध्ययन, २०७८

राई, भक्त, तानसेन नगरपालिकाको बृहत् सांस्कृतिक अध्ययन, २०७८

राई, भक्त, खोटेहाङ गाउँपालिकाको बृहत् सांस्कृतिक अध्ययन, २०७९

कागेश्वरी मनोहरा नगरपालिकाबाट प्रकाशित सामग्रीहरु र नगरपालिकाको ओएब साइड


## परिशिष्ट भागः

## परिशिष्ट एकः अनुसन्धानसङग सम्बन्धित तस्बिरहरु









कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर १ अन्तगर्त कागेश्वरी मन्दिरको स्थलगत अनुसन्धान गर्दै बरिष्ठ संस्कृतिबिद् भक्त राई र गीता कार्की ।

वडा नम्बर १ रहेका धार्मिक, सांस्कृतिक स्थलहरुका तस्बिरहरु :









कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर १ गागलफेंदीस्थित सेतीदेवी मन्दिर ।





कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर १ गागलफेंदीस्थित सिकारीदेवी/ शिवकाली मन्दिर ।





कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर १ गागलफेंदीस्थित दोलखा भीमसेन मन्दिर ।





कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर १ गागलफेंदीस्थित सिद्धिगणेश मन्दिर ।










कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर १ गागलफेदी अधिआरी गाउँस्थित मणिलिङ्गेश्वर मन्दिर ।






कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर १ पुवार गाउँस्थित कृष्ण मन्दिर ।

कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर १ गागलफेदी स्थित पारखीदेवी मन्दिर ।




कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर १ सुवेदी गाउँस्थित भीमेश्वर मन्दिर ।






कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर १ ठुलाढिकस्थित महाकाली मन्दिर ।



कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर १ ठुलाढिकस्थित घिमिरे थापाको कुलायन मन्दिर ।



कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर १ सुवेदी गाउँस्थित  रामजानकी मन्दिर ।



कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर १ ढकाल गाउँस्थित निङ्मा पाल्युल बौद्ध विद्यालय ।

### वडा नम्बर २ रहेका धार्मिक, सांस्कृतिक स्थलहरुका तस्बिरः







कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर २ आलापोटस्थित वडा कार्यालयमा वडा अध्यक्ष सुरज खड्का, वडा सदस्य तथा अन्य जानकार व्यक्तिहरुसङ्ग विभिन्न मठमन्दिर सम्बन्धी छलफल गर्दै ।






कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर २ आलापोटस्थित गणेश मन्दिर ।




**कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर २ आलापोटस्थित नाथेश्वरी/ नाटेश्वरी मन्दिर ।**





**कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर २ आलापोटस्थित इट्टादेवी मन्दिर ।**




**कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर २ आलापोटस्थित पान्चायन मन्दिर ।**




कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर २ सूर्यमण्डलीमा अवस्थित गणेश मन्दिर ।




कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर २ अवस्थित शिव मन्दिर ।




कागेश्वरी मन्दिर व्यवस्थापन समितिको अध्यक्ष सङ्ग अन्तर्वार्ता लिदै ।

## वडा नम्बर ३ रहेका धार्मिक, सांस्कृतिक स्थलहरुका तस्बिरः




कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ३ वडा कार्यालयमा वडा अध्यक्ष राममणि पुडासैनी, वडा सदस्य तथा अन्य जानकार व्यक्तिहरुसङ्ग ,वडा नम्बर तीनमा भएका विभिन्न मठमन्दिर सम्बन्धी छलफल गर्दै ।




मनोहरा नगरपालिका वडा नम्बर ३ भद्रवासस्थित गणेश मन्दिर ।



कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ३ भद्रवासस्थित जग्रेश्वर मन्दिर ।



कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ३ भद्रवासस्थित भीमसेन मन्दिर ।




कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ३ भद्रवासस्थित सरस्वती मन्दिर ।



कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ३ भद्रवासस्थित भद्रेश्वर  मन्दिर ।




कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ३ भद्रवासस्थित पाथीभरा मन्दिर ।




कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ३ भद्रवासस्थित जग्रेश्वर  मन्दिर ।




कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ३ भद्रबास थापागाउँस्थित पन्चकन्या मन्दिर ।




कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ३ थापाडाँडास्थित राधाकृष्ण मन्दिर ।

वडा नम्बर ४ रहेका धार्मिक, सांस्कृतिक स्थलहरुका तस्बिरः




कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ४ वडा कार्यालयमा वडा अध्यक्ष धन श्रेष्ठ, वडा सदस्य तथा अन्य जानकार व्यक्तिहरुसङ्ग ,वडा नम्बर चारमा भएका विभिन्न मठमन्दिर सम्बन्धी छफलल गर्दै ।




कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ४ नयाँगाउँस्थित मन्दिर ।




कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ४ स्थित भकुण्डेश्वर मन्दिर ।









कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ४ स्थित लक्ष्मीहयग्रीव मन्दिर ।





कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ४ स्थित कोलमतेश्वर मन्दिर ।

**वडा नम्बर ५ रहेका धार्मिक, सांस्कृतिक स्थलहरुका तस्बिरः**




कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ५ वडा कार्यालयमा वडा अध्यक्ष शङ्कर पाण्डे, वडा सदस्य तथा अन्य जानकार व्यक्तिहरुसङ्ग ,वडा नम्बर ५ मा भएका विभिन्न मठमन्दिर सम्बन्धी छफलल गर्दै ।




कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ५ थलीस्थित ऐतिहासिक अभिलेख स्तम्भ ।




कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ५ थलीस्थित मुक्तेश्वर महादेव ।






कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ५ थलीस्थित महायान विहार ।






कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ५ स्थित खत्री टोलमा रहेको कल्छीदेवी मन्दिर ।




कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ५ नेवार टोल⁄ बालकुमारी मार्गस्थित बालकुमारी मन्दिर ।




कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ५ गजरकोटस्थित पलान्चोक भगवती मन्दिर ।




कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ५ थलिस्थित आकाशदेवी मन्दिर ।




कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ५ थलिस्थित अर्ध नारीश्वर/ जलकाली मन्दिर ।

**वडा नम्बर ६ रहेका धार्मिक, सांस्कृतिक स्थलहरुका तस्बिरः**




कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ६ वडा कार्यालयमा निमित्त वडा अध्यक्ष विकाश केसी, अन्य वडा सदस्य तथा अन्य जानकार व्यक्तिहरुसङ्ग ,वडा नम्बर ६ मा भएका विभिन्न मठमन्दिर सम्बन्धी छलफल पश्चात ।




कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ६ गजुर डाँडामा अवस्थित काशी विश्वनाथ मन्दिर ।




कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ६ मा अवस्थित नवदुर्गा मन्दिर ।




कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ६ मा अवस्थित लक्ष्मीनारायण मन्दिर ।





कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ६ मा अवस्थित शिवपान्चायन मन्दिर ।




कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ६ मा अवस्थित रामजानकी मन्दिर ।






कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ६ मा अवस्थित शिव/मन्दिर / सापकोटाको कुलायन मन्दिर ।





कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ६ मा रहेको तोफायन मन्दिर ।





कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ६ कृकेट डाँडामा रहेको नागेश्वर मन्दिर ।









कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ६ मा रहेको हर्षेश्वर महादेव मन्दिर ।









कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ६ मा रहेको नागेश्वर मन्दिर ।









कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ६ कृकेट डाँडामा रहेको मनकामना मन्दिर ।












कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ६ दक्षिण ढोकामा रहेको उमर मस्जित ।

**वडा नम्बर ७ रहेका धार्मिक, सांस्कृतिक स्थलहरुका तस्बिरः**





कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ७ वडा कार्यालयमा निमित्त वडा अध्यक्ष भक्त थापा, अन्य वडा सदस्य तथा अन्य जानकार व्यक्तिहरुसङ्ग ,वडा नम्बर ७ मा भएका विभिन्न मठमन्दिर सम्बन्धी छलफल गर्दै ।









कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ७ रहेको गीता/ सोमतीर्थ मन्दिर ।





कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ७ मा रहेको राधाकृष्ण मन्दिर ।






कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ७ गोठाटारमा रहेको हरहर महादेव ।





कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ७ गोठाटारमा रहेको सिद्धि विनायक ।





कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ७ गोठाटारमा शक्तिविनायक/ गणेश पान्चायन ।






कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ७  स्थित मुक्तिनाथ मन्दिर ।



वडा नम्बर ७ गोठाटार चोकमा स्थित हरहरमहादेव मन्दिर ।


## वडा नम्बर ८ रहेका धार्मिक, सांस्कृतिक स्थलहरुका तस्बिरः





कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ७८ वडा कार्यालयमा वडा अध्यक्ष हरिभक्त पुडासैनी अन्य वडा सदस्य तथा अन्य जानकार व्यक्तिहरुसङ्ग ,वडा नम्बर ८ मा भएका विभिन्न मठमन्दिर सम्बन्धी छलफल गर्दै ।










कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ८ मुलपानीस्थित गौरीनाथ महादेव मन्दिर ।





कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ८ मा रहेको तेज विनायक मन्दिर ।









कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ८ मा रहेको कालीमाता / रामजानकी मन्दिर ।











कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ८ मा रहेको आसापुरी/ आसापुरेश्वर मन्दिर ।







कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ८ मा रहेको कृष्ण प्रणामी नवतन धाम मन्दिर ।









कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ८ मा रहेको वीरभद्र पोखरी/ मन्दिर ।





कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ८ मा रहेको सीताराम रामेश्वर धाम ।

## वडा नम्बर ९ रहेका धार्मिक, सांस्कृतिक स्थलहरुका तस्बिरः




कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ९ वडा कार्यालयमा वडा अध्यक्ष अनिल थापा, अन्य वडा सदस्य तथा अन्य जानकार व्यक्तिहरुसङ्ग ,वडा नम्बर ९ मा भएका विभिन्न मठमन्दिर सम्बन्धी छफलल गर्दै ।





कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ९ मा रहेको बिन्ध्यावासिनी मन्दिर थापागाउँ ।




कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ९ मा रहेको कृष्ण प्रणामी मन्दिर ।




कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ९ मा रहेको काली मन्दिर ओपिटार ।




कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ९ मा रहेको कोटिश्वर महादेव र ऐ(तिहासिक शिलालेख ।




कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ९ नर्सरी मोडमा रहेको हनुमान मन्दिर ।




कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ९ ॐ पुकारेश्वर शिव मन्दिर ।




कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ९ मा अवस्थित महासिद्धकाली मन्दिर ।




कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ९ मा अवस्थित शिव मन्दिर कमलथली ।




कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ९ मा अवस्थित कुसेश्वर महादेव ।



कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ९ मा रहेको कोटिश्वर महादेव ।




कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ९ वीरेन्द्र चोकमा अवस्थित सप्तेश्वर महादेव ।




कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ९ मा अवस्थित शिव मन्दिर कमलथली ।





कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ९ गान्धी मोडमा रहेको मस्जित ।

## परिशिष्ट दुईः प्रश्नावली, अन्तर्वार्ता लिइएका सूचनादाता/विज्ञहरुको नामावलीहरुः

| नाम | पेसा | उमेर | वडा नम्बर |
|---|---|---|---|
| कुमारध्वज खड्का | वडा सदस्य | ५६ | १ |
| रामेश्वर चालिसे | कागेश्वरी मन्दिरको पुजारी | ५५ | १ |
| मणिराम अधिकारी | कागेश्वरी म.व्य.स.को अध्यक्ष | ६८ | १ |
| घनश्याम अर्याल | समाजसेवा | ७१ | १ |
| सत्यनारायण श्रेष्ठ | समाजसेवा | ६७ | १ |
| कृष्ण प्रसाद उपाध्याय | कृष्ण मन्दिरका पुजारी | ७९ | १ |
| माधव कार्की | समाजसेवा | ५७ | १ |
| विवेक पोखेल | भीमेश्वर मन्दिरका पुजारी | ६८ | १ |
| भक्तलाल नगरकोटी | नाथेश्वरी मन्दिरको अध्यक्ष | ५८ | २ |
| श्याम खड्का | समाजसेवी | ५६ | २ |
| मणिराम पुडासैनी | वडा अध्यक्ष | ५६ | ३ |
| हरिकृष्ण नगरकोटी | गणेश मन्दिर व्य. स. सचिव | ५५ | ३ |
| पुष्कर पौडेल | जग्रेश्वर व्य. स. अध्यक्ष | ७२ | ३ |
| सूर्य बहादुर श्रेष्ठ | पुजारी | ५४ | ३ |
| रामशरण प्याकुरेल | समाजसेवी | ५९ | ३ |
| माधव प्रसाद पुडासैनी | व्य. स. अध्यक्ष | ६५ | ३ |
| विश्वास पुडासैनी | पुजारी | ४३ | ३ |
| पुष्पराज पुडासैनी | समाजसेवी | ५१ | ३ |
| भक्त बहादुर श्रेष्ठ | पुजारी | ६१ | ३ |

| | | | |
|---|---|---|---|
| रामहरि शर्मा | समाजसेवी | ७१ | ३ |
| उपेन्द्र नेपाल | समाजसेवी | ५८ | ३ |
| धन श्रेष्ठ वडा | अध्यक्ष | ५६ | ४ |
| मनिश पुडासैनी | पुजारी | २५ | ४ |
| स्वामी जगदीश प्रपन्नाचार्य | पुजारी | ५० | ४ |
| शङ्कर पाण्डे | वडा अध्यक्ष | ५८ | ५ |
| महेश पराजुली | समाजसेवी | ७० | ५ |
| श्रीधर पराजुली | समाजसेवी | ५५ | ५ |
| गोवर्द्धन थापा | समाजसेवी | ९५ | ५ |
| साजन श्रेष्ठ | समाजसेवी | ३४ | ५ |
| अच्युत भुर्तेल | समाजसेवी | ६५ | ५ |
| लक्की केसी | समाजसेवी | ७१ | ५ |
| कन्या लामा | शिक्षिका | ३६ | ५ |
| विकास केसी | वडा सदस्य | ५१ | ६ |
| पवित्रा हुमागाइँ | गृहणी | ५८ | ६ |
| केशव ढकाल | पुजारी | ५७ | ६ |
| शिव प्रसाद ढकाल | शिव पान्चायन पुजारी | ४६ | ६ |
| उद्धव प्रसाद न्यौपाने | रामजानकी मन्दिरको पुजारी | ६७ | ६ |
| गोपाल सापकोटा | समाजसेवी | ६२ | ६ |
| गीता गौतम | व्य. स. अध्यक्ष | ४६ | ६ |
| विमल खनाल | समाजसेवी | ५६ | ६ |

| | | | |
|---|---|---|---|
| तीर्थराज रोका | व्य. स. अध्यक्ष | ५७ | ६ |
| मुरारी प्रसाद फुयाल | समाजसेवी | ८० | ६ |
| डबल गुरुङ | समाजसेवी | ६४ | ६ |
| विमला दाहाल | व्य.स. अध्यक्ष | ४७ | ६ |
| युव आलम | मस्जिद प्रमुख | ५६ | ६ |
| महेश्वर थापा | समाजसेवी | ५७ | ७ |
| तीर्थ थापा | समाजसेवी | ५९ | ७ |
| कृष्ण भक्त न्यौपाने | व्य. स. अध्यक्ष | | ७ |
| जीवन थापा | पूर्व व्य. स. अध्यक्ष | ६१ | ७ |
| दीपक केसी | व्य. स. अध्यक्ष | ५८ | ७ |
| कुमार न्यौपाने | पुजारी | ४८ | ७ |
| मीना पुरी | व्य. स. अध्यक्ष | ५३ | ७ |
| दिलकृष्ण आचार्य | पुजारी | ५० | ७ |
| जमुना कार्की | हारती माँ | ६५ | ८ |
| उद्धव दाहाल | समाजसेवी | ६१ | ८ |
| कृष्ण भक्त श्रेष्ठ | पूर्वशिक्षक | ९० | ८ |
| रमेश खनाल | पुजारी | ४१ | ८ |
| कृष्णप्रसाद देवकोटा | कार्यालय सचिव | ५३ | ८ |
| शङ्कर रिजाल | व्य. स. सदस्य | ५४ | ८ |
| राजाराम पुडासैनी | व्य. स. पूर्वअध्यक्ष | ५६ | ८ |
| अनिल थापा | वडा अध्यक्ष | | ९ |

| | | | |
|---|---|---|---|
| लक्ष्मण सन्जेल | व्य. स. सचिव | ५३ | ९ |
| कल्याण पुडासैनी | व्य. स. सदस्य | ५४ | ९ |
| सुनिल दाहाल | समाजसेवी | ४९ | ९ |
| ज्ञान बहादुर खड्का | व्य. स. अध्यक्ष | ६२ | ९ |
| विष्णु राम थापा | व्य. स. अध्यक्ष | ५९ | ९ |
| रामेश्वर आचार्य | व्य. स. अध्यक्ष | ६४ | ९ |
| भरत दाहाल | व्य. स. पूर्वअध्यक्ष | ५८ | ९ |

**परिशिष्ट चारः अन्तर्वार्ता र प्रश्नावलीको ढाँचा**

**धार्मिक, सांस्कृतिक सम्पदाको स्थलगत अध्ययनका लागि सोधिने प्रश्नावलीको ढाँचा**

यो धार्मिक स्थल कुन धर्म, सम्प्रदायसङ्ग सम्बन्धित छ?

यो धार्मिक स्थलको स्थापना कहिले र कसले गरेको हो?

यो धार्मिक स्थल भएको ठाउँको नाम र ठेगाना के हो?

यो धार्मिक स्थलको नाम कसरी रहन गयो?

यो धार्मिक स्थलको ऐतिहासिक, सांस्कृतिक कथनहरु के छन् ?

यो धार्मिक स्थलसङ्ग सम्बन्धित अभिलेख, शिलालेख, ताडपत्र, ताम्रपत्र, ग्रन्थ, स्मारिका, लेख, वृत्तचित्र, चलचित्र आदि केकस्ता दस्तावेज र सामग्री पाइन्छ ?

यो धार्मिक स्थलबारेमा हालसम्म कुनै प्रकारको अध्ययन, अनुसन्धान भएको छ कि छैन ? छ भने कसले, कहिले गर्यो?

यो धार्मिक स्थलको मुख्य देवी/देवता/ शक्ति को हुन् ?

यो धार्मिक स्थलमा कहिले, कसरी र कोद्वारा पूजा/अनुष्ठान गरिन्छ?

यो धार्मिक स्थलमा किन र केको लागि पूजा, अनुष्ठान गरिन्छ?

यो धार्मिक स्थलमा कुन समयमा विशेष पूजाअनुष्ठान गरिन्छ?

यो धार्मिक स्थलमा कस्ताकस्ता भक्तजनहरु कुनकुन स्थानबाट आउँछन् ?

यो धार्मिक स्थलको धार्मिक, सांस्कृतिक दृष्टिकोणले के महत्त्व छ?

यो धार्मिक स्थलको आम्दानीको स्रोत के हो ? वा कसरी यो सम्पदा सञ्चालन भईरहेको छ?

यो धार्मिक स्थलको सञ्चालक समिति वा व्यवस्थापन समितिको व्यवस्था र अवस्था कस्तो छ?

यो धार्मिक स्थलको सञ्चालनको लागि स्थानीय जनता, आन्तरिक तथा बाह्य पर्यटक, सरकारी, गैरसरकारी संघसंस्थाको सहयोग र सहभागिता कस्तो छ?

यो धार्मिक स्थलको जग्गा, भवन, कोष, चलअचल सम्पत्ति केकति छन् ?

यो धार्मिक सम्पदाले स्थानीय समुदायमा केकस्ता प्रभाव पारेका छन् ?

यो धार्मिक स्थलमा युवा पुस्ताको सहयोग र सहभागिता केकस्तो छ?

यो धार्मिक स्थललाई अझ व्यवस्थित र विस्तार गर्न केकस्तो योजना र चाहना (माग) छ?

या धार्मिक स्थललाई दीर्घकालीन संरक्षणका लागि केकस्तो योजनाको तर्जुमा गरिएको छ?

**कागेश्वरी मनोहरा नगरपालिकामा अवस्थित धार्मिक, सांस्कृतिक स्थलहरुको अध्ययन परियोजना -२०८३**

**परिशिष्ट पाँच : अमूर्त सांस्कृतिक सम्पदा संरक्षणसम्बन्धी महासन्धि**

# अमूर्त सांस्कृतिक सम्पदा संरक्षणसम्बन्धी महासन्धि, सन् २००३

संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन यसपछि युनेस्को भनिएको, २९ सेप्टेम्वर देखि १७ अक्टोवर २००३ सम्म पेरिसमा सम्पन्न ३२ औं साधारण सभाले, प्रचलित अन्तर्राष्ट्रिय मानवअधिकार संयन्त्रहरू, खास गरी मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणा, १९४८, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को सन्दर्भमा, १९८९ को परम्परागत संस्कृति तथा लोकवार्ताहरूको संरक्षणसम्बन्धी युनेस्कोको सिफारिस २००१ को सांस्कृतिक विविधतासम्बन्धी युनेस्को विश्वव्यापी घोषणा र संस्कृति मन्त्रीहरूको तेस्रो गोलमेच बैठकद्वारा पारित २००२ को इस्तानबुल घोषणामा आत्मसात् भए अनुरूप सांस्कृतिक विविधताको मूल प्रवाह तथा दिगो विकासको सुनिश्चितताको रूपमा अमूर्त सांस्कृतिक सम्पदाको महत्वलाई विचार गर्दै, भूमण्डलीकरण तथा सामाजिक रूपान्तरणका प्रक्रियाहरूका

साथै यस समुदायहरूबीचमा संवादको नवीकरणका लागि सिर्जना गर्ने अवस्थाहरूले असहिष्णुताको प्रक्रियाले जस्तै, अमूर्त सांस्कृतिक सम्पदाको क्षयीकरण, लोप र विनासमा, खासगरी त्यस्ता सम्पदाको सुरक्षणको लागि आर्थिक स्रोतहरूको अभावलाई निम्त्याएर, गम्भीर आँच पुऱ्याउनमा प्रोत्साहन दिने कुरा स्वीकार गर्दै, मानवताको अर्मूत सांस्कृतिक सम्पदाको संरक्षणमा विश्वव्यापी चासो तथा साझा सरोकारका बारेमा जागरुक रही, अमूर्त सांस्कृतिक सम्पदाको उत्पन्न, सुरक्षा, जगेर्ना तथा पुनरुत्पादनमा त्यस्तो समुदायहरू, खासगरी आदिवासी समुदायहरू, समुहहरू एवम् केही प्रश्नहरूमा व्यक्तिहरूले महत्वपूर्ण भूमिका निर्वाह गर्दछन्, यसरी सांस्कृतिक विविधता एवम् मानव सिर्जनात्मकतालाई सम्वृद्ध गर्न सहयोग पुऱ्याइरहेका छन् भन्ने कुरालाई स्वीकार गर्दै, सांस्कृतिक सम्पदाको संरक्षणको निमित्त अनुकरणीय संयन्त्रहरू स्थापना युनेस्कोको क्रियाकलापको दुरगामी प्रभाव, खासगरी १९७२ को विश्व सांस्कृतिक एवम् प्राकृतिक सम्पदा संरक्षणसम्बन्धी महासन्धिको स्मरण गर्दै, यस अमूर्त सांस्कृतिक सम्पदाको संरक्षणको लागि अन्य कुनै बन्धनकारी बहुपक्षीय संयन्त्रहरू अस्तित्वमा नरहेको परिप्रेक्ष्यलाई स्मरण गर्दै, सांस्कृतिक तथा प्राकृतिक सम्पदासँग सम्बन्धित विद्यमान अन्तर्राष्ट्रिय सम्झौताहरू, सिफारिसहरू तथा संकल्प प्रस्तावहरू सांस्कृतिक सम्पदासँग सम्बन्धित नयाँ प्रावधानहरूद्वारा प्रभावकारी ढङ्गले सम्बृद्ध एवम् पूरा गर्नुपर्ने आवश्यकतालाई महसुस गर्दै, अर्मूत सांस्कृतिक सम्पदाको महत्व तथा यसको संरक्षणको, नया पुस्ताहरूका बीचमा, व्यापक जनचेतना स्थापित गर्नुपर्ने आवश्यकतालाई विचार गर्दै, अन्तर्राष्ट्रिय समुदायले यस महासन्धिको पक्षराज्यहरूसँग मिलेर त्यस्ता सम्पदाको संरक्षण गर्न सहयोगात्मक र आपसी मद्धतको भावनाले योगदान पुऱ्याउनु पर्दछ भन्ने कुरालाई मनन गर्दै,अर्मूत सांस्कृतिकसम्पदासँग सम्बन्धित युनेस्कोका कार्यक्रमहरू, खासगरी मावनताका मौखिक एवम् अमूर्त सम्पदाको उत्कृष्टम् रचनाहरूको घोषणालाई स्मरण गर्दै, मानवहरूलाई नजिक ल्याउन र तिनीहरूबीच आदान-प्रदान एवम् समझदारी सुनिश्चित गर्नमा अमूर्त सांस्कृतिक सम्पदाको अमूल्य भूमिका एक कारक रहेको कुरालाई विचार गर्दै अक्टुवर १७ तारेख २००३ मा यो महासन्धि अङ्गीकार गरिन्छ ।

## एक सामान्य व्यवस्थाहरू

### धारा १ : महासन्धिका उद्देश्यहरू

यस महासन्धिका उद्देश्यहरू निम्न छन् :

(क) अर्मूत सांस्कृतिक सम्पदा संरक्षण गर्नु

(ख) सम्बद्ध समुदाय, समूह तथा व्यक्तिहरूको अमूर्त सांस्कृतिक सम्पदाप्रतिको सम्मान सुनिश्चित गर्नु

(ग) स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा अर्मूत सांस्कृतिक सम्पदाको महत्वको बारेमा जनचेना जगाउनु, तथा तिनका एक आपसमा कदरको सुनिश्चितता गर्नु

(घ) अन्तर्राष्ट्रिय सहयोग तथा सहायता उपलब्ध गराउनु ।

**धारा २ : परिभाषाहरू**

यस महासन्धिको प्रयोजनका लागि,

१."अमूर्त सांस्कृतिक सम्पदा" भन्नाले प्रचलनहरू, प्रतिनिधित्वहरू, अभिव्यक्तिहरू, ज्ञान, सिपहरू, साथसाथै साधनहरू, वस्तुहरू कला वस्तुहरू र त्यससँग जोडिएका सांस्कृतिक स्थलहरू, जसलाई ती समुदायहरू, समूहहरू तथा कतिपय अवस्थामा व्यक्तिहरू, समेतले सांस्कृतिक सम्पदाको अङ्गको रूपमा चिनारी गरिरहेका हुन्छन् तिनलाई बुझ्नु पर्दछ । यो अमूर्त सांस्कृतिक सम्पदा, एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुँदै, समुदायहरू र समुहहरूद्वारा तिनीहरूको वातावरण, प्रकृति तथा तिनका इतिहाससँगको अन्तरक्रियाको प्रत्युत्तरमा निरन्तर रूपमा पुनरुत्पादन हुन्छ, तथा तिनीहरूलाई परिचय र निरन्तरताको एउटा अनुभूति प्रदान गर्दछ, यसरी सांस्कृतिक विविधता तथा मानव सिर्जनात्मकता प्रतिको सम्मानलाई प्रवर्द्धन गरिहेको हुन्छ। यस महासन्धिको प्रयोजनका लागि केवल त्यस्ता अमूर्त सांस्कृतिक सम्पदाहरूलाई मात्र ध्यान दिइनेछ, जो विद्यमान अन्तर्राष्ट्रिय मानवअधिकार संयन्त्रहरूसँग, साथसाथै समुदायहरू, समूहहरू तथा व्यक्तिहरूका बीचमा आपसी सम्मान तथा दिगो विकासका आवश्यकतासँग मेल खान्छन् ।

२.माथि परिच्छेद १ मा परिभाषित गरिएअनुसार, "अमूर्त सांस्कृतिक सम्पदा" लाई अरूमध्ये निम्न विधाहरूअन्तर्गत समेट्न सकिन्छ :

(क) अर्मूत सांस्कृतिक सम्पदाको संवाहकको रूपमा भाषासहितका मौखिक परम्पराहरू तथा अभिव्यक्तिहरू,

(ख) अभिनय कलाहरू

(ग) सामाजिक व्यवहारहरू, अनुष्ठानहरू तथा चाडपर्वका उत्सवहरू

(घ) प्रकृति र ब्रह्माण्डसँग सम्बन्धित ज्ञान तथा व्यवहारहरू,

(ङ) परम्परागत कलाकौशलता ।

३. "संरक्षण" भन्नाले अमूर्त सांस्कृतिक सम्पदाको जीवनततालाई सुनिश्चित गर्न लक्षित उपायहरू, खास गरी औपचारिक तथा औपचारिक शिक्षाको माध्यमद्वारा तिनको चिनारी, अभिलेखीकरण, अनुसन्धान, संरक्षण, सुरक्षा, प्रवर्द्धन, अभिवृद्धिकरण, हस्तान्तरणलगायत त्यस्तो सम्पदाको विविध पक्षहरूको पुनर्जीवनीकरणलाई समेत सम्झनु पर्दछ ।

४."पक्ष राज्यहरू" भन्नाले यस महासन्धिद्वारा अनुबन्धित राज्यहरू तथा जहाँ यो महासन्धि धारा ३३ मा उल्लेख गरिएको त्यस्ता महासन्धिको पक्ष बन्न पुगको हुन्छ । त्यस सीमासम्ममा "पक्ष राज्यहरू" भन्नाले अभिव्यक्तिले त्यस्ता भू-भागहरू समेतलाई जनाउनेछ ।

**समाप्त**